## मन्थली नगरपालिकाको

# वार्षिक प्रगति प्रतिवेदन

## आ. व. ०७६/०७७




## मन्थली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल






## मन्थली नगरपालिकाको

# वार्षिक प्रगति प्रतिवेदन

### आ. व. ०७६/०७७

## मन्थली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मन्थली रामेछाप,

बागमती प्रदेश, नेपाल

**संरक्षक**

**रमेश कुमार बस्नेत**
नगर प्रमुख

**सल्लाहकार**

**माया कुमारी कार्की**
(नगर उप-प्रमुख)
**लिलाराज पौडेल**
(प्रमुख प्रशासकीय अधिकृत)

**सम्पादन मण्डल**

**हेमन्त कुमार बुढाथोकी** - उपसचिव प्रा
**हरि बहादुर खपाङ्गी** - लेखा अधिकृत, सातौं
**विजय लुइटेल** - लेखा अधिकृत, छैठौं
**निरोज खड्का** - आन्तरिक लेखा परीक्षक
**रोशन पोखरेल** - कम्प्यूटर अपरेटर
**ज्ञानेन्द्र काफ्ले** - सहायकस्तर

**प्रकाशक:** मन्थली नगरपालिका
**प्रकाशन प्रति:** ३००
**प्रकाशन मिति:** २०७७ मंसिर

© मन्थली नगरपालिका

सम्पर्क नः ०४८-५४०११२, ०४८-५४०५३२
फ्याक्सः ९७७-४८-५४०११२
वेवसाइटः www.manthalimun.gov.np

मुद्रणः एम.एस. प्रिन्टिङ्ग सोलुसन, कोटेश्वर, काठमाडौं

# नगर कार्यपालिकाका सदस्यहरू



**रमेश कुमार बस्नेत**
नगर-प्रमुख



**माया कुमारी कार्की**
उप-प्रमुख



**नारायण दास श्रेष्ठ**
वडा अध्यक्ष-१



**तरणी शकर अधिकारी**
वडा अध्यक्ष-२



**केशव कुमार रोका**
वडा अध्यक्ष-३



**विरेन्द्र कुमार बज्राचार्य**
वडा अध्यक्ष-४



**राम बहादुर कार्की**
वडा अध्यक्ष-५



**गोपाल बहादुर माझी**
वडा अध्यक्ष-६



**सुदर्शन प्रसाई**
वडा अध्यक्ष-७



**राजकुमार श्रेष्ठ**
वडा अध्यक्ष-८



**बुद्दी ब. पुलामी मगर**
वडा अध्यक्ष-९



**भरत बहादुर बोहोरा**
वडा अध्यक्ष-१०



**भिम ब. थापा मगर**
वडा अध्यक्ष-११



**कृष्णहरी अधिकारी**
वडा अध्यक्ष-१२



**राजेन्द्र चौहान**
वडा अध्यक्ष-१३



**भरत सिंह वाईवा**
वडा अध्यक्ष-१४



**यशोदा श्रेष्ठ**
कार्यपालिका सदस्य
महिला सदस्य



**विमला रम्तेल**
कार्यपालिका सदस्य
महिला सदस्य



**ममिता श्रेष्ठ**
कार्यपालिका सदस्य
महिला सदस्य



**शान्तिमाया तामाङ थापा**
कार्यपालिका सदस्य
महिला सदस्य



**हिरा कुमारी गिरि**
कार्यपालिका सदस्य
महिला सदस्य



**उद्दव रम्तेल**
कार्यपालिका सदस्य
दलित सदस्य



**निरमान माझी**
कार्यपालिका सदस्य
अल्पसंख्यक सदस्य



**श्री बहादुर माझी**
कार्यपालिका सदस्य
अल्पसंख्यक सदस्य

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली,रामेछाप

बागमति प्रदेश,नेपाल

फोन.नः ०४८-५४०११२

०४८-५४०५९८



## शुभकामना

जनताको पहुँचको हिसावले सबैभन्दा नजिकको सरकार स्थानीय सरकार भएकाले जनअपेक्षा, राज्यका रणनैतिक योजनाहरु, दिगो विकास लक्ष्य, संघीय सरकार र प्रदेश सरकारको निती अनुरुप सुखी नेपाली समृद्ध नेपाल निर्माणको दिशामा कार्य सम्पादन गर्नु स्थानीय सरकारको सबै भन्दा महत्वपूर्ण कार्यभार हो । मन्थली नगरपालिकाले पनि प्रचलित ऐन कानुनको परिधीमा रही उपलब्ध श्रोत र साधनको अधिकतमा प्रयोग गरी नगरवासीका आवश्यकताका आधारमा नगरसभाबाट वार्षिक नीति तथा कार्यक्रम पारित गरी सोही नीति तथा कार्यक्रम अनुरुप आफ्नो कार्य सम्पादन गर्दै आइरहेको छ ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको महामारीको प्रभावबाट मन्थली नगरपालिका पनि अछुतो रहन सकेको छैन । कोरोना भाइरसको महामारीको रोकथाम, नियन्त्रण र संक्रमण देखिएका नगरवासीको उपचार लगायतका कार्यको व्यवस्थापन गर्ने, सम्भावित जोखिममा रहेका नगरवासीको परीक्षण गराउने दायित्व पुरा गरिदै आइएकै छ । कोरोना भाइरसको महामारीबाट जोखिममा रहेका नगरवासीलाई जोखिमबाट वचाउदै कोरोना महामारीका कारण रोजगारी गुमाउन पुगेका नगरवासीको व्यवस्थापन गर्ने, लामो समयको बन्दाबन्दीका कारण संकटमा परेका उद्योगी व्यवसायी, पशुपालक कृषकहरुलाई राहतको व्यवस्थापन गर्ने कार्य हाल स्थानीय सरकारको पहिलो प्राथमिकतामा परेको छ ।यस वाहेक क्रमागत रुपमा सञ्चालनमा रहेका नगर गौरवका आयोजना, वडा टोलवासीका मागका आधारमा प्राथमिकतामा परेका योजनाहरु समयमा नै सम्पन्न गर्ने दायित्वबाट पनि पन्छिने अवस्था हुदैन ।महामारीका वहानामा सम्वृद्ध नेपाल निर्माणको यात्रा रोकिनु हुन्न भन्ने मान्यता रहदै आएको छ । यसबाट सृजित चुनौतीलाई अवसरको रुपमा वदलेर स्थानीय आवश्यकता र निर्माण कार्यलाई सहज बनाउदै अघि वढ्नुको विकल्प छैन ।

मुलुकमा संघियताको कार्यान्वियनको क्रममा संघिय सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा समग्र नगरको विकासका लागि आफ्नो कार्यक्षेत्रको प्रयोगमा आवश्यक ऐन कानुन तर्जुमा गरी तीनको प्रभावकारी कार्यान्वयनमा यस नगरपालिकाले जोड दिदै आएको छ ।यस नगरपालकाले नगरपालिकाको ऐतिहासिक र भौगोलिक चिनारी समेत उल्लेख गरी आ.व.२०७६/०७७ का महत्वपूर्ण कार्यक्रम, ती कार्यक्रमको प्रगति स्थिति, मुख्य उपलब्धी र प्रास तथ्यांक समेत समावेश गरी वार्षिक प्रतिवेदन प्रकाशित गरेको छ । यस्ता प्रकारका प्रकाशनबाट नगरपालिकाबाट सम्पादित कार्यको जानकारी नगरवासी र सरोकारवाला निकायहरुसम्म पुग्ने र अभिलेख समेत रहने हुँदा यसले आगामी दिनमा नगरका नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने ठानेको छु ।

अन्त्यमा यस प्रगति समिक्षा पुस्तका प्रकाशनमा संलग्न हुनु हुने प्रमुख प्रशासकिय अधिकृत लगायत सबै कर्मचारीहरु र सम्बद्ध सबै प्रति हार्दिक आभार प्रकट गर्दछु ।धन्यवाद ।

रमेश कुमार वस्नेत

नगर प्रमुख

रमेश कुमार बस्नेत

नगर प्रमुख

फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली,रामेछाप
बागमति प्रदेश,नेपाल



## शुभकामना

मन्थली नगरपालिकाले आर्थिक वर्ष २०७६/०७७ मा सम्पादन गरेको क्रियाकलापहरु समेटेर वार्षिक प्रगती समीक्षा पुस्तक प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्दछु ।

नगरपालिकाको गतिविधीहरु, वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था, उपलब्धि र चुनौती समेतलाई समेटेर प्रकाशन भएको यो पुस्तक नगरपालिकाबाट सम्पादन भएका क्रियाकलापको बारेमा चासो राख्ने आम नगरवासी र सरोकारवाला निकायहरुका लागि उपलब्धि मुलक हुने विश्वास लिएको छु ।

देशमा संघियताको कार्यान्वयनसँगै प्राप्त श्रोत र साधनको अधिकतमा प्रयोग गरी सबै तहका सरकारसँगको समन्वयमा समुन्नत नगर निर्माणमा लागि परेको यस नगरपालिकाबाट अघिल्लो आ.व.मा भए गरेका क्रियाकलापहरु पुस्तकको माध्यमबाट प्रकाशन हुँदा अभिलेख व्यवस्थापनमा समेत उल्लेख्य सहयोग पुग्ने नै छ । पुस्तकको अध्ययन पश्चात सरोकारवालाहरुबाट प्राप्त सुझावले आगामी वर्षका कार्यक्रम निर्माण र कार्यान्वयनमा समेत महत्वपूर्ण सहयोग हुने अपेक्षा गरेको छु ।

अन्त्यमा पुस्तक प्रकाशनमा अहोरात्र खटिनु हुने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

माया कुमारी कार्की

उपप्रमुख

माया कुमारी कार्की
उप-प्रमुख

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली,रामेछाप

वागमति प्रदेश,नेपाल

फोन.नः ०४८-५४०११२

०४८-५४०५९८



## प्राक्कथन

नेपालको संविधान जारी भएसँगै नेपालको संघियता संस्थागत भएको छ । संविधानले तीन तहको सरकारको परिकल्पना गरी तिनै तहका सरकारका अधिकारक्षेत्रका बारेमा स्पष्ट व्यवस्था गरेको छ । यस वाहेक स्थानीय सरकार सञ्चालन ऐन २०७४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ र मन्थली नगरपालिकाको सुशासन ऐन २०७६ बमोजिम जनताको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति तथा ती हक अधिकारको कार्यान्वयन गर्ने क्रममा स्थानीय तह अन्तर्गत सञ्चालन गरिने कार्यक्रमहरुको उदेश्यहरु कार्यक्षेत्र, कार्य सम्पादन लगायतका विषयमा जानकारी प्रदान गर्नुका साथै नीतिगत विषयहरु तथा कार्यक्रम र सोको प्रगति सहित जनतालाई प्रत्यक्ष सेवा प्रवाह गर्ने संरचनागत विवरणलाई समेत जानकारी हासिल गर्न प्रस्तुत पुस्तिका अत्यन्तै उपयोगी हुने विश्वास लिएकोछु । यसका अतिरिक्त आम नगरवासीको चासोको रुपमा रहेको विश्वमा देखापरेको कोभिड -१९ को महामारी सक्रमणजन्य रोगको संदर्भमा यस नगरपालिकाबाट भए गरेको वस्तु स्थिति समेत प्रष्ट पार्ने प्रयास गरिएको छ ।

यस नगरपालिका, नगरभित्र रहेका वडा कार्यालय र अन्तर्गतका कार्यहरु व्यवस्थित, क्रमबद्ध, मितव्ययी, दक्ष एवंम प्रभावकारी रुपमा सञ्चालन गरी प्रचलित कानूनको परिपालन गर्न वित्तीय पारदर्शिता, सुशासन र जवाफदेहिताको स्तर बढाउदै लैजाने कार्यक्रमहरु कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा समेत सहजता प्रदान गर्नमा ध्यान दिनुका अतिरिक्त आगामी दिनमा नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने सम्बद्ध पक्ष, नीति निर्माता तथा कार्यक्रम कार्यान्वयन गर्ने निकाय र पदाधिकारीलाई पृष्ठपोषण प्रदान गर्न यस प्रकाशनले सहयोग पुग्ने विश्वास लिएको छु ।

यस पुस्तकलाई अझ परिमार्जन गरी समय सान्दर्भिक बनाउनका लागि सम्बन्धित निकायहरुबाट थप सुझाव र सहयोग प्राप्त हुने नै छ । हाम्रो प्रयासका साथै यस पुस्तकमा रहेका त्रुटी एंव कमजोरीहरुलाई औंल्याई आगामी प्रकाशनलाई थप परिस्कृत एवं सान्दर्भिक बनाउने सम्बन्धमा सबैको अमूल्य सल्लाह सुझावको अपेक्षा गरेको छु ।

यस पुस्तक तयार गर्ने क्रममा विषयवस्तुलाई संङगठित गर्ने कार्यमा विशेष योगदान गर्नु हुने उप सचिव श्री हेमन्त कुमार वुढाथोकी लगायत अन्य सम्वद्ध कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

..............................

(लिलाराज पौडेल)

प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ र सक्षम निजामती प्रशासनः समृदि र सुशासन"

**Url:** manthalimun.gov.np **Email:** ito.manthalimun@gmail.com

# विषय-सूची

| विषय | पृष्ठ संख्या |
|---|---|
| १. **पृष्ठभूमि** | १ |
| १.१. परिचय | १ |
| १.१.१ राजनैतिक तथा प्रशासनिक विभाजन | २ |
| १.१.२ नगर कार्यपालिकाको संगठन संरचना र जनशक्ति व्यवस्था | ३ |
| १.१.३ शैक्षिक संध संस्थाहरु र जनशक्तिको व्यवस्था | ५ |
| १.१.४ स्वास्थ्य संध संस्थाहरु र जनशक्तिको व्यवस्था | ५ |
| १.१.५ सहकारी र सामुदायिक संघ संगठनहरु | ६ |
| १.१.६ उद्योग तथा व्यवसायहरु | ७ |
| १.२. औचित्य | ७ |
| १.३. उद्देश्य | ७ |
| १.४. विधि | ८ |
| २. **वस्तुस्थिति विश्लेषण** | ९ |
| २.१. सार्वजनिक सेवा तथा क्षमता विकास | ९ |
| २.१.१. जनशक्ति व्यवस्थापन तथा वडा समन्वय | ९ |
| २.१.२. राजश्व परिचालन | ११ |
| २.१.३. वित्तीय व्यवस्थापन | १२ |
| २.१.४. जिन्सी व्यवस्थापन | १५ |
| २.१.५. सुशासन तथा संस्थागत विकास | १५ |
| २.१.६. आन्तरिक तथा अन्तिम लेखा परीक्षण | १६ |
| २.१.७. वेरुजु फर्छौट | १६ |
| २.२. सामाजिक विकास | १७ |
| २.२.१. शिक्षा, युवा तथा खेलकुद | १७ |
| २.२.२. स्वास्थ्य | १८ |
| २.२.३. महिला, वालवालिका तथा समाज कल्याण | २१ |
| २.३. पूर्वाधार विकास | २२ |
| २.३.१. योजना तथा अनुगमन | २२ |
| २.३.२. पूर्वाधार विकास | २५ |
| २.३.३. नक्शा पास | २६ |
| २.४. आर्थिक विकास | २७ |
| २.४.१. कृषि विकास | २७ |
| २.४.२. पशु पंक्षी विकास | २८ |
| २.४.३. उद्योग तथा वाणिज्य | ३० |
| २.४.४. सहकारी | ३० |
| २.४.५. पर्यटन | ३१ |
| २.५. वातावरण तथा विपद् व्यवस्थापन | ३२ |
| २.५.१. विपद व्यवस्थापन | ३२ |
| २.५.२. फोहोर मैला व्यवस्थापन | ३२ |
| २.६. विधेयक समिति | ३२ |

२.६.१. कानुन तथा न्याय ३२
२.७. परियोजन ३३
२.७.१. प्रधानमन्त्री रोजगार कार्यक्रम ३३
२.७.२. सामी रोजगार प्रबर्दन कार्यक्रम ३४
२.७.३. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना ३६
२.७.४. तरकारी तथा फलफूल मुल्य श्रृंखला विकास आयोजना ३७
२.७.५. गरिवसँग विशेश्वर कार्यक्रम ३७
२.८. वडा कार्यालयबाट सम्पादन भएका कार्यक्रमहरु ३८
२.८.१. पञ्जीकरण सम्बन्धी कार्य सम्पादनको अवस्था ३८
२.८.२. राजश्व संकलनको अवस्था ३९
२.८.३. सामाजिक सुरक्षा भत्ता वितरणको अवस्था ४०
२.८.४. अन्य कार्यहरु ४०
२.९. कोभिड-१९ रोकथाम, प्रतिकाय, नियन्त्रण र उपचार ४१
२.९.१. नेपालमा कोभिड-१९ र रोकथाम नियन्त्रणका प्रयासहरु ४१
२.९.२. मन्थली नगरपालिकामा कोभिड-१९ रोकथाम र नियन्त्रणका प्रयासहरु ४२
३. उपलब्धि ४४
३.१. सार्वजनिक सेवा तथा क्षमता विकास ४४
३.२. आर्थिक प्रशासन शाखा ४५
३.३. आर्थिक विकास ४५
३.४. सामाजिक विकास ४७
३.५. पूर्वाधार विकास ४९
३.६. वातावरण तथा विपद ४९
३.७. विधेयक समिति र कानुन ५०
३.८. परियोजना ५०
३.९. वडागत उपलब्धि ५१
४. समस्या र समाधान ५२
५. निष्कर्ष ५४
अनुसुचि-१ ५६
अनुसुचि-२ ५८
अनुसुचि-३ ६०
अनुसुचि-४ ६२
अनुसुचि-५ ६४
अनुसुचि-६ ६७
अनुसुचि-७ ६८
अनुसुचि-८ ६९
अनुसुचि-९ ७१

# पृष्ठभूमि

## १. पृष्ठभूमि

नेपालको संविधान वमोजिम सघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सञ्चालनमा रहेको छ। सो अनुरुप राज्यको शासन व्यवस्थाको सस्थागत विकास हुदै आएको छ । नेपालको संविधानमा राज्यको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्य शक्तिको प्रयोग संघ प्रदेश र स्थानीय तहले संविधान र कानुन बमोजिम गर्ने गरी उल्लेख गरिएको छ। संविधानको अनुसुची ४ मा उल्लेख भए अनुरुप ७ प्रदेशको व्यवस्था भएको छ साथै अनुसुचि ८ मा व्यवस्था भए वमोजिम स्थानीय तहको अधिकार सूची अनुरुप हाल कार्य सम्पादन भईरहेको छ। सविधान वमोजिम संघ, प्रदेश र स्थानीय तह वीचको सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित शासन व्यवस्था सञ्चालनका लागि आम निर्वाचन सम्पन्न भई सविधानको मुल भावना मुताविक कार्यहरु अगाडि वढिरहेको छ। आम नागरिकले प्रत्यक्ष रुपमा जनताको सरकारको अनुभूति गरिरहेको अवस्था छ।

विगत लामो समय देखि सञ्चालित केन्द्रीय एकात्मक राज्य व्यवस्थालाई २०७२ सालमा जारी नेपालको संविधान वमोजिम राज्यको पुन सरचना हुँदा २०७३ साल फाल्गुण २७ गते स्थानीय तहको रुपमा घोषणा भएको हो। स्थानीय तहलाई संविधान प्रदत्त अधिकारहरु कार्यान्वयनका लागि २०७४ सालमा आम निर्वाचन भई निर्वाचित जनप्रतिनिधिहरु मार्फत शासन प्रणाली कार्यान्वयनमा आइरहेको छ । शासन प्रणालीलाई पारदर्शी, जवाफदेही वनाउन, सुशासन कायम गर्न र आम नागरिकलाई हरेक विकास निर्माण प्रक्रियामा सहभागी छु भन्ने अनूभूतिको महशुस भएको छ। सूचनाको हक सम्वन्धी ऐन २०६४ र सूचनाको हक सम्वन्धी नियमावली २०६५ को भावना अनुरुप सार्वजनिक निकायले आफूबाट सम्पादन भएका कार्यक्रम र सो को प्रगति प्रतिवेदन नियमित सार्वजनिकीकरण गर्नु पर्ने दायित्वको रुपमा लिएको छ। त्यस्तै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ र नियमावली २०६५ मा सार्वजनिक निकायले सञ्चालन तथा सम्पादन गरेका कामको वार्षिक प्रगति समीक्षा गरी अभिलेख प्रकाशित गर्नु पर्ने व्यवस्था गरेको छ । यसैको पृष्ठभूमिमा मन्थली नगरपालिकाले पनि सुशासन ऐन २०७६ र सो सँग सम्वन्धित कार्यविधि जारी गरेको छ । उक्त ऐन र कार्यविधिमा भएको व्यवस्था वमोजिम सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी र जनसहभागितामूलक बनाई प्रभावकारी ढङ्गले सार्वजनिक सेवा प्रवाह गरी सुशासनको प्रत्याभूति दिने सम्बन्धमा आवश्यक कार्य गर्दै आएको छ। नागरिकलाई नगरबाट सञ्चालित हरेक कार्यक्रमको बारेमा जानकारी होस भनेर सम्पुर्ण सुचना तथा जानकारी यस नगरपालिकाको web site- www.manthalimun.gov.np मा राख्नु, कार्यालयमा नागरिक वडापत्रको व्यवस्था गर्नु, गुनासो पेटिकाको व्यवस्था गर्नु, चौमासिक एंव वार्षिकरुपमा सार्वजनिक सुनुवाई गर्नु र स्थानीय सञ्चार माध्यमबाट प्रकाशन/प्रशारण गर्नुले नागरिकको सुचनाको हकको प्रत्याभूति गर्न सक्ने अवस्था सृजना भएको छ। यसै सन्दर्भमा यस मन्थली नगरपालिकावाट आर्थिक वर्ष २०७६/०७७ मा सम्पादन भएका कार्यक्रमहरुको वृहत प्रगति समीक्षा २०७७ असोज १५ र १६ मा सम्पन्न गरी प्राप्त पृष्ठपोषणहरुको आधारमा यो प्रगति प्रतिवेदन तयार गरिएको छ ।

### १.१ परिचयः

नेपाल सरकारद्धारा रामेछाप जिल्लाको सदरमुकाममा अवस्थित मन्थली नगरपालिका तत्कालिन ७ वटा गाउँ विकास समितिहरु (मन्थली, कठजोर, सालु, सुनारपानी, भलुवाजोर, भटौली र चिसापानी) लाई समायोजन गरेर १६ वटा वडा रहने गरी २०७१ मंसिर १६ गते घोषणा गरियो । नेपालको संविधान बमोजिम राज्यको पुनः संरचना हुने क्रममा नेपाल सरकारले २०७३ साल फाल्गुण २७ गतेबाट लागु हुने गरी तत्कालिन नगरपालिकाका वडा सहित क्रमशः पुरानागाँउ, चनखु, गेलु र फुलासी गाँउ विकास समितिलाई समेत समावेश गरी १४ वटा वडा भएको नगरपालिकाको रुपमा स्थापित भएको छ।

यो नगरपालिका वागमती प्रदेश अन्तर्गत रहेको ११९ वटा स्थानीय तह मध्येको एक हो। यस नगरपालिकाको क्षेत्रफल २११.७७ वर्ग किलोमिटर अर्थात (२११७७ हेक्टर) मा फैलिएको छ। जसमध्ये कृषि भू-उपयोगका दृष्टिले ७३३६ हेक्टर जमिन रहेको छ जसमा सिञ्चित जमिन १३५६ हेक्टर र असिञ्चित जमिन ४५१३ हेक्टर रहेको छ। यस नगरपालिकाको सिमाना पूर्वमा रामेछाप नगरपालिका, पश्चिममा खाँडादेवी र दोरम्वा गाँउपालिका, उत्तरमा लिखु तामाकोशी गाउँपालिका र दोलखा जिल्लाको मेलुङ्ग गाँउपालिका र दक्षिणमा सिन्धुली जिल्लाको गोलोन्जोर गाउँपालिका पर्दछन्। २०६८ सालको जनगणना अनुसार ४५,४१६ जनसख्या (२४,६६६ महिला र २०,७५० पुरुष) र जनघनत्व २१८.९७ रहेको छ।

मन्थलीको नामाकरणको सन्दर्भमा स्थानीय माझी जातिसँग जोडिएको कथा गाँसिएको छ। विशेषगरी आदिमकाल देखि मन्थलीको आसपास रहेका चिसापानी, मन्थली, भटौली, भलुवाजोर, पकरवास जस्ता गाउँ विकास समितिका भू भागहरुमा माझी जातिहरुको बसोबास रहेको पाइन्छ। सो जातिको छुट्टै राजा हुने चलन अनुसार एक जना मन नामक राजा रहेको र राजा वस्ने थलोलाई मनथलो भनिएको, पछि सो शव्द अप्रभ्रंश भई मन्थली भएको मान्यता छ।

त्यसैगरी प्राचिन किम्वदन्ती अनुसार विद्धत वर्गमा अर्को प्रसंग पनि पाईन्छ। आदिकाल देखि नै यस स्थानमा माझी जातिको वस्ती रहँदै आएको, जाडँ उनीहरुको मुख्य पेय भएको र माझी भाषामा मुन भनेको जाडँ र थलो भनेको खान बस्ने ठाउँ भन्ने बुझाउने भएकाले यसलाई जाडँ खाने र बस्ने स्थानको रुपमा पनि मन्थलो भन्न थालिएको र यसै शब्दको अपभ्रंशबाट मन्थली हुन गएको हो। मन्थली भन्ने स्थान खासगरी गाउँलाई जनाउने भएतापनि समयक्रममा त्यसभन्दा तल रहेको बेसी पनि मन्थली बेसी भनेर चिनिन थालियो।

### १.१.१ **राजनैतिक तथा प्रशासनिक विभाजन**

रामेछाप जिल्लाको ८ वटा स्थानीय तह मध्ये मन्थली नगरपालिका जिल्लाको सदरमुकाममा अवस्थित छ। रामेछाप जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गराउन प्रदेश 'क' र 'ख' दुवै प्रदेश सभा सदस्य छनौट गर्न यस नगरपालिकाका मतदाताहरुको सहभागिता रहन्छ। जसमा प्रदेश सभा सदस्य 'क' का लागि वडा न ३,४ र ५ का मतदाताहरु र प्रदेश सभा सदस्य 'ख' का लागि वडा न १, २, ६, ७, ८, ९, १०, ११, १२, १३ र १४ सहभागी हुने व्यवस्था छ। यस नगरपालिका १४ वटा वडाहरुमा विभाजित छन्।

नेपालको संविधानले निर्दिष्ट गरे वमोजिम व्यवस्थापिकाको रुपमा यस नगरपालिकाको ७५ सदस्यीय नगर सभा रहेको छ। जसमा नगर प्रमुख, नगर उपप्रमुख, वडाध्यक्ष र प्रत्येक वडावाट निर्वाचित ४ जना सदस्य, दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका ३ जना सदस्य रहेको नगर सभा गठन भएको छ। त्यसै गरी कार्यपालिकाको रुपमा नगर प्रमुख, नगर उपप्रमुख, प्रत्येक वडाका वडाध्यक्षहरु, नगर सभाका सदस्यहरुले आफू मध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य र दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका ३ जना सदस्य सहित २४ सदस्यीय कार्यपालिका गठन भएको छ। त्यस्तै न्याय निरुपणका लागि उपप्रमुखको संयोजकत्वमा नगर सभावाट आफूमध्येबाट निर्वाचित गरेका २ जना सदस्य रहेको न्यायिक समिति गठन भएको छ।

नगर सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली वनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति र सुशासन समितिका साथै नगर कार्यपालिकावाट सम्पादन हुने कार्य व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रयोजनार्थ कार्यपालिकाले कार्यपालिका सदस्यहरुको संयोजकत्वमा सार्वजनिक सेवा तथा क्षमता विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद व्यवस्थापन समिति र विधेयक समिति गठन भएको छ।

### यस नगरपालिकाको वडा विभाजन

| वडा नं. | साविकका न पा/ गा वि स हरु | | विशेष संरक्षित वा स्वायत्त क्षेत्र | क्षेत्रफल | वडा कार्यालय रहेको स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | साविकका न पा र गा वि स | वडा न | | | | |
| १ | मन्थली न पा | १,२ | माझी संरक्षित क्षेत्र | १०.९४ | मन्थली वजार | |
| २ | मन्थली न पा | ३,४ | | १२.१५ | टेकनपुर, थापागाँउ | |
| ३ | मन्थली न पा | ५,६ | | १४.४८ | कठजोर, ठाँटी | |
| ४ | मन्थली न पा | ७,८ | | १९.८६ | सालु वजार | |
| ५ | मन्थली न पा | ९,१० | | १२.९४ | सुनारपानी | |
| ६ | मन्थली न पा | ११,१२ | माझी संरक्षित क्षेत्र | ३१.५९ | कुनाउरी | |
| ७ | मन्थली न पा | १३,१४ | माझी र वादी संरक्षित क्षेत्र | २५.४८ | भटौली | |
| ८ | मन्थली न पा | १५,१६ | | १०.०२ | चिसापानी सानाचौर | |
| ९ | पुरानाँगाउँ गा वि स | १-९ | | ११.७२ | सिम्ले | |
| १० | चनखु गा वि स | १-९ | | १३.१६ | चनखु पाखे सिम्ले | |
| ११ | गेलु गा वि स | ५-९ | | १८.३३ | वुडावुडी ढुङ्गा नाटिला | |
| १२ | गेलु गा वि स | १-४ | | ७.८५ | सिक्राल | |
| १३ | फुलासी गा वि स | १-५ | | ११.७३ | चिण्डे | |
| १४ | फुलासी गा वि स | ६-९ | | ११.५२ | कर्जाङ्ग | |
| | जम्मा | | | २११.७७ | | |

१.१.२ **नगर कार्यपालिकाको सगठन सरचना र जनशक्ति व्यवस्था :**

नेपालको संविधान वमोजिम प्रदेश र स्थानीय तहहरु निर्माण भए पछि उक्त निकायहरुवाट सेवा प्रवाह जनस्तरसम्म चुस्त, सहजता र प्रभावकारी रुपमा पुऱ्याउन जनशक्ति व्यवस्थापनका लागि कर्मचारी समायोजन ऐन २०७४ वमोजिम राज्यवाट जारी विभिन्न ऐन कानुनको परिधि भित्र रही स्थायी रुपमा सेवा प्रवेश गरेका निजामती सेवा र स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन गर्ने प्रयोजनार्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त संगठन संरचनाका आधारमा समायोजन भएका कर्मचारीहरु र विभिन्न सेवाहरु सञ्चालनार्थ नगरपालिका आफैले करार सेवामा व्यवस्थापन गरेका कर्मचारीहरु यस नगरपालिकाको जनशक्तिको रुपमा रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ११ दफा ८३ मा कर्मचारीहरु समायोजन पश्चात स्थानीय तहहरुले आफ्नो कार्य वोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नु पर्ने व्यवस्था रहेको र सो को आधारमा दफा ८३ को ३ वमोजिम तयार भएको संगठन संरचना मिति २०७६ पौष २६ गतेको छैटौ नगर सभावाट स्वीकृत भई कार्यान्वयन हुदै आएको छ । यसैको आधारमा उपलव्ध जनशक्तिको परिचालन गरिएको छ ।

मन्त्रालयवाट प्राप्त संगठन संरचना र छैटौ नगर सभावाट स्वीकृत संगठन संरचना अनुरुप जनशक्तिको तुलनात्मक अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## स्वीकृत संगठन संरचना वमोजिम जनशक्ति व्यवस्था

| क्र स | सेवा | मन्त्रालयबाट | | | | छैटौ नगर सभावाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ९/१० औ | ६/७/८ औ | ४/५ औ | जम्मा | ९/१० औ | ६/७/८ औ | ४/५ औ | जम्मा |
| १ | प्रशासन | १ | ३ | २१ | २५ | १ | ३ | २५ | २९ |
| २ | शिक्षा प्रशासन | १ | १ | १ | ३ | १ | १ | १ | ३ |
| ३ | ईन्जिनियरिङ्ग | १ | १ | १७ | १९ | १ | २ | २१ | २४ |
| ४ | आर्थिक प्रशासन | - | १ | २ | ३ | - | १ | २ | ३ |
| ५ | स्वास्थ्य सेवा | - | ३ | - | ३ | - | १ | २ | ३ |
| ६ | कृषि सेवा | - | १ | ३ | ४ | - | - | ८ | ८ |
| ७ | भेटनरी | - | १ | ७ | ८ | - | - | ८ | ८ |
| ८ | कानुन | - | - | - | - | - | १ | १ | २ |
| ९ | आन्तरिक लेखा परीक्षण | - | - | १ | १ | - | - | १ | १ |
| १० | विविध | - | - | ३ | ३ | - | १ | १ | २ |
| | जम्मा | ३ | ११ | ५५ | ६९ | ३ | १० | ७० | ८३ |

स्थानीय तहको प्रशासकीय प्रमुखको रुपमा प्रमुख प्रशासकीय अधिकृत रहने, प्रमुख प्रशासकीय अधिकृतको नियक्ति कानूनले तोके वमोजिम हुने र कानुनले नियुक्ति नभएसम्मका लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा व्यवस्था गरिएको छ। यसको अतिरिक्त अन्य कर्मचारीहरु तहगत प्रणालीमा रहने व्यवस्था गरिएको छ।

## हाल कार्यरत जनशक्तिको अवस्था

| क्र स | सेवा | स्थायी कर्मचारी | | | | सेवा करारमा कार्यरत कर्मचारी | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ९/१० औ | ६/७/८ औ | ४/५ औ | जम्मा | ९/१० औ | ६/७/८ औ | ४/५ औ | जम्मा |
| १ | प्रशासन | १ | २ | १४ | १७ | - | - | ६ | ६ |
| २ | शिक्षा प्रशासन | १ | १ | - | २ | - | - | | |
| ३ | ईन्जिनियरिङ्ग | - | १ | १२ | १३ | - | - | ५ | ५ |
| ४ | आर्थिक प्रशासन | - | २(१+१) | १ | ३ | - | - | - | - |
| ५ | स्वास्थ्य सेवा | - | ३ | | ३ | - | - | - | - |
| ६ | कृषि सेवा | - | - | १ | १ | - | - | - | - |
| ७ | भेटनरी | - | - | २ | २ | - | - | १ | १ |
| ८ | कानुन | - | - | | | - | १ | - | १ |
| ९ | आन्तरिक लेखा परीक्षण | - | - | १ | १ | - | - | - | - |
| १० | विविध | - | - | २ | २ | - | - | १ | १ |
| | जम्मा | २ | ८ | ३४ | ४४ | - | १ | १२ | १३ |

नोटः सवारी चालक ६ जना, कार्यलय सहयोगी २० जना, नगरप्रहरी ६ जना , पाले २ जना लगायतका पदहरुमा ज्यालादारी एवं सेवा करारमा पदपूर्ति गरिएको छ।

### १.१.३ शैक्षिक संघ सस्थाहरु र जनशक्तिको व्यवस्था:

नेपालको संविधानको भाग ३ धारा ३१ मा भएको शिक्षा सम्बन्धी हक पुरा गर्ने गराउने प्रयोजनका लागि स्थानीय तहको एकल अधिकारको रुपमा रहेको अनुसुचि ८ मा भएको आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनगर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (२) ज मा उल्लेखित २३ वटा काम, कर्तव्य र अधिकार वमोजिम यस नगरपालिका भित्र शैक्षिक सेवाहरु गुणस्तरीय र प्रभावकारी रुपमा प्रवाह गर्न शैक्षिक सस्थाहरु र जनशक्तिको विद्यामान अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**शैक्षिक संस्थाहरु (विद्यालयहरु)**

| क्र स | प्रकार | १-३ | १-५ | १-८ | १-१० | १-१२ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक | १४ | २२ | ११ | १२ | ७ | ६६ |
| २ | संस्थागत | १ | २ | - | ३ | - | ६ |
| | जम्मा | १५ | ४४ | ११ | १५ | ७ | ७२ |

**अन्य शैक्षिक सस्थाहरु :**

वाल विकास केन्द्र ८०, सामुदायिक सिकाई केन्द्र ९, प्राविधिक शिक्षालय १, सामुदायिक क्याम्पस १, विशेष शिक्षा स्रोत कक्षा १ मार्फत शैक्षिक कार्यक्रम सञ्चालनमा रहेका छन्।

**जनशक्तिको व्यवस्था**

| क्र स | तह | दरवन्दी | | राहत अनुदान | | जम्मा | | जम्मा | महिला सहभागिता प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुप | महिला | पुरुष | महिला | पुरुप | | |
| १ | प्राथमिक तह | ६५ | १४४ | ४१ | १८ | १०६ | १६२ | २६८ | ३९.५ |
| २ | निम्न माध्यमिक तह | ७ | २५ | ११ | ३४ | १८ | ५९ | ७७ | २३.३७ |
| ३ | माध्यमिक तह | २ | २५ | १ | १९ | ३ | ४४ | ४७ | ६.३ |
| ४ | उच्च माध्यमिक तह | | ४ | ३ | ११ | ३ | १५ | १८ | १६.६ |
| | जम्मा | ७४ | १९८ | ५६ | ८२ | १३० | २८० | ४१० | ३१.७ |

### १.१.४ स्वास्थ्य संघ सस्थाहरु र जनशक्ति व्यवस्था:

नेपालको संविधानको भाग ३ धारा ३५ मा भएको स्वास्थ्य सम्वन्धी हक पुरा गर्ने गराउने प्रयोजनका लागि स्थानीय तहको एकल अधिकारको रुपमा रहेको अनुसुचि ८ मा भएको आधारभूत स्वास्थ्य र सरसफाइ व्यवस्थापन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (२) झ मा उल्लेखित १२ वटाकाम, कर्तव्य र अधिकार वमोजिम यस नगरपालिका भित्र स्वास्थ्य सेवाहरु गुणस्तरीय र प्रभावकारी रुपमा प्रवाह गर्न स्वास्थ्य सस्थाहरु र जनशक्तिको व्यवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**स्वास्थ्य संस्थाहरु**

| क्र स | विवरण | अस्पताल | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | आधारभूत स्वास्थ्य केन्द्र | सहरी स्वास्थ्य केन्द्र | आयुर्वेद केन्द्र | पोलिक्लिनिक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | | २ | ९ | ३ | ३ | १ | | १८ |
| २ | प्रदेश सरकार | | | | | १ | | | १ |
| ३ | नगरपालिका | | | | | ४ | | | ४ |
| ४ | सहकारी | १ | | | | | | | १ |
| ५ | निजी क्षेत्र | २ | | | | | | ३ | ५ |
| | जम्मा | ३ | २ | ९ | ३ | ८ | १ | ३ | २९ |

**जनशक्तिको व्यवस्था**

| क्र स | पद | दरवन्दीमा स्थायी | | दरवन्दीमा करार | | नगरपालिकाको स्रोतमा | | प्रदेश सरकारवाट | | जम्मा | | कुल जम्मा | महिला सहभागिता प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | | |
| १ | मेडिकल अधिकृत | | २ | | १ | | | | | | ३ | ३ | |
| २ | जनस्वास्थ्य निरीक्षक | | १ | | | | | | | | १ | १ | |
| ३ | हेल्थ असिष्टेण्ट/ सि.अ.हे.वअ | १ | ७ | | | | | | | १ | ७ | ८ | |
| ४ | स्टाफ नर्स | १ | | २ | | | | ५ | | ८ | | ८ | १०० |
| ५ | ल्याव टेक्निसियन | | | | | | | १ | | १ | | १ | |
| ६ | सि.अ.हे.वर अ.हे.व | ८ | १२ | | २ | २ | २ | | १ | १० | १७ | २७ | |
| ७ | सि.अ.न.मी/ अ.न.मी | २६ | | ३ | | ६ | | १ | | ३६ | | ३६ | १०० |
| ८ | ल्याव असिष्टेन्ट | | ३ | | | १ | | | | १ | ३ | ४ | २५ |
| ९ | वैध्य | | | | १ | | | | | | १ | १ | |
| | जम्मा | ३६ | २५ | ५ | ४ | ९ | २ | ७ | १ | ५७ | ३२ | ८९ | |

नोट पाले र स्वीपरर कार्यालय सहयोगी गरी ३२ जना पदपूर्ति गरिएको छ।

### १.१.५ सहकारी र सामुदायिक संघ सगठनहरु

सरकारले सार्वजनिक, निजी क्षेत्र र सहकारीको परिचालन गरी देशको अर्थतन्त्र सुदृढ गर्ने नीति अख्तियार गरेको छ। सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन र उत्पादकत्व अभिवृद्धिमा महत्वपूर्ण योगदान पुर्याउँने गर्दछन् । आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने गरी स्थापना भएका र हुने सहकारीहरुको व्यवस्थापन स्थानीय तहले गर्ने संवैधानिक व्यवस्था रहेको छ। राज्य पुन संरचना हुनु पूर्व डिभिजन सहकारी कार्यालयमा दर्ता भएका सहकारी संस्थाहरुको विवरण स्थानीय तहमा हस्तान्तरण भएका छन् । स्थानीय तह गठन भए पश्चात सरकारी ऐन जारी गरी संस्था दर्ता गर्ने प्रक्रिया शरु भएको छ। यस नगरपालिकामा अधिकार हस्तान्तरण भई आएका र नयाँ दर्ता भएका सहकारी संस्थाहरु निम्नानुसार रहेका छन ।

**सहकारी संस्थाहरु**

| क्र स | प्रकृति/किसिम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | वहुउद्देश्य सहकारी संस्था | ६ | |
| २ | वचत तथा ऋण सहकारी संस्था | ५८ | |
| ३ | कृषि सहकारी | ४४ | |
| ४ | पर्यटन सहकारी | १ | |
| | जम्मा | १०९ | |

### १.१.६ उद्योग तथा व्यवसायहरु

देशको अर्थतन्त्र सुदृढ गर्न निजी क्षेत्रको योगदानलाई नकार्न सकिदैन। सरकारले निजीक्षेत्रलाई आर्थिक विकासको अभिन्न अङ्गको रुपमा लिइएको छ। यस नगरपालिकाले पनि आर्थिक विकासका गतिविधिमा निजी क्षेत्रसँग हातेमालो गर्दै आएको छ। यस आ व ०७६/०७७ देखि ५ लाखसम्म पुँजी भएका उद्योगहरु नगरपालिकाले दर्ता गर्न सक्ने प्रावधान वमोजिम दर्ता गर्दै आएको छ। हालसम्म २३ वटा उद्योग व्यवसायहरु दर्ता भएका छन्। त्यसैगरी १८१ वटाले व्यवसाय इजाजत र ७०८ वटा व्यवसाय इजाजतले नवीकरण भई नगर क्षेत्रभित्र व्यवसाय सञ्चालनमा रहेका छन्।

## १.२ औचित्यः

लोकतन्त्रिक शासन पद्धतिमा पारदर्शिता, जवाफदेहीता, सुशासन र विकास निर्माण प्रक्रियामा जनसहभागिता अनिवार्य शर्तहरु हुन। यी शर्तहरु पुरा गर्ने दायित्व सार्वजनिक निकायहरु सवैको हुन आँउछ। सार्वजनिक निकाय जनताको प्रत्यक्ष सरोकारको निकाय हो। सार्वजनिक निकायहरु जनता प्रति जिम्मेवार रहनु पर्छ भन्ने सार्वजनिक प्रशासनको पनि सामान्य सिद्धान्त हो। सार्वजनिक निकाय एवम् संघ सस्थाहरुले आफूले गरिरहेका काम कारवाहीवारे जनतालाई निरन्तर जानकारी गराइरहनु उसको जिम्मेवारी र दायित्व हुन आँउछ। यस प्रयोजनका लागि जारी गरिएका कानूनहरुमा जनतालाई सूचित गर्न स्वत सार्वजनिकीकरणको व्यवस्था गरिएको छ। फलतः सार्वजनिक निकायको काम कारवाहीहरु पारदर्शी, जवाफदेही वनाउने, सुशासन कायम गर्ने र आम नागरिकलाई हरेक विकास निर्माण प्रक्रियामा सहभागी छु भन्ने अनूभूति महशुस गराउने मुल धेय हुनु पर्छ। सूचनाको हक सम्वन्धी ऐन र नियमावलीमा गरिएको व्यवस्था वमोजिम सम्पादन गरिएका कार्यहरु सहितका अन्य सूचनाहरु सार्वजनिक निकायहरुले प्रत्येक तीन र तीन महिनामा स्वतः सार्वजनिक गर्नु पर्ने प्रावधान रहेको छ। यसै पृष्ठभूमिमा हरेक आर्थिक वर्ष भित्र सम्पादन गरिएका कार्यहरुको वास्तविक अवस्था, त्यसको प्रभाव र उपलव्धि, कार्यान्वयनका चरणमा आइपरेका समस्या तथा चुनौतिहरु, समस्या समाधानका लागि पहल गरिएका कदमहरु र आगमी दिनमा गर्नु पर्ने कार्यहरुको सँगालो दस्तावेजको रुपमा निर्माण गरी आमनागरिकलाई सूचित गर्नु अपरिहार्य रहेको छ। केही वर्ष यता सरकारले कार्य सम्पादनमा आधारित अनुदान वितरण पद्धति लागु गरेको र नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदनलाई एउटा महत्वपूर्ण सूचकको रुपमा राखिएकाले यसको अपरिहार्यता अझ वढी पुष्टि गरेको छ। यस किसिमको दस्तावेजले भावी दिनमा, नीति निर्माता,योजनाकार र कार्यान्वयन कर्ताहरुलाई मार्ग निर्देश गर्न सहयोग पुग्नुका साथै थप सुधारको लागि पृष्ठपोषण प्राप्त हुने अपेक्षा समेत गरिएको छ। संघ र प्रदेशवाट प्राप्त हुने विभिन्न अनुदान प्राप्तिमा समेत यसको महत्वपूर्ण योगदान रहने भएकोले यसको औचित्य अर्थपूर्ण रहेको छ।

## १.३ उद्धेश्यः

यस मन्थली नगरपालिकाका आर्थिक वर्ष २०७६/०७७ मा सम्पादन गरिएका कार्यहरुको वास्तविक अवस्था, त्यसको प्रभाव र उपलव्धि, कार्यान्वयनका चरणमा आइपरेका समस्या तथा चुनौतिहरु, समस्या समाधानका लागि पहल गरिएका कदमहरु र आगमी

दिनमा गर्नु पर्ने कार्यहरुको सँगालो दस्तावेजको रुपमा निर्माण गरी आम नागरिकलाई सूचित गर्नु यस प्रगति प्रतिवेदनको मुख्य उद्देश्य रहेको छ। यसको अतिरिक्त देहायका उद्देश्यहरु रहेका छन्।

- यस नगरपालिकाको काम कारवाहीहरु पारदर्शी, जवाफदेही बनाउनु, सुशासन कायम गर्नु।
- आम नागरिकलाई हरेक विकास निर्माण प्रक्रियामा सहभागी छु भन्ने अनूभूति महशुस गराउनु।
- नीति, योजना कार्यान्वयनको अवस्थावारे जानकारी गर्नु।
- नगरले वहुआयमिक क्षेत्रमा गरेका नियमित, आकस्मिक र विकासात्मक कार्यवारे आम नागरिकलाई अवगत गराउनु।
- नगरले वर्ष भरि गरेका कार्यहरुको वारेमा मूल्याङ्कन गर्नु।
- अध्ययन अनुसन्धान कर्ताका लागि सन्दर्भ सामग्रीको रुपमा विकास गर्नु।

### १.४ विधि:

सूचनाको हक सम्बन्धी ऐन र नियमावलीमा गरिएको व्यवस्था वमोजिम सम्पादन गरिएका कार्यहरु सहितका अन्य सूचनाहरु सार्वजनिक निकायहरुले प्रत्येक तीन र तीन महिनामा स्वतः सार्वजनिक गर्ने प्रावधान रहेको छ। यसका अतिरिक्त नगरपालिका आफैले जारी गरेको सुशासन ऐन २०७६ ले समेत आफूले सम्पादन गरेका कार्यक्रमहरुको सूचनाहरु नागरिकहरुलाई सूसुचित गराउनु पर्ने प्रावधान राखेको छ। आर्थिक वर्ष २०७६/०७७ मा सम्पादन भएका र हुन नसकेका कार्यक्रमहरुको सन्दर्भमा नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा आयोजित समीक्षा कार्यक्रममा वडा कार्यालयवाट र नगरका विषयगत शाखाहरुबाट प्रस्तुत भएका विषयवस्तुहरुलाई समेटेर वार्षिक प्रगति प्रतिवेदन दस्तावेजको रुपमा तयार गरी सार्वजनिक गर्न यो प्रतिवेदन तयार गर्न नगरपालिकावाट ५ सदस्य कार्यदल वनेको छ। उक्त कार्यदलले वार्षिक प्रगति प्रतिवेदन लेखनका लागि समग्र ढाँचा तयार गरी नगरपालिकाका विषयगत शाखा प्रमुखहरुको वैठकमा व्यापक छलफल गरी प्रगति प्रतिवेदनको ढाँचालाई अन्तिम रुप दिइ उक्त ढाँचाको आधारमा प्रतिवेदन तयार भएको छ।

प्रतिवेदन तयार गर्ने चरणमा नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशनमा वस्तुनिष्ट र विश्वसनीय वनाउने प्रयास गरिको छ। लेखन कै चरणामा शाखा प्रमुखहरुवाट अध्ययन गराई प्राप्त पृष्ठपोषणहरु समावेश गरिएको छ। प्रतिवेदनलाई अन्तिम रुप दिन तयार भएको पाण्डुलिपि शाखा प्रमुखहरुको उपस्थितिमा व्यापक छलफल गराई प्राप्त पृष्ठपोषण समावेश गरी अन्तिम रुप दिएको छ।

# वस्तुस्थिति विश्लेषण

## २. वस्तुस्थिति विश्लेषण

नेपालको संविधान अनुसार राज्यको पुन संरचना संघ, प्रदेश र स्थानीय तहहरु निर्माण भई आम निर्वाचनको माध्यमवाट सरकारहरु गठन भई कार्य सञ्चालनमा आएका छन् । स्थानीय तहको सरकारलाई घर आँगनको सरकार, छाम्दा समाउँदा भेटिने सरकार, जनताको नजिकको सरकारको रुपमा हेरिएको छ। जसले गर्दा आम नागरिकको चाहना सरल र सहज रुपमा सेवा प्रवाह प्राप्त गर्ने आकांक्षा रहनु स्वाभाविक रहेको छ। यिनै विषयवस्तुलाई मध्यनजर गरी यस मन्थली नगरपालिकाले पनि संविधानमा व्यवस्था भए वमोजिमका अधिकार सूची भित्र रही आफ्ना क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको व्यवस्था वमोजिम स्थानीय तहहरुले अषाढ महिनाको १० गते भित्र व्यवस्थापिकाको रुपमा रहेको गाउँ वा नगर सभामा आगमी वर्षको नीति तथा कार्यक्रम र वजेट प्रस्तुत गर्नु पर्ने हुन्छ। उक्त समय सीमालाई आधार मानी हरेक स्थानीय तहहरुले योजना निर्माणका चरणहरु पुरा गरी आफुले सञ्चालन गर्ने कार्यक्रमहरुको दस्तावेजको रुपमा हरेक वर्ष वार्षिक नीति तथा कार्यक्रम र वजेट प्रस्तुत गर्दै आएका छन् ।

स्थानीय स्तरमा योजना तर्जुमा सम्वन्धी दिग्दर्शन २०७५ लाई समेत ध्यानमा राखी यस मन्थली नगरपालिकाले टोल वस्तीका आवश्यकताहरु परिपूर्ति गर्ने सम्वन्धमा वस्ती स्तरवाटै योजनाहरुको छनौट गराउने, वस्ती स्तरवाट आएका योजनाहरु वडा समितिबाट प्राथमिकीकरण गरी नगरपालिकामा आउने प्रणालीको विकास गरिएको छ। नगरपालिकाको स्रोत साधनलाई वडाको जनसंख्या, भूगोल, राजश्वमा योगदान जस्ता सूचकहरुको आधारमा वडा सिलिङ्ग निर्धारण गरी योजनाहरुको व्यवस्थापन गर्दै आएको छ। आर्थिक वर्ष २०७६/०७७ का लागि २०७६ आषाढ १६ गते नीति तथा कार्यक्रम र बजेट नगर सभामा प्रस्तुत गरी २०७६ साल आषाढ २० गते संशोधन सहित पारित गरिएको थियो। उक्त नीति तथा कार्यक्रम र वजेट भित्र रही आफ्ना क्रियाकलापहरु सञ्चालन गरिएका थिए। उपर्युक्त परिवेशमा यस मन्थली नगरपालिकाले आ व २०७६/०७७ को लागि तय भएका नीति तथा कार्यक्रम, सञ्चालित कार्यक्रमहरुको अवस्था, बजेटको व्यवस्थापन र प्राप्त प्रतिफल र खर्चको अवस्था निम्न वमोजिम विश्लेषण गरिएको छ।

### २.१ सार्वजनिक सेवा तथा क्षमता विकास

#### २.१.१ जनशक्ति व्यवस्थापन तथा वडा समन्वय :

संगठानिक लक्ष्य तथा उद्देश्य हासिल गर्न जनशक्ति व्यवस्थापन एक महत्वपुर्ण भूमिका रहन्छ। यस नगरपालिकाले संघीय सरकारवाट निर्धारण गरिएको संरचना र दरवन्दीलाई समेत ध्यानमा राखेर छैटौ नगरसभाबाट आफ्नो संगठन संरचना स्वीकृत गरी सोही अनुसार कर्मचारीलाई कार्य जिम्मेवारी दिएर नगरका निति तथा कार्यक्रम अनुरुपका कार्यक्रम सञ्चालन गर्दै आई रहेको छ। नगरले रिक्त पद पुर्तिका लागि लोक सेवा आयोगमा माग गरेर स्थायी नियुक्तिका लागि लोकसेवा आयोगको सिफारिसमा ४ अप्राविधिक र १० प्राविधिक गरी जम्मा १४ जना कर्मचारी पदस्थापना गरेको छ। नगरको नियमित कार्यसञ्चालनका लागि आवश्यकता आधारमा सेवा करारमा कर्मचारी भर्ना गरी कार्य गर्दै आएको छ। हाल नगरमा स्थायी, अस्थायी, करार र ज्यालादारीका कर्मचारी कार्यरत रहेका छन।

यस नगरपालिकाले कर्मचारी व्यवस्थापन सम्बन्धमा कार्यालयमा आवश्यक जनशक्तिको संख्या योग्यता र स्तर पहिचान गरी माग पुर्वानुमान गर्ने, कर्मचारी भर्ना, छनौट, नियुक्ति पदस्थापन, कार्य सम्पादन मुल्याङ्कन र अवकास जस्ता कार्य गर्दै आएको छ। कर्मचारी जिम्मेवार र उत्प्ररित बनाउन कार्यसम्पादनलाई दण्ड र पुरस्कारसँग जोडेर कुशल कार्य सम्पादन गर्नेलाई पुरस्कृत र अनुशासन पालना नगर्ने कर्मचारीलाई दण्ड सजायको भागी हुने व्यवस्था गरिएको छ।

सार्वजनिक सेवा छिटो छरितो गुणस्तरीय र पहुँचयोग्य बनाउन वडा कार्यालयहरुलाई सम्बन्धित वडामा नै कार्यालय सञ्चालनको व्यवस्था गरिएको छ। वडा कार्यालयलाई आवश्यक निर्देशन दिने समन्वय गर्ने आवश्यकताका आधारमा अधिकार प्रत्यायोजन गर्ने

र सोको आधारमा भए गरेका कार्यको अनुगमन तथा मुल्याङ्कन गरी सेवा प्रवाहलाई जनमुखी र उत्तरदायी बनाउन प्रयास गरिएको छ। जस अनुरुप देहाय वमोजिमको जनशक्ति सेवा र तह अनुरुप जनशक्ति परिचालन गरिएको छ।

**हाल कार्यरत जनशक्तिको अवस्था**

| क्र. सं. | सेवा | स्थायी कर्मचारी | | | | सेवा करारमा कार्यरत कर्मचारी | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ९/१० औं | ६/७/८ औं | ४/५ औं | जम्मा | ९/१० औं | ६/७/८ औं | ४/५ औं | जम्मा |
| १ | प्रशासन | १ | २ | १४ | १७ | - | - | ६ | ६ |
| २ | शिक्षा प्रशासन | १ | १ | | २ | - | - | - | - |
| ३ | ईन्जिनियरिङ्ग | - | १ | १२ | १३ | - | - | ५ | ५ |
| ४ | आर्थिक प्रशासन | - | २(१+१) | १ | ३ | - | - | - | - |
| ५ | स्वास्थ्य सेवा | - | ३ | - | ३ | - | - | - | - |
| ६ | कृषि सेवा | - | - | १ | १ | - | - | - | - |
| ७ | भेटनरी | - | - | २ | २ | - | - | १ | १ |
| ८ | कानुन | - | - | - | | - | १ | - | १ |
| ९ | आन्तरिक लेखा परीक्षण | - | - | १ | १ | - | - | - | - |
| १० | विविध | - | - | २ | २ | - | - | १ | १ |
| | जम्मा | २ | ८ | ३४ | ४४ | - | १ | १२ | १३ |

कार्यालयको काममा सहयोगको लागि ६ जना सवारी चालक ६ जना नगर प्रहरी र २२ जना कार्यालय सहयोगीहरु सेवा करारमा भर्ना गरी कामकाज गर्दै आइरहेका छन्। कृषि र पशु शाखामा दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन हुन नसक्दा किसानलाइ कृषि तथा पशुपालनका क्षेत्रमा आवश्यक सेवा उपलब्ध गराउन कठिनाई भएको छ। स्वीकृत संगठन संरचना अनुसुचि १ मा राखिएको छ।

**परियोजना तर्फको जनशक्ति:**

संघीय र प्रदेश सरकारको सहयोग र समन्वयमा नगरपालिकाबाट सञ्चालित परियोजनाहरु सुरक्षित आप्रबासन तथा रोजगार कार्यक्रम (सामी), प्रधानमन्त्री रोजगार कार्यक्रम, तरकारी तथा फलफुल मुल्य श्रृङ्खला (VCDP), सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना र गरीवसँग विशेश्वर कार्यक्रममा कर्मचारी भर्ना गरी पदस्थापन गरिएको छ। विस्तृत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| क स | परियोजना | पद | संख्या |
|---|---|---|---|
| १ | प्रधारमन्त्री रोजगार | रोजगार सयोजक | १ |
| | | सव ईन्जिनियर | १ |
| २ | सुरक्षित आप्रवासन (सामी) | कार्यक्रम सयोजक | १ |
| | | परामर्श कर्ता | २ |
| | | मनो परामर्श कर्ता | १ |
| | | वित्तीय सहजकर्ता | १ |
| | | रिटर्नी | ३ |

| क्र स | परियोजना | पद | संख्या |
|---|---|---|---|
| ३ | VCDP कृषि | कृषि प्राविधिक चौथो | १ |
| ४ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना | MIS अप्रेटर | २ |
| | | फिल्ड सहायक | १ |
| ५ | गरीवसँग विशेश्वर कार्यक्रम | सामाजिक परिचालक | १ |

### २.१.२ राजश्व परिचालन

नेपालको संविधान कार्यान्वयन पश्चात संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह हुने र राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्न सक्ने व्यवस्था छ। सरकारका तीन तह मध्ये स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउँने, निर्णय गर्ने, नीतिगत योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्न सक्ने व्यवस्था संविधानको धारा ५९ ले गरेको छ।

यस सन्दर्भमा मन्थली नगरपालिकाको पनि एक छुट्टै संचित कोष रहने सो कोषमा नगरपालिकाको आन्तरिक श्रोतको रकम रहने व्यवस्था छ। त्यसैले आन्तरिक राजश्वलाई दीगो भरपर्दो तथा थप विश्वसनीय बनाउन यसका समग्र श्रोतहरुको पहिचान विश्लेषण र प्रक्षेपण गर्दै राजश्वको दायरमा विस्तार गरी आन्तरिक राजश्वमा बृद्धि गर्दै जाने अभिप्रायले प्रत्येक आर्थिक वर्षका लागि अग्रिम रुपमा राजश्व प्रक्षेपण गरी यसमा भएका समस्याहरुलाई नीतिगत रुपमा समाधान गर्दै लैजानु पर्दछ। नगरपालिका संचालन तथा संमृद्ध नगर निर्माणको लागि मानव संशाधन विकास तथा भौतिक पूर्वाधार निर्माणमा समेत आन्तरिक आयले महत्वपुर्ण भूमिका निर्वाह गर्ने एवं करको दायरा भन्दा वाहिर रहेका करदातालाई करको दायरामा ल्याउँन सके समृद्ध नगर निर्माणमा नगरबासीले अपनत्व महशुस गर्न सक्ने भएकाले नयाँ राजस्वका दायराको खोजी गर्नुको साथै हालसम्म करको दायरामा नआएका अन्य उद्यमी व्यवसायी नागरिकहरुलाई करको दायरामा ल्याउन पहल गर्नु नगरपालिका र सम्बन्धित सरोकारवाला निकायहरुको गहन जिम्मेवारी रहेको महशुस गरिएको छ।

आर्थिक बर्ष २०७६।०७७ मा आन्तरिक आयलाई थप सुधार गर्दै लैजाने उद्देश्य सहित रु. २ करोड ६५ लाख प्राप्त हुन सक्ने अनुमान गरिएको थियो। जस अनुरुप राजश्वको अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**आ.व. २०७६/०७७ मा राजश्वको अवस्था**

| क्र स | विवरण | लक्ष्य | प्रगति (जम्मा रकम) | प्रगति (प्रतिशत) |
|---|---|---|---|---|
| १ | एकीकृत सम्पति कर | ४०,००,०००। | ५५५२७१५ | १३९ |
| २ | घर बहाल कर | १० ,००.०००। | १७०६०२१.५२ | १७१ |
| ३ | नक्सापास दस्तुर | १० ,००.०००। | १२५६७७४.७३ | १२६ |
| ४ | सिफारिस दस्तुर | - | ३२१००० | - |
| ५ | व्यक्तिगत घटना दस्तुर | २,००,०००। | ६५८०० | ३३ |
| ६ | नाता प्रमाणित दस्तुर | १,००,०००। | ७५२०० | ७५ |

| क्र स | विवरण | लक्ष्य | प्रगति (जम्मा रकम) | प्रगति (प्रतिशत) |
|---|---|---|---|---|
| ७ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १५,००,०००। | २५७१९५० | १७१ |
| ८ | अन्य कर | १०,००,०००। | १६३४५२३ | १६३ |
| ९ | बहाल विटौरी कर | - | २२७६३ | - |
| १० | पार्किङ शुल्क | ३,००,०००। | ५०९५१७ | १७० |
| ११ | मनोरञ्जन शुल्क | - | ५६२०० | - |
| १२ | प्रदुषण नियन्त्रण शुल्क | ४,००,०००। | ६७८००० | १७० |
| १३ | जलस्रोत सम्बन्धी दहत्तर बहत्तर | १,७०,००,०००। | १२६९२३५० | ७५ |
| | जम्मा | २,६५,००,०००। | २७१४२८१४.२५ | १०२ |

राजश्व प्राप्तिमा लक्ष्य अनुसारको प्रगति राजस्वको असुली परिमाणमा धेरै देखिएता पनि गुणात्मकतामा प्रगति हाँसिल भएको खासै देखिदैंन। २०७३ भाद्रबाट एकीकृत सम्पति कर लागू भएपछि यस नगरपालिकाको आन्तरिक आय केही फराकिलो भएको देखिन्छ। एकीकृत सम्पति कर भन्दा बाहेक अन्य आन्तरिक आयका मूल श्रोतहरु भनेको घर नक्सा पास र अभिलेखीकरण, व्यवसाय दर्ता तथा नवीकरण, विभिन्न सिफारिस, धितो मूल्याङ्कन, आयश्रोत प्रमाणित जस्ता क्षेत्रहरु नै प्रमुख देखिन्छन्। कतिपय शीर्षकहरुमा अनुमान भन्दा ५० प्रतिशत वढी आम्दानी भएको देखिन्छ भने व्यक्तिगत घटना दस्तुरमा अनुमान अङ्कको ३३ प्रतिशत मात्र राजश्व सङ्कलन भएको देखिन्छ। त्यस्तै अनुमान नगरेको शीर्षकमा पनि राजश्व सङ्कलन भएको देखिन्छ। यसले राजश्व सङ्कलन क्षेत्रहरुको पहिचान र अनुमान वस्तुनिष्ट र यथार्थपरक वनाउन ध्यान दिनु पर्ने देखिन्छ।

### २.१.३ **वित्तीय व्यवस्थापन**

संघीय गणतन्त्रात्मक राज्यमा प्रत्येक संघीय इकाईहरुको अधिकार र कार्य क्षेत्रमा स्वतन्त्र। स्वायत्त र सार्वभौम हुन्छन्। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य संघीय कानुनमा व्यबस्था भएका प्रावधानले प्रत्येक स्थानीय सरकारलाई पूर्ण सरकारको पहिचान दिएको छ। स्थानीय सरकारको प्रशासनिक एवं राजनीतिक संयन्त्र नगर सभा, कार्यपालिका/न्यायिक समिति महत्वपूर्ण अङ्गको रुपमा रहेका छन्। सरकार सञ्चालनका तीनवटै अङ्गहरु सार्वजनिक जवाफदेहिता र उत्तर दायित्व वहन गर्ने सवालमा होस या प्रशासनिक सेवा प्रवाहमा होस् क्रियाशिल भएर काम गरिरहेका छन्।

नगरले प्रत्येक आर्थिक वर्ष बजेट बक्तव्य मार्फत नीति तथा कार्यक्रमसँग तादम्यता हुने गरी बजेटको व्यवस्था गर्दै आइरहेको छ। अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४ तथा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४ बमोजिम प्राप्त हुने राजस्व बाँडफाँड संघीय सरकार तथा प्रदेश सरकारबाट निकासा प्राप्त हुने समानीकरण अनुदान, विशेष अनुदान, समपूरक अनुदान र सशर्त अनुदानको हिस्सालाई एकमुष्ठ बजेटको रुपमा प्रक्षेपण गरी सोको बाँडफाँड योजना-परियोजना तथा कार्यक्रमहरुमा समानुपातिक विकासमा लगानी गर्दै आइरहेको छ भने नगरले संकलन गर्ने आन्तरिक आयको हिस्सालाई समेत नगरको समग्र विकास कार्यमा लगानी गर्ने गरिएको छ।

नियमित, विकासात्मक र आकस्मिक कार्यको लागि खर्च लेखाङ्कन प्रयोजनार्थ देहाय बमोजिमका खाताहरु सञ्चालनमा छन्।

क. स्थानीय संचित कोष खाता

ख. चालू खर्च खाता

ग. पुँजीगत खर्च खाता

घ. स्थानीय प्रकोप व्यवस्थापन कोष खाता

ङ. धरौटी खाता

च. राजस्व बाँडफाँडबाट प्राप्त खाता

छ. विभाज्य कोष खाता

ज. आन्तरिक अनुदान खाता

झ. आन्तरीक आय राजस्व खाता

यसको अलवा विविध  खर्च खाता र कर्मचारी कल्याण कोष, मर्मत संभार कोष, महिला तथा वाल विकास कोष जस्ता खाताहरु समेत सञ्चालनको क्रममा रहेका छन् । लेखा प्रणालीलाई प्रभावकारी बनाउन SuTRA, CGAS, Online Vouching, PAMS अन्य सफ्टवेयरहरुको समेत प्रयोग गरिएको छ। वित्तीय पारदर्शिता प्रवर्द्धन गर्न आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने कानुनी व्यबस्था छ भने खर्चको पारदर्शिता, औचित्यता, कार्यदक्षता र प्रभावकारिता परीक्षण गर्न देहाय वमोजिम कानूनी प्रावधान अवलम्वन गरिएको छ।

आर्थिक कार्यविधी ऐन, २०५५ र नियमाली, २०६४

सार्वजनिक खरिद  ऐन, २०६३ तथा नियमावली, २०६४

भ्रमण खर्च नियमावली, २०६४

अर्थ मन्त्रालयद्धारा जारी कार्य संचालन निर्दशिका, २०७३

अन्तर्राष्ट्रिय विकास सहायता नीति २०७६

स्थानीय सरकार सञ्चालन ऐन २०७४

यस नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को वित्तीय प्रगतिलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**आ. व २०७६/०७७ को आय र व्ययको अवस्था**

| क्र स | शीर्षक | वजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ६७,७०,५६,२८५ | ६२,५०,३८,८१०.२८ | ९२.३२ |
| २ | पुँजी | ५४,८६,२७,१५९ | ३३,६१,१८,६१२.९८ | ६१.२६ |
| | जम्मा | १,२२,५६,८३,४४४ | ९६,११, ५७,४२३.२६ | ७८.४२ |

आर्थिक वर्ष २०७६/०७७ को कुल वजेट रु १,२२,५६,८३,४४४ मध्ये रु ९६,११,५७,४२३.२६ अर्थात ७८.४२ प्रतिशत खर्च भएको छ। पुँजीगत खर्च गर्ने कार्यशैलीमा सुधार हुनु पर्ने देखिन्छ।

- **स्रोतगत खर्चको अवस्था:**

  आर्थिक वर्ष २०७६/०७७ मा यस नगरपालिकाको लागि ३४ प्रकारका स्रोतहरुबाट बजेट व्यवस्था भएको थियो । ३४ प्रकारका स्रोतहरुबाट कुल अनुमानित आय र व्यय १,२६,३९,०६,२९७.११ र वास्तविक आय १,२२,५६,८३,४४४.४३ र व्यय ९६,११,५७,४२३.२६  भएको थियो। यसको विस्तृत विवरण अनुसुचिमा समावेश गरिएको छ।

| क्र स | कार्यक्रमको नाम | बार्षिक बजेट | आम्दानी तथा निकासा | जम्मा खर्च तथा दाखिला रु. | बाँकी |
|---|---|---|---|---|---|
| १ | जे.ना.दि.से.स. र सामाजिक सुरक्षा | १४९२४२००० | १४६७०२६०० | १४६७०२६०० | |
| २ | वित्तीय समानीकरण संघ | २०५९००००० | २०५९००००० | ९९५८१२२१ | १०६३१८७७९ |
| ३ | सशर्त अनुदान संघ | ३५३७०४००० | ३५३७०४००० | ३५३७०४००० | |
| ४ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | १३०७००० | ११०८८६० | ११०८८६० | |
| ५ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | २०६००० | - | - | - |
| ६ | समपुरक अनुदान संघ | ८०००००० | ८०००००० | ६०६१३४७ | १९३८६५३ |
| ७ | विशेष अनुदान संघ | ११५००००० | ११५००००० | ११५००००० | - |
| ८ | गरीवसँग विशेश्वर कार्यक्रम | ४९५००० | ४९५००० | ४९५००० | - |
| ९ | जलविद्धयुत रोयल्टी संघ | १४२७०००० | २४६५६९८६ | १६८६६९११ | ७७९००७५ |
| १० | राजस्व बाँडफाड संघ | ११५८००००० | ८४१३९२३७.३२ | ७१९२५१९९.९९ | १२२१४०३७.३३ |
| ११ | स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | १३२५०००० | १२११०८१६ | १२११०८१६ | - |
| १२ | संचित बिदा | ३४८४७८२.९३ | ३४८४७८२.९३ | ३४८४७८२.९३ | - |
| १३ | औषधी उपचार | ३८७०४८८.१ | ३८७०४८८.१ | ३८७०४८८.१ | - |
| १४ | प्रदेश वित्तिय समानिकरण | १०६२६००० | १०६२६००० | ६५२३२७२ | ४१०२७२८ |
| १५ | प्रदेश सशर्त अनुदान चालु | ३०००००० | ३०००००० | ३०००००० | - |
| १६ | प्रदेश सशर्त अनुदान पुजिँगत | १५०००००० | १५०००००० | १५०००००० | - |
| १७ | प्रदेश समपुरक कोष | १५७७५००० | १५७७५००० | ८२६७४८२ | ७५०७५१८ |
| १८ | प्रदेश पुर्वाधार विकास कार्यक्रम सासंद कोष | १२०००००० | ९५१४३३८ | ९५१४३३८ | - |
| १९ | द्धन्द प्रभावित परिवार सहायता कार्यक्रम | ६६०००० | ६६०००००० | ६६०००००० | - |
| २० | प्रदेश सवारी साधन कर | ३७४४५००० | २७६२६७७९.५५ | १७३४६३२० | १०२८०४५९.५५ |
| २१ | प्रदेश सडक सुरक्षा अनुदान | २८०००० | २८०००० | - | २८०००० |
| | विनियोजन तर्फको जम्मा | ९७५८१५२७१.०३ | ९३८१५४८८७.९ | ७८७७२२६३८.०२ | १५०४३२२४९.८८ |
| २२ | गत बर्षको कोष अ.ल्या | १३५२८९९७१.०८ | १३५२८९९७१.०८ | ९८७२१६७९.९८ | ३६५६८२९१.१ |
| २३ | समपुरक कोष संघ ०७५/०७६ | ४०८४८००० | ४०८४८००० | ६०००००० | ३४८४८००० |
| २४ | विशेष अनुदान ०७५/०७६ | ५०१४२९२० | ५०१४२९२० | २४७२५२२६ | २५४१७६९४ |
| २५ | समपुरक कोष प्रदेश ०७५/०७६ | ३९००००० | ३९००००० | ३९००००० | - |

| क्र स | कार्यक्रमको नाम | बार्षिक बजेट | आम्दानी तथा निकासा | जम्मा खर्च तथा दाखिला रु. | बाँकी |
|---|---|---|---|---|---|
| २६ | आन्तरिक आय | २६५००००० | २७१४२८१४.२५ | २२८५४२५० | ४२८८५६४.२५ |
| २७ | आन्तरिक आय प्रदेश बाँडफाड ४०% | - | - | ८१४८२०९.६ | -८१४८२०९.६ |
| २८ | आन्तरिक राजश्व बाँडफाँड | ११०००००० | १०२६०७८८.५९ | - | १०२६०७८८.५९ |
| २९ | प्रकोप व्यवस्थापन कोष | ६०००००० | ५२०७५०० | २४९६६३१ | २७१०८६९ |
| ३० | विविध | २३९९३५ | २३९९३५ | - | २३९९३५ |
| ३१ | तरकारी तथा फलफुल मुल्य श्रृङ्खला VCDP | १३००००० | १३००००० | १०९३०२५ | २०६९७५ |
| ३२ | MSS सुधार कार्यक्रम | २८७०२०० | २८७०२०० | २८७०२०० | - |
| ३३ | धरौटी अल्या. रु ५१८७९३४.६६ सहित | १०००००००० | १०३०१८२६.६१ | २६२५५६३.६६ | ७६७६२६२.९५ |
| | कोष तर्फको जम्मा | २८८०९१०२६.०८ | २८७५०३९५५.५३ | १७३४३४७८५.२४ | ११४०६९१७०.२९ |
| ३४ | दाखिला गर्न बाँकी दायित्व | - | २४६०१ | - | २४६०१ |
| | दाखिला गर्न बाँकी जम्मा | - | २४६०१ | - | २४६०१ |
| | जम्मा | १२६३९०६२९७.११ | १२२५६८३४४४.४३ | ९६११५७४२३.२६ | २६४५२६०२१.१७ |

### २.१.४ जिन्सी व्यवस्थापन

जिन्सी सामानहरूको आम्दानी तथा प्राप्ति खर्च एवम् उपयोग र बाँकी, सोको अभिलेख, संरक्षण, नियन्त्रण, निरीक्षण, सो सम्बन्धी प्रमाण कागजातहरू र जिन्सी सम्बन्धी अभिलेखहरूको विश्लेषण, मूल्याङ्कन तथा प्रतिवेदन समेतलाई जिन्सी स्रेस्ता प्रणाली भनिन्छ। मालसामानहरूको सुरक्षा तथा हिफाजत हुने, मालसामानहरूको अनावश्यक प्रयोग र हिनामिना हुनबाट बचाउने, आवश्यक परेको बेलामा जिन्सी सामान सजिलैसँग उपलब्ध गराउन सकिने, मालसामानको मौज्दात र खर्चको अवस्था थाहा पाउन सकिने र जिन्सी स्रेस्ताबाट सरकारी काम कारबाही प्रति सम्बन्धित पक्षको विश्वास बढ्ने भएकाले यसलाई व्यवस्थित वनाउनु पर्ने देखिन्छ। जिन्सी स्रेस्तामा प्रयोग हुने १३ ओटा म.ले.प.फा.नं. हरू प्रयोग भएका छन्।

खर्च भएर जाने मालसामान (म.ले.प.फा.नं. ५२) र खर्च भएर नजाने माल सामान (म.ले.प.फा.नं.४७) हरुको अभिलेखीकरण गर्नु कार्यालयको मुख्य जिम्मेवारी रहेको छ। उक्त अभिलेखहरुको आधारमा  कार्यालय प्रमुखले जिन्सी निरीक्षण गराई प्रतिवेदन लिने व्यवस्था छ। यसैको आधारमा पुराना सामग्रीहरु लिलाम गर्ने वा मर्मत सम्भार गरेर सञ्चालनमा ल्याउने भन्ने निर्णयहरु गरिन्छ। त्यस्तै गरी कार्यालयको अन्तिम लेखा परीक्षकबाट जिन्सी व्यवस्थापनको अवस्थालाई सूक्ष्म रुपमा अवलोकन गरी राय सुझावहरु दिने गरिन्छ। जिन्सी व्यवस्थापनले नै कार्यालयको सौन्दर्यताको परिचय दिने हुँदा यसलाई क्रमशः व्यवस्थापन गरिएको छ।

### २.१.५ सुशासन तथा सस्थागत विकास

मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनु पर्ने सेवा

छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानूनी तथा संस्थागत व्यवस्था भएको छ।

मुलुक संघीयतामा गईसकेपछि संघ, प्रदेश र स्थानीय गरी तीन तहको व्यवस्था गरी मुलुकको संघीय शासन व्यवस्था संचालन भई रहेको छ। संघीय लोकतान्त्रिक शासन व्यवस्थाको महत्वपूर्ण आधार स्तम्भको रुपमा सुशासन तथा संस्थागत विकास व्यवस्थालाई लिइन्छ। ७५३ वटा स्थानीय तहमध्ये मन्थली नगरपालिका एउटा स्थानीय तह हो, यस स्थानीय तहको सुशासन तथा संस्थागत विकासको अवस्था तथा सुदृढीकरणका लागि गरिनु पर्ने कामको वारेमा यस नगरपालिकाले सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, नियमावली, विद्युतीय शासन ऐन, सूचनाको हक सम्वन्धी ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन, लेखापरीक्षण ऐन, स्थानीय सरकार संचालन ऐन लगायत नगरपालिकाले बनाएको सुशासन व्यवस्थापन ऐन, २०७६ बमोजिम सुशासन तथा संस्थागत विकास सम्वन्धी कार्य भई रहेको अवस्था छ। जस अनुसार नागरिक वडापत्र सवैको पहुँचमा सवैले सजिलै देख्न र हेर्न सकिने वातावरण मैत्री पूर्ण ठाउँमा राखिएको छ। सूचना पार्टी र होडिङ वोर्डको व्यवस्था गरिएको साथै वेलावेलामा आउने उजुरीका लागि उजुरी पेटिकाको व्यवस्था गरिएको छ। कार्यालयमा गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको समेत व्यवस्था गरिएको छ।

सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त वनाउन कामलाई छिटो, छरितो, भरपर्दो र स्पष्ट रुपमा काम गर्न सक्ने जनशक्तिको व्यवस्थापन गरी नियमित रुपमा सेवा प्रवाह सेवा प्रवाहको वरीपरी जनता नभई जनताको वरीपरी सेवा पुर्याउने भावना अनुरुप काम गर्न निरन्तर प्रयास भएको छ।

सवै वडाबाट गरिने पूर्वाधार विकासका कार्यक्रमहरुको अनुगमन मूल्याङ्कनको कार्यलाई उपभोक्ता समिति , वडा समिति र उप प्रमुखको संयोजकत्वमा नगर स्तरीय अनुगमन समितिको व्यवस्था गरी ३६० डिग्रीको अनुगमनको व्यवस्था गरिएको छ। सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण लगायतका कार्यमा आम जनताको सहभागितामा कुरा सुन्ने र जवाफ दिने अनिवार्य व्यवस्था गरिएको छ।

### २.१.६ आन्तरिक तथा अन्तिम लेखा परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(१) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट गराउनु पर्नेछ। दफा ७७(१) मा आन्तरिक लेखा परीक्षण गराउनु पर्ने सम्बन्धी व्यवस्था रहेको छ। राजश्व, धरौटी, विनियोजन र अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजात र आर्थिक कारोबारको लेखा परीक्षण गर्दा नियमितता, मितव्ययिता, पारदर्शिता, कार्यदक्षता र औचित्यताको परीक्षण गरी सोको आधारमा प्रतिवेदन तयार गर्नु पर्दछ। यस नगरपालिकाले आ व २०७६/०७७ वाट लेखा आन्तरिक लेखा परीक्षण गर्नका लागि आन्तरिक लेखा परीक्षण इकाईको व्यवस्था गरिएको छ। आ.ब.२०७६/०७७ को आन्तरिक लेखा परीक्षण सम्पन्न गरी सोको आधारमा प्रतिवेदन समेत तयार गरिएको छ।

### २.१.७ वेरुजु फर्छौट

बेरुजु भन्नाले प्रचलित कानुन बमोजिम पुर्‍याउनु पर्ने रित नपुर्‍याई आर्थिक कारोबार गरेको भनी लेखा परीक्षण गर्दा औल्याइएको वा ठहर्याएको कारोबार वुझ्काउँछ। लेखा परीक्षणबाट देखिएका हिनामिना र असुल उपर गर्नुपर्ने ठहरिएको बाहेकका बेरुजु सम्परीक्षण गरी नियमित प्रक्रियाबाट फर्छौट तथा बेरुजुको लगत कट्टा गरिनेछ। लेखा परीक्षणबाट कायम भएका बेरुजु प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गराई बेरुजु फर्छौट गर्ने र गराउने जिम्मेवारी कार्यालय प्रमुख तथा जिम्मेवार व्यक्तिको हो तर बेरुजु फर्छौटको लागि तत्परता देखाउनु पर्ने पहिलो कर्तव्य जसको नाममा बेरुजु छ स्वंयम उसको हो। प्रत्येक वर्ष  बेरुजु बढिरहेको छ। प्रतिवेदनले सुधारका लागि औल्याइएका सुझ्काबको कार्यान्वयनको अवस्था कमजोर जस्तो देखिए पनि सुधारोन्मुख रहेको छ। आ.ब. २०७५/०७६ सम्म १ करोड ५ लाख ३६ हजार असुल गर्नुपर्ने, ९ करोड ५४ लाख ५३ हजार प्रमाण कागजात पुर्याउनुपर्ने, १२ लाख ८० हजार नियमित गर्नुपर्ने  र १ करोड ३२ लाख १६ हजार पेश्की बेरुजु रहेको देखिन्छ।

## २.२ सामाजिक विकास

### २.२.१ शिक्षा, युवा तथा खेलकुद

शिक्षा विकासको आधार हो। शिक्षाले नै सभ्य र सुमुन्नत समाज निर्माणमा सहयोग गर्दछ। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क एवं माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको प्रत्याभूति गरेको छ। आधारभूत तथा माध्यमिक तहको शिक्षाको व्यवस्था स्थानीय तहको एकल अधिकारको रुपमा संवैधानिक व्यवस्था रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षा सम्बन्धी निर्धारण गरेको २३ वटा क्षेत्र भित्र रही यस मन्थली नगरपालिकाले माध्यमिक तहसम्मको शिक्षालाई व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ। आम नागरिकको शिक्षामा पहँच सुनिश्चित गर्न नगर भित्र ६६ वटा सामुदायिक र ६ वटा संस्थागत विद्यालयहरु सञ्चालनमा रहेका छन्। सरकारी तलवभत्ता खाने ४१० जना शिक्षकहरु क्रियाशील छन् भने विद्यालयले निजी स्रोतमा पनि केही सख्यामा शिक्षकहरुको व्यवस्था गरी विद्यालय भित्र गरिने शैक्षिक क्रियाकलापहरु गरिदै आएको छ। आर्थिक वर्ष २०७६/०७७ मा संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाको आन्तरिक स्रोतवाट वजेट व्यवस्थापन गरी मुलतः शिक्षामा पहँच, गुणस्तर अभिवृद्धि र क्षमता विकासका कार्यक्रमहरु सञ्चालनमा ल्याइएको थिए। जसमध्ये सञ्चालित कार्यक्रमहरुको अवस्था देहाय वमोजिम उल्लेख गरिएको छ।

| क्र.स. | विवरण | संघीय सरकार | राष्ट्रिय योजना आयोग | प्रदेश सरकार | स्थानीय | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | बजेट | २७०७७०००० | ४०००००० | ९७५००० | ६०००००० | २८१७४५००० |
| २ | खर्च | २५१३८९००० | ४०००००० | ९७५००० | ३४१७००० | २५९७८१००० |
| ३ | वित्तीय प्रगति | ९२.८४ | १०० | १०० | ५६.९५ | ९२.२ |

- **पहुँचसँग सम्वन्धी कार्यक्रमहरु**

  शिक्षा प्राप्तिको नैसर्गिक अधिकारलाई प्रत्याभूति गर्न आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निशुल्क गरिएको छ। विशेषगरी विद्यालय उमेरका वालवालिकाहरु (५-१२ उमेर समूहका वालवालिकाहरु) विद्यालय शिक्षाका पहुँचवाट वञ्चित हुन नपरोस भनि विद्यालयहरुले आफ्ना सेवा क्षेत्र भित्रका वालवालिकाहरुको सर्भे गर्ने, विद्यालय भर्ना नभएका वालवालिकाहरुलाई विद्यालय ल्याउन अभिभावक परामर्श, भेटघाट, घरदैलो, जस्ता कार्यक्रमहरु सञ्चालन गरिदै आएको सन्दर्भमा COVID-19 को प्रभाव र असरका वीच नगरको घोषित नीति वमोजिम विद्यालय उमेरका वालवालिका (५-९ वर्ष उमेर समूह) हरु विद्यालय भर्ना भएको सुनिश्चत नगरपालिकाको रुपमा घोषणा गर्न सकिएन। विद्यालय सेवा क्षेत्र भित्रका वालवालिकाहरुको तथ्याङ्क यकिन गर्ने कार्य पनि अगाडि वढाउन सकिएन। पहुँच सँग सम्वन्धित कार्यक्रमहरु लक्ष्य अनुसार विस्तार गर्न सकिएन।

- **गुणस्तरसँग सम्वन्धी कार्यक्रमहरु**

  समयानुकूलको शिक्षा प्राप्ति नागरिकहरुको अधिकार हो। देश विकासको मेरुदण्ड नै शिक्षा हो। समय सापेक्ष शिक्षामा सुधार गर्न सकिएन भने अपेक्षित राष्ट्रिय लक्ष्यहरु पुरा गर्न सकिदैन। यसका अलवा शिक्षालाई सीपमूलक र व्यवसायिक शिक्षामा जोड दिई नागरिकहरुलाई आत्मनिर्भर बनाउनु आजको आवश्यकता रहेको छ। यसका लागि यस नगरपालिकाले शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। विशेषगरी नगर प्रमुख र विद्यालयका प्र अ हरुको वीचमा कार्य सम्पादन करार सम्झौता, विभिन्न निकायहरुको सहकार्य र समन्वयमा २०७२ सालको भूकम्पले क्षतिग्रस्त विद्यालय भवनहरु पुनर्निर्माण भइरहेको छ। माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय र सूचना प्रविधिको विस्तार जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको थियो। आधारभूत तहमा सूचना प्रविधिको विस्तार, पुस्तकालयको व्यवस्थापन, ४२ वटा विद्यालयहरुमा पूर्व प्राथमिक कक्षा देखि कक्षा २ सम्म कक्षाकोठा व्यवस्थापन, वुक कर्नरको व्यवस्थापन, प्र.अ वैठक एवं विषयगत समितिको वैठकहरु मार्फत शैक्षणिक योजना निर्माण र कार्यान्वयन, स्थानीय पाठ्यक्रम निर्माण, परीक्षा

प्रणालीमा सुदृढीकरण, व्रिटिस काउन्सिलसँगको सहकार्यमा Connecting Classroom जस्ता कार्यहरु गरी शैक्षिक गुणस्तर सुधारमा जोड दिएको छ ।

- **क्षमता विकाससँग सम्वन्धी कार्यक्रमहरु**

  शैक्षिक गुणस्तर सुधारका लागि सम सामयिक नविन प्रविधिहरुको जानकारी गराउन शिक्षा कर्मीहरुलाई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन हुन आवश्यक हुन्छ । यसैलाई मध्यनजर गरी स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गरी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिएको थियो । मागमा आधारित शिक्षक तालिम, योग ध्यान सम्वन्धी शिक्षक तालिम, खेलकुद शिक्षकहरुलाई अभिमुखीकरण जस्ता कार्यहरु सञ्चालनमा गरिएको थियो ।

  उल्लेखित शिक्षासँग सम्वन्धित कार्यक्रमहरु विस्तृत रुपमा अनुसुचि २ मा समावेश गरिएको छ ।

### २.२.२ स्वास्थ्य

नेपालको संविधानले स्वास्थ्यलाई जनताको मौलिक हकको रूपमा स्थापित गरे अनुसार गुणस्तरीय स्वास्थ्य सेवा सर्ब सुलभ तरिकाबाट जनतालाई पुर्याउनु नेपाल सरकारको नीति रहेको छ । नेपाल सरकारले निर्धारण गरे अनुसारको नीति तथा कार्यक्रमलाई प्रभाबकारी ढंगबाट कार्यान्वयन गरी गुणस्तरीय सेवा प्रदान गर्न पालिका स्तरमा स्वास्थ्य सेवाको योजना तर्जुमा गर्ने, कार्यक्रम संचालन तथा सेवा प्रदान गर्ने, कार्यक्रमको अनुगमन गर्ने र गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चत गर्ने प्रमुख जिम्मेवारी तथा दायित्व रहेको छ । यस नगरपालिका भित्र स्वास्थ्य सेवा सरल र सहजरुपमा उपलव्ध गराउन सरकारी तवरवाट २ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ९ वटा स्वास्थ्य चौकीहरु, ३ वटा आधारभूत स्वास्थ्य केन्द्र, ८ वटा शहरी स्वास्थ्य केन्द्र १ वटा आयुर्वेदिक स्वास्थ्य केन्द्र रहेका छन् त्यसैगरी निजी क्षेत्रबाट २ वटा अस्पताल, ३ पोलिक्लिनिक र १ वटा सहकारी अस्पतालहरु गरी २९ वटा स्वास्थ्य संस्थाहरु सञ्चालित रहेका छन् । सरकारी संस्थाहरुमा कार्यरत ८९ जना स्वास्थ्य कर्मीहरुबाट गुणात्मक स्वास्थ्य सेवाहरु प्रवाहको प्रयास हुँदै आएको छ । मुख्यत स्वास्थ्य संस्था मार्फत प्रतिकारात्मक, उपचारात्मक र प्रबर्द्धनात्मक सेवा दिनको लागि खोप, सुरक्षित मातृत्व, परिवार नियोजन, पोषण, क्षयरोग, कुष्ठरोग, विरामी जाँच जस्ता सेवाहरु सञ्चालित छन् । जिल्ला सदरमुकाममा अवस्थित नगरपालिका भित्र सुविधा युक्त सरकारी अस्पताल नहुँदा गुणस्तरीय र भरपर्दो स्वास्थ्य सेवा प्रति नागरिकहरुको विश्वास कम भएको पाईन्छ । अझै पनि जटिल प्रकृतिका स्वास्थ्य सेवाका लागि जिल्ला वाहिर जानु पर्ने वाध्यत्मक अवस्था रहेको छ ।

### स्वास्थ्यसँग सम्वन्धित कार्यक्रमहरु

- **राष्ट्रिय खोप कार्यक्रम**

  राष्ट्रिय खोप कार्यक्रम नेपाल सरकारको प्राथमिकीकरण गरिएको कार्यक्रम हो । जसले अधिकतम रोगहरु लाग्नबाट सुरक्षा प्रदान गर्दछ । जस अन्तर्गत १ बर्षमुनिका शिशुहरुलाई ११ वटा सरुवा रोगहरु (क्षयरोग, भ्यागुते रोग, लहरेखोकी, धनुष्टंकार, हेपाटाइटिस बि, हेमोफिलस इन्फ्ल्यूएञ्जा बी, पोलियो, दादुरा/रुवेला, पिसिभि) र जोखिमपूर्ण जिल्लाहरुमा १२ देखि २३ महिनाका वालवालिकालाई इन्सेफलाइटिस तथा गर्भवती महिलाहरुका लागि टी.टी.र टी.डी. खोपको रुपमा प्रदान गरिँदै आएको छ । जसवाट बालबालिकामा हुने बिरामीदर, मृत्युदर र अपाङ्गदरलाई कम गर्नु नै राष्ट्रिय खोप कार्यक्रमको लक्ष्य रहेको छ ।

  यस मन्थली नगरपालिकामा आर्थिक वर्ष २०७६/०७७ मा एक वर्ष मुनीका ५६.७ प्रतिशत वालवालिकाहरुले BCG खोप, ९ देखि ११ महिनाका ६६.३ प्रतिशत वालवालिकाहरुले दादुरा रुवेला खोप १ र १२ देखि २३ महिनाका ६७.४ प्रतिशत वालवालिकाहरुले दादुरा रुवेला खोप २ लगाएका छन् ।

- **पोषण कार्यक्रम**

  कुपोषण नेपालको एक जनस्वास्थ्यको समस्या हो । यो विभिन्न प्रकारको रुपमा हुन्छ । नेपालमा भएको कुपोषण मध्ये प्रोटिन ईनर्जीसँग सम्बन्धित कुपोषण, आयोडिनको कमिले हुने विकृति, आईरनको कमीले हुने तथा भिटामिन ए को कमीले हुने

कुपोषण बढी पाईन्छ। नेपालमा बालबालिका तथा महिला यसबाट बढी प्रभावित भएकोले त्यस समुहका व्यक्तिलाई बढी प्राथमिकता दिई स्वास्थ्य सेवाहरु सञ्चालन गरिएको छ। बालवालिकालाई लक्षित गरी तौल लिएर उनीहरुको अवस्थालाई लेखाजोखा गरी उचित स्वास्थ्य सल्लाह दिने, ६ महिनासम्म आमाको दुध मात्र खुवाउने र ६ महिना पछि अरु थप खाना सुरुवात गर्ने, एक बर्ष माथिका बालवालिकालाई बर्षको दुई पटक जुकाको औषधि खान दिने तथा सम्पूर्ण विद्यालयका विद्यार्थीहरुलाई बर्षको दुई पटक जुकाको औषधि स्कुल मार्फत वितरण गर्ने कार्य हुन्छ। यस्तै छ महिना देखि ५ बर्षसम्मका बालवालिकालाई बर्षको दुई पटक भिटामिन ए वितरण गर्ने कार्य गरिन्छ। गर्भवती महिलामा रक्त अल्पता सम्बन्धी रोग बढी रहेकोले गर्भवती भईसकेपछि चौथो महिनाबाट निजहरुलाई निःशुल्क आईरन चक्की वितरण गर्ने कार्य भईरहेको छ।

यस नगरपालिका भित्र पोषण सेवा अन्तर्गत लगभग शतप्रतिशत वालवालिकाहरुले तौल लिने सेवा लिएको देखिन्छ। ०-११ महिनाका वालवालिकाहरु ९३.५ प्रतिशत, १२ देखि २३ महिनाका बालबालिकाहरु १०५.५ प्रतिशत र ०-२३ महिनाका वालवालिकाहरु ९९.२ प्रतिशतले तौल लिएको देखिन्छ। यसरी जन्मेदेखि १ वर्ष भित्रका शिशुलाई तौलने संख्या भन्दा १ देखि २ वर्ष भित्र तौल लिने संख्या बढी देखिन्छ। जसको कारण बच्चा हुर्कदै गर्दा आमाहरु शहरबाट गाउँ फर्कने भएको कारणले पनि सेवाग्राहीको संख्या बढेको हो। समग्रतामा हेर्दा जन्मेदेखि २ वर्षसम्मको प्रगति लगभग सतप्रतिशत देखिन्छ। जसले गर्दा सवै वालवालिकाहरुले तौल लिने गरेको भन्न सकिन्छ र पोषण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भएको देखिन्छ।

- **समुदायमा आधारित नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन कार्यक्रम**

पाँच बर्ष सम्मका वालबालिकाको श्वासप्रश्वास र  झाडापखाला नियन्त्रणका लागि चाहिने आवश्यक औषधीहरु समेत स्वास्थ्य संस्थामा उपलब्ध गराईएको छ। पालिकामा कार्यरत सबै महिला स्वास्थ्य स्वयसेविकालाई समेत यस सम्बन्धी तालिम र अत्यावश्यक केही औषधीहरु र जीवनजल वितरण गर्ने जिम्मा दिइएको छ। प्रत्येक स्वास्थ्य संस्थाहरुमा ओ.आर.टि. कर्नर राख्न लगाई यस सम्बन्धी उपचारमा सहजता ल्याइएको छ।

एकिकृत वालरोग व्यवस्थापनको अवस्था विश्लेषण गर्दा ५ वर्ष मुनिका रुघाखोकी लागेका वालवालिकाहरु मध्ये लगभग १०० जनामा १० जनालाई मात्र निमोनिया भएको देखिन्छ। साथै झाडापखाला लाग्दा महिला स्वास्थ्य स्वयम् सेविकाले घरेलु उपचार सम्वन्धी परामर्श दिने तथा वालवालिकाहरुको लागि तत्काल जीवनजल वितरण गर्ने गरी व्यवस्था मिलाईएको हुँदा जलवियोजनर कडा जलवियोजन समेत नभएको पाइन्छ। जसले गर्दा शिशु र वाल मृत्युदर समेतलाई कम गरेको देखिन्छ।

- **सुरक्षित मातृत्व कार्यक्रम**

सुरक्षित मातृत्व कार्यक्रमको मूख्य लक्ष्य भनेको गर्भवती तथा सुत्केरी अवस्थामा देखापर्ने जटिलताको कारणबाट हुने  मातृ तथा नवजात शिशुको मृत्यु तथा रुग्णता घटाउनु हो। विश्व स्वास्थ्य संगठनको तथ्याङ्क अनुसार सबै गर्भहरु जोखिममा रहेका हुन्छन। गर्भवती, सुत्केरी र सुत्केरी पश्चात देखिने जटिलताहरु भविष्यवाणी गर्न कठिन हुन्छन। नेपालमा मातृ मृत्यु अति उच्च हुनुको प्रमुख कारण प्रसुति सँग सम्बन्धित जटिल समस्याहरुको तत्काल उपचार तथा व्यवस्थापन गर्नमा ढिलाई हुनु हो। जटिलताहरुको समयमै पहिचान गर्न नसक्नु अथवा समस्यालाई सामान्य रुपमा लिएर समयमै उपचार गराउने तर्फ नलाग्नु, आकस्मिक प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको उपलब्धता र त्यसमा पहुँच नहुनु, गुणस्तरीय स्वास्थ्य सेवाको कमि, सामाजिक, सांस्कृतिक तथा पराम्परागत धारणा आदि कारणहरुले गर्दा आमाको मृत्यु हुने गरेको  छ।

यस पालिका स्तरको प्रथम पटकको गर्भजाँच र प्रोटोकल अनुसार चौथो पटक गर्भ जाँचको अवस्था हेर्दा प्रथम पटक गर्भ जाँच गर्ने ५६.६ प्रतिशत मध्ये गर्भवती महिलाले चौथो गर्भजाँच ५०.२ प्रतिशतले गरेको देखिन्छ। पहिलो गर्भ जाँचको तुलनामा चौथो गर्भ जाँच कम हुनुको कारण गर्भवतीको शुरु अवस्थामा स्थानीय स्वास्थ्य संस्था मार्फत सेवा लिने र प्रसुति

हुने समयमा सुविधा सम्पन्न अस्पतालमा प्रसुति सेवा लिन जाने भएको कारणले चौथो पटकको गर्भजाँच त्यसै स्वास्थ्य संस्था मार्फत हुने भएकाले कुनै पनि व्यक्ति प्रोटोकल अनुसार चौथो पटक गर्भ जाँच गर्ने सेवाबाट वन्चित भएको देखिदैन ।

- **परिवार नियोजन कार्यक्रम**

स्वास्थ्य संस्था तथा अस्पताल र विभिन्न संघ संस्था लगायत घुम्ती शिविरद्धारा परिवार नियोजन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी गुणस्तरीय सेवा दिइ आमा तथा बच्चाको स्वास्थ्यमा सुधारल्याई उच्च मृत्यू दर घटाउनु यस कार्यक्रमको मुख्य उद्धेश्य हो ।

नेपाल सरकारले परिवार नियोजनको अस्थायी साधन प्रयोग गर्ने दम्पत्तिको लागि स्वास्थ्य संस्था मार्फत उपलव्ध गराएको अस्थायी साधनहरु मध्ये सवै भन्दा बढी नयाँ प्रयोगकर्ता संख्याले प्रयोग गर्ने साधन डिपो प्रोभेरा सुई, दोश्रो प्रयोग गर्ने साधनमा पिल्स चक्की र त्यसपछि प्रयोग गर्ने साधनमा इम्प्लान्ट र सवैभन्दा कम प्रयोग गर्ने साधनमा आयुसिडि रहेको छ। जसमा पिल्स चक्की र डिपो प्रोभेरा सुई जो कोही स्वास्थ्य कर्मीले पनि सेवा दिन सक्ने र पहिला देखिनै स्वास्थ्य संस्थामा उपलव्ध भएकोले सेवाग्राही संख्या बढी रहेको देखिन्छ। आयुसिडि र इम्प्लान्ट सेवा लिनको लागि सोही सम्बन्धी विशेष तालिम प्राप्त गरेको व्यक्ति आवश्यक हुने भएकोले तालिम प्राप्त व्यक्ति सवै स्वास्थ्य संस्थामा नहुनुको कारणले उक्त सेवाहरु लिनेको संख्या सवै स्वास्थ्य संस्थाहरुमा वरावर देखिँदैन । साथै सवै स्वास्थ्य संस्थाहरुमा सेवा दिने व्यक्तिहरु नभएको कारणले आयुसिडि र इम्प्लान्ट सेवा लिने सेवाग्राहीको संख्या कमी भएको हो। सवै स्वास्थ्य संस्थाका स्वास्थ्य कर्मीहरुलाई तालिमको व्यवस्था गरी सेवा प्रदान गर्ने व्यवस्था मिलाइएमा सेवाग्राहीको संख्या बढाउन सकिने अवस्था देखिन्छ।

- **क्षयरोग नियन्त्रण कार्यक्रम**

यो क्षयरोग नेपालको प्रमुख जनस्वास्थ्य समस्याको रुपमा रहेको छ। नेपाल सरकारले यसलाई पहिलो प्राथमिकता प्राप्त कार्यक्रम अन्तर्गत राखेर विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ। नेपालले विश्व स्वास्थ्य संगठन (WHO) को मापदण्ड अनुसार सन् १९९६ बाट डट्स विधिद्धारा क्षयरोगका बिरामीलाइ उपचार गर्ने नयाँ पद्धति शुरु गरि यस कार्यक्रमलाई विशेष महत्व दिदै आएको छ।

यस नगरपालिकामा क्षयरोग कार्यक्रमको प्रगतिको विश्लेषण गर्दा नयाँ क्षयरोगी पत्ता लगाउने दर कमै देखिन्छ। सवै पिविसि विरामीको २र३ महिनाको खकार परिक्षण नतिजा नेगेटिभ भएको देखिन्छ। खास गरी केस पत्ता लगाउने दर कमी र पत्ता लागेका विरामीहरुको उपचारको व्यवस्थापन उपयुक्त ढंगले गरेको देखिन्छ। साथै पि वि सि विरामीको निको हुने दर पनि कमी नै देखिन्छ। विशेषगरी यस नगरपालिकाले स्वास्थ्य कार्यालय र अन्य निकायको समन्वयमा आवश्यकता अनुसार स्वास्थ्यकर्मीहरुलाई  क्षयरोग सम्वन्धी मोडुलर तालिमको व्यवस्था मिलाईरहेको छ। समुदायमा लुकेर वसेका नयाँ रोगीहरु पत्ता लगाउन समुदायमा माईक्रोस्कोपीक क्याम्प संचालन गरिरहेको छ।

- **कुष्ठरोग नियन्त्रण कार्यक्रम**

कुष्ठ रोग नेपालमा सामाजिक समस्याको रुपमा रहेको रोग मध्ये एक हो। यस नगरपालिकामा राष्ट्रिय स्तरको कुष्ठरोग निवारणको अवस्था देखिदैन। राष्ट्रले कुष्ठ रोगको Incidence rate १०००० जनसंख्यामा १ भन्दा कम कुष्ठरोग प्रभावित व्यक्ति भएमा निवारण भएको मान्दछ। तर यस नगरपालिकामा कुष्ठरोग प्रभावितको संख्या (१.२७/१००००) निवारणको सीमा भन्दा माथि देखिन्छ। अझ पनि कुष्टरोग सम्वन्धी शिविर साथै समुदाय स्तरमा विरामीको खोजी गर्नुपर्ने अवस्था छ।

- **आयुर्वेद कार्यक्रम**

यस नगरपालिका अन्तर्गत एउटा आर्युवेदिक केन्द्र रहेको छ। यसवाट आर्युवेदिक सेवा सञ्चालन गरिएको छ। यसका सेवाहरुमा जेष्ठ नागरिक पोषण कार्यक्रम, स्तन पायी महिलाहरुको पोषण कार्यक्रम, विद्यालय आर्युवेद शिक्षा कार्यक्रम, स्थानीय जडिवुटी चिनारी तालिम कार्यक्रम, आर्यवेद शहरी गाँउघर क्लिनिक सेवा जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको छ।

### २.२.३ महिला, वालवालिका तथा समाजकल्याण

राष्ट्रको समुन्नत विकासको लागि हरेक क्रियाकलाप, राष्ट्रका संयन्त्र देखि नीति निर्माण तह सम्म महिलाको सहभागिता आवश्यक हुन्छ। नेपालमा ग्रामीण क्षेत्रको महिलाहरुको आर्थिक सामाजिक रुपमा विपन्न तथा विकासका अवसरवाट वञ्चित हुनुपरेको यथार्थलाई मध्यनजर गरी कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन्। नेपालको संविधानले व्यवस्था गरे वमोजिम संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापनासंगै राज्यको पुर्न संरचना संघ, प्रदेश, स्थानीय तह भएको हुँदा हरेक स्थानीय तहमा महिला बालबालिका तथा समाज कल्यण उपशाखाको रुपमा विस्तार भएको छ। यसै क्रममा आ.वा २०७४/०७५ देखि यस मन्थली नगरपालिकामा महिला बालबालिका तथा समाज कल्यण उपशाखा मार्फत आर्थिक सामाजिक सास्कृतिक, राजनितिक रुपले पछाडि परेका अवसरबाट वञ्चित विपन्न वर्गका महिला बालबालिका र समाजमा पछाडि परेका लक्षित वर्गलाई विभिन्न चेतनामूलक, सीपमूलक कार्यक्रमको माध्यमबाट क्षमता अभिवृद्धि गरी आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालन गरिँदै आएको छ। जुन प्रचार प्रसार, सहभागिता विस्तार र स्रोत परिचालनका अर्थमा स्थानीय सरकारको अनुपम अवसर पनि हो।

मुलतः आर्थिक सामाजिक साँस्कृतिक, राजनितिक रुपले पछाडि परेका अवसरबाट वञ्चित विपन्न वर्गका महिला बालबालिका र समाजमा पछाडि परेका लक्षित वर्गलाई विभिन्न चेतनामुलक, सीपमूलक कार्यक्रमको माध्यमबाट क्षमता अभिवृद्धि गरी आत्मानिर्भर बनाउने, लैङ्गिक भेदभावको विरुदमा महिलाहरुमा सामाजिक शक्ति सृजना गर्ने, लक्षित वर्गलाई राज्यको मुल प्रवाहमा ल्याउन आयमुलक, सीपमूलक एवं चेतनामूलक, बालअधिकार र बालसंरक्षणको क्षेत्रमा अभिमुखीकृत गर्नु जस्ता नीतिहरुलाई ध्यानमा राखी देहायका कार्यक्रमहरु सञ्चालन हुदै आएका छन्।

| क्र.सं | | संघ | प्रदेश | स्थानीय | जम्मा |
|---|---|---|---|---|---|
| १ | वजेट | ० | ११००००० | ३१२६००० | ४२२६०००। |
| २ | खर्च | ० | ३५०००० | १६१९००० | १९७९०००। |
| ३ | वित्तिय प्रगति प्रतिशत | ० | ३१.८३ | ५१.७९ | ४६.८३ |

- **दिवसीय कार्यक्रम:**

  स्थानीय सरकारको संयोजनमा महिला, बालबालिका, जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिहरुको लागि नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरिएको प्रतिवद्धताहरुको कार्यन्वयन गर्न र कानुनी प्रवधान र विभिन्न किसिमको हक अधिकारवारे सन्देश आम जनसमुदायलाई जानकारी गराई सचेत गराउन दिवसीय कार्यक्रम संञ्चालन गरिएको थियो।

  - मानव वेचविखन विरुद्धको दिवस,
  - राष्ट्रिय वाल दिवस,
  - जेष्ठ नागकि दिवस र अल्जाईमर सचेतना दिवस
  - अन्तर्राष्ट्रिय महिला दिवस,
  - लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान
  - अपाङ्गता दिवस
  - मानव अधिकार दिवस

  यसका अतिरिक्त अन्य दिवसहरु पनि मनाउँदै आएको छ।

- **सचेतना मुलक कार्यक्रम:**

  आर्थिक सामाजिक सास्कृतिक, राजनितिक रुपले पछाडि परेका अवसरबाट वञ्चित विपन्न वर्गका महिला बालबालिका र समाजमा पछाडी परेका लक्षित वर्गलाई विभिन्न चेतनाजागरण तथा लैङ्गिक भेदभावको विरुदमा महिलाहरुमा सामाजिक शक्ति सृजना गर्ने गराउने उद्देश्यले सचेतनामुलक कार्यक्रमहरु संचालन गरिएको थियो।

- ➢ महिला कानुनी अधिकार सम्वन्धि तालिम संचालन
- ➢ जेष्ठ नागरिकहरु सम्बन्धी सरोकारवाला वीच अन्तरक्रिया कार्यक्रम

- **सीप विकास कार्यक्रम**

  लक्षित वर्गलाइ आर्थिक शसक्तिकरणको लागि स्थानीय स्रोत साधनको प्रयोग गरी ग्रामिण स्तरमा स्थानीय संभाव्यता अध्ययन गरी दिगो जीविकोपार्जनको लागि सीप र रोजगारीको अवसर प्रदानगर्न विभिन्न किसिमको आयमुलक सीपमूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने कार्यक्रमहरु आवश्यक्ता अनुरुप सञ्चालनमा ल्याइएको छ ।

- **अपाङ्गता तथा जेष्ठ नागरिकहरुको लागि परिचय पत्र वितरण धुम्ती शिविर**

  अपाङ्गता भएका व्यक्तिहरु र जेष्ठ नागरिकहरुको मानवीय सम्वेदनालाई ध्यानमा राखी मन्थली नगरपालिकाले दुरीको हिसावले टाढारटाढा रहेको वडाहरुमा सम्वन्धित वडा कार्यलयको समन्वयमा घरदैलोमा सेवा प्रवाह गर्ने उद्देश्यले अपाङ्गता तथा जेष्ठ नागरिकहरुको लागि परिचय पत्र वितरण घुम्ती शिविर कार्यक्रम वडा नं.१, २ र ५ मा वाहेक सवै वडामा संञ्चालन गरियो । जसबाट १९७६ जना जेष्ट नागरिकहरु लाभान्वित भएका थिए ।

- **बाल अधिकार तथा बाल संरक्षण सम्वन्धी कार्यक्रम**

  बालबालिकाको बचावट, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको पालना, सम्मान, संम्वर्द्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोतम हित कायम गर्न, बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९८९, नेपालको संविधान २०७२, बालबालिका सम्वन्धी ऐन २०७५, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ यस मन्थली नगरपालिकाको, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०७७, बालबालिका सम्वन्धी विद्यमान कानुनहरु तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेका विषयहरुलाई कार्यान्वयन गर्न वान्छनीय भएकोले बालबालिकाको विकासका लागि यस मन्थली नगरपालिककाले बाल अधिकार र बाल संरक्षणमा तपशिल अनुसारका कार्यक्रमहरु संञ्चालन गरेको थियो ।

  - ➢ वडा बाल अधिकार संरक्षण समिति गठन
  - ➢ वडा स्तरीय बालक्लव संजाल गठन,
  - ➢ बालविवाह विरुद्धको जिङ्गलहरु उत्पादन गर्ने र रेडियो, मार्फत सन्देश प्रसारण गर्ने ।
  - ➢ मन्थली नगरपालिकाको बालमैत्री स्थानीय शासन तथा बालअकिार संरक्षण सम्वन्धी कार्यविधि २०७७ निर्माण
  - ➢ बाल विवाह विरुद्धमा फ्लेक्स प्रिन्ट तथा ब्रोसर उत्पादन तथा वितरण एंव सचेतना अभियान ।

  (उल्लेखित कार्यक्रमहरुको विस्तृत विवरण अनुसुचि ३ मा राखिएको छ ।)

## २.३ पूर्वाधार विकास

### २.३.१ योजना तथा अनुगमन

योजना भावी दिनमा गरिने कार्यहरुको दस्तावेज हो । निर्मित योजनाहरुको आधारमा नै भावी कार्य दिशा निर्दिष्ट हुने गर्दछ । नेपाल सरकारले स्थानीय स्तरमा योजना तर्जुमा सम्वन्धी दिग्दर्शन २०७५ जारी गरी स्थानीय तहको योजना निर्माण र स्वीकृत गर्ने प्रक्रियाको वारेमा स्पष्ट गरेको छ । सो दिग्दर्शनले तोकेको प्रक्रिया अवलम्वन गरी यस मन्थली नगरपालिकाले टोल वस्तीका आवश्यकताहरु परिपूर्ति गर्ने सम्वन्धमा वस्ती स्तरवाटै योजनाहरुको छनौट गराउने, वस्ती स्तरवाट आएका योजनाहरु वडा समितिवाट प्राथमिकीकरण गरी नगरपालिकामा आउने प्रणालीको विकास गरिएको छ । नगरपालिकाको स्रोत साधनलाई वडाको जनसंख्या, भूगोल, राजश्वमा योगदान जस्ता सूचकहरुको आधारमा वडा सिलिङ्ग निर्धारण गरी योजनाहरुको व्यवस्थापन गर्दै आएको छ । आयोजना एंव कार्यक्रमहरु विशेष गरी पूर्वाधार निर्माणमा सार्वजनिक, निजी, सामूहिक लागत साझेदारी तथा वाह्रय श्रोत परिचालनमा प्राथमिकता

दिने, रोजगारी सिर्जना हुने, वातावरणमा कम असर पर्ने, कम लागतमा धेरै जनसख्या लाभान्वित हुने तथा ठूला क्रमागत योजनाहरुमा प्राथमिकता दिने जस्ता नीतिहरु अख्तियार गरिएका थिए । यिनै नीतिहरुको आधारमा वजेट विनियोजन भई कार्यक्रमहरु सञ्चालन भएका थिए । योजना छनौट टोल वस्तीवाट आवश्यकता पहिचान गर्न लगाई वडा समिति मार्फत प्राथमिकीकरण गरी नगरपालिकामा पेश भएका योजनाहरु कार्यपालिका हुदै नगर सभाबाट योजनाहरु स्वीकृत हुने गरेको छ ।

- **वडागत योजना कार्यान्वयनको अवस्थाः**

  आ व २०७६/०७७ मा वडा सिलिङ्ग, संचित कोष, प्रदेश सवारी कर, प्रदेश समपूरक, संघीय विशेष अनुदान, संघीय समपूरक अनुदान, प्रदेश सशर्त, प्रदेश र स्थानीय पूर्वाधार विकास साझेदार, सडक वोर्ड जस्ता कोषहरुवाट ३३८ वटा योजनाहरु सञ्चालन गर्न ३८,९८,३१,०००/ खर्च भएको थियो । जस मध्ये ३२३ वटा योजनाहरु सञ्चालन भई सम्पन्न भएका थिए भने १२ वटा योजनाहरु क्रमागत रुपमा सञ्चालन भइरहेका छन् । ३ वटा योजनाहरु कार्यान्वयनमा आउन सकेन । वडागत योजना कार्यवन्वयन अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**वडागत योजना कार्यान्वयन अवस्था**

| वडा | वडा सिलिङ्ग | संचित कोष | प्रदेश सवारी कर | नगरका गौरवका आ. | प्रदेश समपूरक | संघीय अनुदान | | प्रदेश सशर्त | प्रदेश र स्थानीय पूर्वाधार विकास साझेदार | विविध आकस्मिक योजना | झोलुङ्गे पुल | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | विषेश | सम पूरक | | | | | |
| १ | २२ | १० | - | २ | - | - | १ | - | ३ | ४ | - | ४२ |
| २ | १५ | ३ | - | - | १ | १ | - | १ | - | - | १ | २२ |
| ३ | १८ | ३ | १ | - | - | - | - | १ | १ | ३ | | २७ |
| ४ | २३ | ४ | १ | - | - | - | - | - | १ | - | - | २९ |
| ५ | ९ | १ | - | १ | - | - | १ | - | - | - | - | १२ |
| ६ | १८ | २ | १ | - | - | - | - | - | १ | - | १ | २३ |
| ७ | २७ | ५ | १ | - | १ | - | - | १ | - | १ | | ३६ |
| ८ | ७ | २ | - | १ | १ | | | | ३ | - | - | १४ |
| ९ | ११ | ३ | १ | - | - | - | - | १ | - | - | - | १६ |
| १० | ८ | ६ | - | - | - | १ | - | - | - | - | - | १५ |
| ११ | ३१ | १ | १ | - | - | - | - | १ | १ | - | - | ३५ |
| १२ | १९ | ० | ३ | - | - | - | - | - | १ | - | - | २३ |
| १३ | १५ | २ | १ | - | १ | - | - | - | २ | १ | | २२ |
| १४ | १४ | ३ | १ | - | - | १ | - | - | - | - | - | १९ |
| जम्मा | २३७ | ४५ | ११ | ४ | ४ | ३ | २ | ५ | १३ | ९ | २ | ३३५ |

उपर्युक्त तालिका अनुसार स्रोतका हिसावले ११ किसिमका योजनाहरु विभाजन भएको छ । सवैभन्दा वढी वडा सिलिङ्गवाट २३७ वटा र सवैभन्दा कम संघीय सम पूरक एंव झोलुङ्गे पुलमा २/२ वटा योजनाहरु सञ्चालन भएको छ । कुल योजनाहरु मध्ये वडा सिलिङ्गबाट ७० प्रतिशत योजनाहरु छनौट भएको छ । यसवाट योजना छनौट र कार्यान्वयनमा प्रत्यक्षरुपमा लाभान्वित समुदायको सहभागितामा आधारित रहेको छ भन्न सकिन्छ ।

- **वजेट सीमा र क्षेत्रगत आधारमा योजना :**

  आर्थिक वर्ष २०७६/०७७ मा विषयगत क्षेत्रहरु सडक, खानेपानी, सिचाई, कार्यालय भवन/मठ मन्दिर तथा अन्य पूर्वाधारमा योजनाहरु छनौट भइ कार्यक्रमहरु सञ्चालन भएका थिए। पचास हजार भन्दा कम देखि पचास लाख भन्दा वढी बजेट विनियोजन भई योजनाहरु सञ्चालन भएका थिए। वजेट सीमा र क्षेत्रगत आधारमा योजनाहरु निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**वजेट सीमा र क्षेत्रगत योजनाहरु**

| क्र स | विषयगत क्षेत्र | ५ लाख भन्दा कम | ५ लाख देखि १० लाख सम्म | १० लाख देखि ५० लाखसम्म | ५० लाख भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सडक | ७० | १५ | १५ | ५ | १०५ |
| २ | खानेपानी | ६९ | २ | ७ | - | ७८ |
| ३ | सिचाई | २७ | ३ | ३ | - | ३३ |
| ४ | कार्यालय भवन | - | - | १ | ५ | ६ |
| ५ | मठमन्दिर तथा अन्य पूर्वाधार | ८१ | ११ | ६ | ३ | १०१ |
| | जम्मा | २४७ | ३१ | ३२ | १३ | ३२३ |

यस तालिका अनुसार ३२३ वटा योजनाहरुमध्ये सडक सम्वन्धी योजनाहरु प्राथमिकतामा परेको छ। ३२ प्रतिशत योजना सडकसँग सम्वन्धित रहेका छन्। सडक पछि दोस्रो प्राथमिकतामा मठ मन्दिर तथा अन्य पूर्वाधार परेको देखिन्छ। लागतको हिसावले कुल योजनाहरुमध्ये ५ लाख भन्दा मुनिका ७६ प्रतिशत योजनाहरु रहेका छन्। यसले ठूला योजनाहरुमा भन्दा स(साना टुक्रे योजनाहरु छनौटमा ध्यान गएको देखिन्छ। अवलम्वन गरिएको नीति र योजनाहरुको छनौट एंव व्यवस्थापन वीचमा तालमेल भएको देखिदैन। जनशक्तिको अभावमा पर्याप्तरुपमा प्राविधिक सहयोग उपलव्ध गराई मापदण्ड वमोजिमको गुणस्तर सुनिश्चितता कायम गराउन कठिन भएको छ।

- **योजनाहरुको अनुगमनको अवस्था:**

  नगर भित्र सञ्चालित योजनाहरुको नियमित रुपमा अनुगमन गरी गुणस्तर नियन्त्रणमा जोड दिनु पर्दछ। योजनाहरुको नियमित अनुगमन प्रणालीवाट प्रभावकारी रुपमा निर्धारित समय सीमामा योजना सम्पन्न गर्न र दीगोपनामा सहयोग पुग्दछ। योजना एंव कार्यक्रमको अनुगमनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले उपप्रमुखलाई जिम्मेवार वनाएको छ। यस सन्दर्भमा यस नगरपालिका भित्रका दश लाख भन्दा माथिका योजना एंव कार्यक्रमहरुको अनुगमनका लागि उपप्रमुखको संयोजकत्वमा अनुगमन समिति गठन भई योर्जना सञ्चालन पूर्व, सञ्चालन भई रहेको अवधिमा र योजना सम्पन्न भए पछिका तीनै चरणमा हुने गरेको छ। योजनाको भुक्तानी प्रक्रियामा अनुगमनको प्रतिवेदनलाई अनिवार्य वनाइएको छ। सो भन्दा कम लागतका योजना एंव कार्यक्रमहरुको अनुगमन वडा स्तरीय अनुगमन समितिवाट हुने गरेको छ।

  नगर भित्र उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना एंव कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न उपभोक्ता समिति परिचालन सम्बन्धी कार्यविधि जारी गरिएको छ। उक्त कार्यविधिले वडा भित्र सञ्चालन हुने योजना एंव कार्यक्रमहरुको अनुगमनका लागि नागरिकहरुको स्तरवाट अनुगमन गर्ने व्यवस्था गरेको छ। योजना एंव कार्यक्रमहरु सञ्चालन सम्वन्धी विधि प्रक्रियाको वारेमा उपभोक्ता समितिका पदाधिकारी र अनुगमन समितिमा रहेका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम गर्नु पर्ने प्रावधान अनुरुप कार्यक्रम सञ्चालन भएका छन्। आ व २०७६र ०७७ मा योजना एंव कार्यक्रमहरुको अनुगमनको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ।

**अनुगमन भएका योजनाहरु (नगर स्तरीय अनुगमन समितिवाट)**

| क्र.स. | क्षेत्रगत योजनाहरु | सञ्चालित योजनाहरु | अनुगमन भएको योजना |
|---|---|---|---|
| १ | सडक | २२ | २२ |
| २ | खानेपानी | ११ | ११ |
| ३ | सिँचाई | ४ | ४ |
| ४ | भवन निर्माण | ३ | ३ |
| ५ | मन्दिर, सत्तल, सिढी, पर्यटन | ५ | ५ |
| ६ | अन्य | ८ | ८ |
| | जम्मा | ५३ | ५३ |

यस तालिकावाट सञ्चालित योजनाहरुको गुणस्तर नियन्त्रणका लागि अनुगमन प्रणालीलाई ससक्त वनाएको देखिन्छ। भुक्तानी प्रणालीमा अनुगमन समितिको प्रतिवेदन अनिवार्य व्यवस्थाले पनि सवै आयोजनाहरुको अनुगमन हुने गरेको देखिन्छ। यो व्यवस्थालाई योजना कार्यान्वयनमा प्रभावकारी व्यवस्थाको रुपमा लिन सकिन्छ।

### २.३.२ पूर्वाधार विकास

हाम्रो समाजमा विभिन्न क्षेत्रहरुको विकास मध्ये महत्वपूर्ण विकासको रुपमा पूर्वाधार विकासलाई लिइने गरिन्छ। विकास भनेकै पूर्वाधार क्षेत्रको विकास हो भन्ने मान्यता रहेको छ। यो प्रत्यक्ष रुपमा देखिने र अनुभव गर्न सकिने हुन्छ। पूर्वाधार विकासको क्षेत्रलाई सम्मृद्धिको आधारको रुपमा लिइएको छ। आर्थिक वर्ष २०७६/०७७ मा "ठूला पूर्वाधार, समृद्ध आधार" भन्ने मुल आदर्श वाक्यका साथ नीतिहरु निर्माण गरिएका थिए। विशेष गरी पूर्वाधार निर्माणमा सार्वजनिक, निजी, सामूहिक लागत साझेदारी तथा वाह्रय श्रोत परिचालनमा प्राथमिकता दिने, रोजगारी सिर्जना हुने, वातावरणमा कम असर पर्ने, कम लागतमा धेरै जनसख्या लाभान्वित हुने तथा ठूला क्रमागत योजनाहरुमा प्राथमिकता दिने जस्ता नीतिहरु अख्तियार गरिएका थिए। विशेषगरी संघ र प्रदेश सरकारको समन्वयमा नगर केन्द्र देखि वडा केन्द्र जोड्ने र प्रमुख बजार केन्द्र तथा कृषि उत्पादन केन्द्र जोड्ने सडकहरुलाई प्राथमिकता दिने नीति लिइएको थियो। यिनै नीतिहरुको आधारमा वजेट विनियोजन भई कार्यक्रमहरु सञ्चालन भएका थिए। योजना छनौट टोल वस्तीवाट आवश्यकता पहिचान गर्न लगाई वडा समिति मार्फत प्राथमिकीकरण गरी कार्यपालिका हुँदै नगर सभावाट योजनाहरु स्वीकृत हुने गरेको छ।

- **पूर्वाधार योजनाहरुको प्रगतिको अवस्था**

  आर्थिक वर्ष २०७६/०७७ मा पूर्वाधारको क्षेत्रमा ३३८ वटा योजनाहरु निर्धारित भएका थिए। जस मध्ये ३२३ वटा योजनाहरु सञ्चालन भई सम्पन्न भएका थिए भने १२ वटा योजनाहरु क्रमागत रुपमा सञ्चालन भइरहेका छन्। ३ वटा योजनाहरु कार्यान्वयनमा आउन सकेन। पूर्वाधारजन्य योजनाहरुको उपलव्धि एंव कार्य प्रगतिको अवस्थालाई तल तालिकामा राखिएको छ।

**पूर्वाधार योजनाहरुको प्रगति अवस्था**

| क्र स | योजनाहरु | एकाई | प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | **सडक** | | | |
| | नयाँ ट्र्याक | कि मि | १३. ९९१ | |
| | चौडा वढाइएको | कि मि | ८६. ७८ | |
| | ग्रावेल सोलिङ्ग | कि मि | ५.९०० | |
| | सडक मर्मत | कि मि | १११ | |
| | कालो पत्रे | कि मि | २.२२ | |
| २ | **खानेपानी** | | | |
| | पाइपलाइन | कि मि | ४६. ९१ | |
| | ट्याङ्की | वटा | ३४ | |
| | धारा | वटा | ७ | |
| ३ | **सिचाई** | | | |
| | पक्की | मिटर | १७७३ | |
| | कच्ची | मिटर | ३०० | |
| | पोखरी | वटा | १० | |
| | पाइप | मिटर | ३३१६ | |
| ४ | **कार्यालयर विद्यालय भवन** | वटा | ६ | |
| ५ | **झोलुङ्गे पुल मर्मत** | वटा | २ | |
| ६ | **अन्य पूर्वाधार** | वटा | २९ | |
| ७ | **मठ मन्दिर** | वटा | २१ | |

प्रस्तुत तालिका अनुसार पूर्वाधार निर्माण कार्य ७ वटा क्षेत्रमा भएको देखिन्छ। ७ वटा क्षेत्र मध्ये सडक निर्माणमा विभिन्न किसिमका कार्यहरु भएको छ। निर्दिधिष्ट नीति वमोजिम वडा कार्यालय जोड्ने सडकलाई वाह्रै महिना सुचारु गराउने अभिप्रायले चौडा वढाउने, ग्रावेलिङ्ग गर्ने र सडक मर्मत गर्ने कार्यमा वढी जोड दिइएको पाईन्छ। यस प्रकारका कार्यहरुवाट नगर भित्रका मुख्य सडकहरु वाह्रै महिना सुचारु हुने अवस्था रहेपनि दीगोपना आउन सकेको देखिदैन। त्यसैले सडकको दीगोपनाका लागि कालोपत्रे सडक निर्माणमा ध्यान दिनु आवश्यक देखिन्छ।

जलवायु परिवर्तनका असरले नगरका कतिपय वडाहरु सुख्ख ग्रस्त वन्दै गएको छ। आम नगरवासीहरु खानेपानीको समस्या भोगी रहेको सन्दर्भमा संघ र प्रदेश सरकारसँगको समन्वयमा खानेपानीको क्षेत्रमा लगानी विस्तार गरी सहश्राव्दीका लक्ष्यहरु परिपूर्तिमा योगदान पुऱ्याउनु पर्ने देखिन्छ।

### २.३.३ नक्शा पास

मन्थली नगरपालिकामा शहरीकरण हुँदै गएसँगै यसको व्यवस्थापन गर्न यस कार्यालयले भवन निर्माण तथा वस्ती विकास शाखाको व्यवस्था गरी सो सम्बन्धी काम गर्दै आएको छ। मन्थली नगरपालिकालाई व्यवस्थित शहरको रुपमा विकास गर्नका लागि भवन निर्माण गर्दा भवन निर्माण मापदण्ड २०७२ एंव भवन निर्माण आचारसंहितालाई मध्यनजर गरिएको छ। हाल भवन निर्माणका लागि नक्सापास गरेर मात्र भवन निर्माण कार्य गर्नुपर्ने व्यवस्था रहेको छ। विगतमा वनेका मापदण्ड पुगेका घरहरुको नक्सा पास गरिएको छ भने मापदण्ड नपुगेका घरहरु अभिलेखीकरण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ। बनेका घरहरुको अनुगमन तथा मुल्याङ्कन गरेर मापदण्ड पुरा भएका घरहरुलाइ मात्र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्दै आएको छ।

**नक्शा पास सम्वन्धी कार्य प्रगतिको अवस्था**

| क्र.स. | विवरण | संख्या |
|---|---|---|
| १ | आ.ब.२०७५/०७६ मा नक्सा पास का लागि परेका निबेदन | ६७ |
| २ | प्रथम चरण (PLINTH LEVELS) सम्म को निर्माण अनुमति लिएको | ६५ |
| ३ | दोस्रो चरण (SUPER STRUCTURE) को अनुमती लिएको | २५ |
| ४ | नक्सा नियमित गरी पास गरीयको भवनको | २ |
| ५ | निर्माण सम्पन्न | १० |
| ६ | आ.ब. २०७५/०७६ मा नक्सा अभिलेखिकरण का लागि परेका निबेदन संख्या १४ मध्ये भवनको अभिलेखीकरण गरीएको | १४ |
| ७ | आ.ब.२०७६/०७७ मा नक्सा पास का लागि परेका निबेदन | ३३ |
| ८ | प्रथम चरण (PLINTH LEVELS) सम्म को निर्माण अनुमति लिएको | ३० |
| ९ | दोस्रो चरण (SUPER STRUCTURE) को अनुमति लिएको | ६ |
| १० | नक्सा नियमित गरी पास गरीयको भवनको | १ |
| ११ | नक्सा अभिलेखिकरण का लागि परेका निबेदन संख्या ३३ मध्ये भवनको अभिलेखीकरण गरिएको | ३० |
| १२ | पहिले पास भई यो आ.ब. मा निर्माण सम्पन्न लिएका भवनको | ११ |
| १३ | पहिला नक्सापास भई समयमै निर्माण सम्पन्न गर्न नसकी म्याद थप गरिएका भबनहरु | २६ |
| १४ | पहिले पास भई यो आ.ब. मा निर्माण सम्पन्न लिएका भवन | २ |
| १५ | पहिला नक्सापास भई समयमै निर्माण सम्पन्न गर्न नसकि म्याद थप गरिएका भबनहरु | १६ |

## २.४ आर्थिक विकास

### २.४.१ कृषि विकास

मन्थली नगरपालिकाको कुल क्षेत्रफल २११७७ हेक्टर क्षेत्रफलमध्ये खेतीयोग्य जमिन ७३३६ हेक्टर रहेको छ। जसमध्ये खेती गरिएको सिंचित जग्गा ५८६९ हेक्टर र असिंचित जग्गा ४५१३ हेक्टर रहेको छ। भु उपयोगको अवस्था हेर्दा खेती योग्य जमिनको करिब ८० प्रतिशतमा खेती गरिदै आएको छ। वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**कृषि भू उपयोगको अवस्था**

| वडा नं. | क्षेत्रफल वर्ग कि.मि. | हेक्टर | खेती योग्य जमिन (हे.) | सिंचित क्षेत्र (हे.) | असिंचित क्षेत्र (हे.) | खेती गरिएको जमिन (हे.) |
|---|---|---|---|---|---|---|
| १ | १०.९४ | १०९४ | ४९६ | ९२ | ३०५ | ३९७ |
| २ | १२.१५ | १२१५ | ४३४ | ८१ | २६६ | ३४७ |
| ३ | १४.१८ | १४४८ | ३१२ | ५७ | १९३ | २५० |
| ४ | १९.८६ | १९८६ | ५९८ | ११० | ३६८ | ४७८ |

| वडा नं. | क्षेत्रफल वर्ग कि.मि. | हेक्टर | खेती योग्य जमिन (हे.) | सिंचित क्षेत्र (हे.) | असिंचित क्षेत्र (हे.) | खेती गरिएको जमिन (हे.) |
|---|---|---|---|---|---|---|
| ५ | १२.९४ | १२९४ | ६६५ | १२३ | ४०९ | ५३२ |
| ६ | ३१.५९ | ३१५९ | ९०५ | १६७ | ५५७ | ७२४ |
| ७ | २५.४८ | २५४८ | ७६८ | १४२ | ४७२ | ६१४ |
| ८ | १०.०२ | १००२ | ४४४ | ८२ | २७३ | ३५५ |
| ९ | ११.७२ | ११७२ | ६०१ | १११ | ३७० | ४८१ |
| १० | १३.१६ | १३१६ | ३७१ | ६९ | २२८ | २९७ |
| ११ | १८.३३ | १८३३ | ६०३ | १११ | ३७१ | ४८२ |
| १२ | ७.८५ | ७८५ | २५९ | ४८ | १५९ | २०७ |
| १३ | ११.७३ | ११७३ | ४४५ | ८२ | २७४ | ३५६ |
| १४ | ११.५२ | ११५२ | ४३५ | ८१ | २६७ | ३४८ |
| जम्मा | २११.७७ | २११७७ | ७३३६ | १३५६ | ४५१३ | ५८६९ |

**सञ्चालित कार्यक्रमको अवस्था :**

आ व २०७६/०७७ मा मन्थली नगरपालिकामा वित्तीय समानीकरण सशर्त पर्व्त र एक वटा आयोजना गरी ३ प्रकारका कार्यक्रमहरु सञ्चालनमा रहेका थिए। कार्यक्रमको बजेट क्रमश ४० लाख, १० लाख र १३ लाख गरी जम्मा ६३ लाख रहेको थियो। कुल ६३ लाख वजेटमध्ये करिब ५३ लाख ५२ हजार अर्थात ८४.९५ प्रतिशत खर्च भएको छ भने भारित प्रगति ८७.२५ प्रतिशत रहेको छ। सञ्चालित कार्यक्रमबाट ३०७३ परिवार अर्थात नगरको कुल कृषक परिवार संख्या (८५०० लगभग) को ३६.१५ प्रतिशत लाभान्वित भएका छन् जसको विवरण तल तालिकाहरुमा देखाईएको छ।

**कुल बजेट र खर्चको अवस्था (बजेट रु. हजारमा)**

| क्र.सं. | विवरण | संघीय सरकार | प्रदेश सरकार | स्थानीय | VCDP | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | बजेट | १००० | | ४००० | १३०० | ६३०० |
| २ | खर्च | १००० | | ३०५२ | १३०० | ५३५२ |
| ३ | वित्तीय प्रगति (प्रतिशतमा) | १०० | | ७६.३ | १०० | ८४.९५ |
| ४ | भौतिक प्रगति (प्रतिशतमा) | १०० | | ७९.९२ | १०० | ८७.२५ |

(*कृषि सेवा सम्बन्धी भएका वित्तिय प्रगतिको विवरण अनुसुचि ४ मा राखिएको छ।)

### २.४.२ पशु पंक्षी विकास

नेपालमा कुल जन संख्याको ६५ प्रतिशत जनसंख्या कृषिमा आधारित रहेको छ। कुल ग्राहस्थ योगदानमा कृषि क्षेत्रको योगदान एक तिहाई रहेको छ, त्यसै गरी GDP मा पशुपालनको योगदान ३१ प्रतिशत रहेको छ। पशुपन्छी पालन व्यवसाय परापूर्वकालदेखी चलि आएको छ। नेपालको तराईदेखी हिमाली क्षेत्र सम्म फैलिएको यो व्यवसाय अधिकांश स्थानमा परम्परागत शैलीको छ। कृषि प्रणालीमा पशुपालनको ठुलो योगदान रहेको र कुल कृषि ग्राहस्थ उत्पादनमा एक तिहाई हिस्सा पशुपालन क्षेत्रले ओगटेको छ। दुध उत्पादनमा भैसीको ७० प्रतिशत र गाईको योगदान ३० प्रतिशत रहेको छ, भने मासुमा भैसी, राँगाको योगदान ६५ प्रतिशत र मासुमा खसी वोकाको योगदान २० प्रतिशत, हाँस र कुखुराको मासुको योगदान ७ प्रतिशत र बंगुरको मासुको योगदान ६ प्रतिशत रहेको छ

त्यस्तै भेडाको १ प्रतिशत माछाको १ प्रतिशत रहेको छ। पशु पालन व्यवसायलाई जीवन निर्वाहमुखीबाट व्यवसायीकरण गर्न चुनौति एकातिर रहेको छ भने अर्कोतिर उपलब्ध श्रोतसाधनको उपयोग गरी प्रति इकाई कम लागतमा पशु तथा पशुजन्य पदार्थ उत्पादन गर्नु पर्ने चुनौति विद्यमान छ।

यसै कुरा लाई विश्लेषण गरी यस मन्थली नगरपालिकाले पशु पालन व्यवसाय सञ्चालन गरी रोजगारी तथा आर्थिक अवस्थामा सुधार ल्याउन पशु विकास सेवा (व्यवासायीक पशु फर्म) कार्यक्रममा संञ्चालन गरी दुध उत्पादन गरी डेरी प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले कृषकहरुले पालन गर्नु भएको उन्नत जातका गाई भैंसीको बिमा गर्दा लाग्ने शुल्कको शत प्रतिशत अनुदान यस नगरपालिकाले उपलब्ध गराएको छ भने भैसीहरुको संख्या दिनानुदिन घट्दै गई रहेकोले भैसी पालन व्यवसायलाई प्रोत्साहित गर्न भैंसीको सुत्केरी स्याहार प्रोत्साहन भत्ता, पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवा कार्यक्रम, मेडिकल उपचार सेवा, प्रयोगशाला सेवा, प्राविधिक परार्मश सेवा, पशु आहारा सेवा अन्तर्गत पशु आहारामा प्रयोग हुने उन्नत जातका हिउदे, बर्षे, बहुबर्षीय घाँसका विऊ, सेट्स, विरुवाहरु, कृषकहरुलाई ढुवानी अनुदान सहित हिउदे घाँसमा ७५ प्रतिशत र बर्षे घाँसमा ९० प्रतिशत र बहुवर्षीय घाँसमा सतप्रतिशत अनुदानमा उपलब्ध गराउदै आईरहेको छ। जस अन्तर्गत सञ्चालित कार्यक्रमहरुको अवस्था निम्न छ।

| क्र.सं | | संघिय सरकार | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|
| १ | बजेट | ५८२५०० | ६०००००० | ६५८२५०० |
| २ | खर्च | ३६२५०० | ४८६०४०० | ५२२२९०० |
| ३ | वित्तीय प्रगति % | ६२.२१ | ८१.०१ | ७९.३४ |

- **पशुहरुमा लाग्ने महामारी रोग नियन्त्रण कार्यक्रमः**

  यस कार्यक्रम अन्तर्गत खुरफट्टा पशुहरुमा लाग्ने माहामारी रोगहरु जस्तै खोरेत, भेडा बाख्राहरुमा लाग्ने पि.पि.आर. जस्ता महामारी रोग नियन्त्रण गर्ने,एक वडा एक जोनोटिक (रेविज) रोग नियन्त्रण शिविर, परजिवी नियन्त्रण शिविर कार्यक्रम, रिफरल भेटेरिनरी अस्पताल त्रिपुरेश्वरका विज्ञहरुको सहयोगमा मंन्थली वजार पेरिफेरीका छाडा कुकुर नियन्त्रण गरि बन्ध्याकरण तथा रेबिज खोप शिविर जस्ता कार्यक्रमहरु सञ्चालन भएका थिए।

- **मासु,अण्डा र दुधमा आत्म निर्भर कार्यक्रमः**

  यस कार्यक्रम अन्तर्गत मंन्थली नगरपालिकालाई मासुमा आत्मनिर्भर बनाउन थप योगदान पुऱ्याउने उद्देश्य राखी यस न.पा. अन्तर्गतका मासु पसलहरुको अनुगमन निरीक्षण, मासु पसल सुधार गरी स्वच्छ मासु तथा मासु जन्य पर्दाथहरु आम उपभोक्ताहरु उपलब्ध गराउन नियमन गर्ने, व्यवसायिक बाख्रा फर्म प्रवर्द्धन कार्यक्रम, व्यसायिक वगुर फार्म प्रर्द्धन कार्यक्रम, ५० प्रतिशत साझेदारी सहयोगमा पशुपालन समुह/व्यवसायिक बाख्रा फर्महरुलाई उन्नत नश्लका बोका वितरण, ५० प्रतिशत साझेदारी सहयोगमा खोर सुधार तथा व्यवस्थापन सहयोग कार्यक्रम, ५०० भन्दा बढी लेर्यस कुखुरा पालन गर्ने कृषक/फर्म/कृषक समुह/समिति/सहकारीहरुलाई खोर सुधार तथा व्यवस्थापन सहयोग कार्यक्रम,स्वच्छ दुध उत्पादन तथा गाई भैसीपालन तालिम, गाई भैसीमा विमा अनुदान, भैसीमा सुत्केरी स्याहार प्रोत्साहन भत्ता कार्यक्रम दुध उत्पादनमा प्रति लिटर रु.१।- रुपैया अनुदान जस्ता कार्यक्रम सञ्चालन भएका छन्।

- **पशु आहारा विकास कार्यक्रमः**

  यस कार्यक्रम अन्तर्गत मन्थली नगरपालिकालाई दुध/मासु र उन्नत जातका घांसहरुमा आत्मनिर्भर बनाउन थप योगदान पुऱ्याउने उद्देश्य राखी यस न.पा. अन्तर्गतका व्यवसायिक रुपमा गाई/भैसी/बाख्रा/भेडा पालन गर्ने कृषकहरुलाई ढुवानी अनुदान सहित ७५ प्रतिशत अनुदान हिउदे (जै, भेच, बर्षिम) घाँस वितरण ४० हेक्टर पटक १ , ढुवानी अनुदान सहित ९० प्रतिशत अनुदानमा बर्षे घांस (टियोसेन्टि, बाजरा, सुडान) २५ हेक्टर पटक १, सत प्रतिशत अनुदान सहयोगमा बहुवर्षीय (मेण्डुला, भट्मासे, स्टाईलो, मोलासेस्, दिनानाथ) घाँस विकास कार्यक्रम १० हेक्टर पटक १ सम्पन्न गर्ने उद्देश्य राखी यस कार्यक्रमहरु सम्पन्न भएका थिए।

- **जीविकोपार्जन सहयोग कार्यक्रमस**

  यस कार्यक्रम अन्तर्गतका पशुपालनवाट जीबन निर्बाह गरी रहेका कृषकहरुलाई थप व्यवसायिक रुपमा परिर्वतन गराउने र नगरलाई थप दुध/मासु र अण्डामा आत्मनिर्भर बनाउन थप योगदान पुऱ्याउने उद्धेश्य राखी यस न.पा. अन्तर्गतका कृषकहरुको गोठ, खोरलाई व्यवस्थित बनाउने र स्वच्छ दुध दुग्धजन्य पर्दाथ, स्वच्छ मासु तथा मासु जन्य पदार्थ र स्वच्छ अण्डा उत्पादन गराउने उद्देश्य राखी ५० प्रतिशत अनुदान सहयोगमा गाई भैसीको गोठ सुधार ५० प्रतिशत अनुदान सहयोगमा बाख्राको खोर सुधार, ५० प्रतिशत अनुदान सहयोगमा बगुरको खोर सुधार ५० प्रतिशत अनुदान सहयोगमा कुखुराको खोर सुधार जस्ता  कार्यक्रम सम्पन्न भएको थियो ।

- **पशु पन्क्षी बजार प्रर्बद्धन कार्यक्रमः**

  यस कार्यक्रम अन्तर्गत जीबिकोपार्जन मुखी दुधालु गाई/भैसी पालन गरिरहेका वडाहरुबाट दुध संकलन भई बजार सम्म गाउँको दुध उपलब्ध गराउने र ग्रामिण क्षेत्रमा रहेका कृषकहरुको आय आर्जनमा थप टेवा पुऱ्याउने उद्देश्य अनुरुप ५० प्रतिशत साझेदारीमा कृषक समुह/समिति/सहकारीसँग सहकार्य गरी २ वटा दुध संकलन केन्द्र स्थापना भएको छ ।

  (*उल्लेखित कार्यक्रमहरुको विस्तृत विवरण अनुसुचि ५ मा राखिएको छ ।)

### २.४.३ **उद्योग तथा वाणिज्य**

राष्ट्रिय अर्थतन्त्रमा उद्योग तथा बाणिज्य क्षेत्रको योगदान महत्वपुर्ण रहेको छ । स्थानीय स्रोत एवम सीपको उपयोग गरी लघु तथा घरेलु उद्योग व्यवसाय स्थापना र सञ्चालनलाई प्रभावकारी बनाई सन्तुलित विकासमा उद्योग क्षेत्रको योगदान बढाउँदै जानु पर्दछ । यस नगरको सम्पुर्ण वडामा यातायात विद्युत सञ्चार जस्ता सुविधा पुगेसँगै उद्योग तथा बाणिज्य क्षेत्रको विकास र विस्तार गर्न सहज भएको छ । हाल ५ लाख सम्म पुँजी भएको उद्योग व्यवसाय दर्ता प्रक्रिया यस नगरपालिकामा हुने व्यवस्था रहेको छ । यस नगरपालिकाले उद्यमीलाई प्रोत्साहन गर्नका लागि विभिन्न सहयोग र अनुदान रकम उपलब्ध गराउदै आएको छ । युवा उद्यमका लागि युवा समूह एंव फर्मलाई रु पाँच लाखसम्म विना धितो विना व्याज ५ वर्षभित्र भुक्तान गर्ने गरी वर्षमा तीन वटा समूहलाई उपलव्ध गराउने गरी कार्यक्रम सञ्चालन गरेको छ । यहाँ कृषि जडिबुटी तथा स्थानीय सीपमा आधारित उद्योग तथा वाणिज्य क्षेत्रको विकास मार्फत स्थानीय नागरिकलाई रोजगार र स्व(रोजगारको अवसर सृजना गर्दै समग्र नगरको विकासमा ध्यान दिन आवश्यक रहेको छ।

### २.४.४ **सहकारी**

आर्थिक विकासमा सार्वजनिक र निजी क्षेत्र जस्तै सहकारी क्षेत्र पनि एउटा स्तम्भ हो । सार्वजनिक,  सहकारी र निजी क्षेत्रको प्रकृति र सीमितताका कारण उपस्थिति नरहने क्षेत्रमा पनि विस्तार भएर समुदायमा बचत गर्ने बानीको विकास मार्फत पुँजी निमार्णमा सहयोग गरी स्थानीय श्रम, सीप र पुँजीको अधिकतम परिचालन मार्फत स्थनीय स्तरमा रोजगारी तथा स्वरोजगारीको अबसर सृजना गरी गरिवी न्युनीकरणमा सहयोग गर्दछ । मन्थली नगरपालिकाले आफ्नो नियमन क्षेत्राधिकार भित्र पर्ने सहकारी संस्थाहरुको मन्थली नगरपालिकाको सहकारी ऐन २०७५ बमोजिम सहकारी दर्ता, एकीकरण, सूचीकृत र खारेजीका काम गर्दै आएको छ । यस नगरपालिकामा हाल १०९ सहकारी संस्थाहरु संचालनमा रहेका छन् । जसमा रु ६९३२९११५ शेयर पुँजी रहेको र बार्षिक रु ६५२०३४५९१ बराबरको कारोबार सहकारी मार्फत भएको देखिन्छ । यसबाट ४९ जनाले प्रत्यक्ष रुपमा रोजगारी प्राप्त गरेका छन भने बचत तथा ऋण मार्फत वित्तीय सेवा उपलब्ध गराई सदस्यहरुलाई आय आर्जनका क्रियाकलापमा परिचालन भएका छन । कृषि सहकारीका सदस्यहरुलाई कृषि आधुनिकिकरणका लागि आवश्यक यन्त्र उपकरण, मल बिउ विषादी किटनाशक औषधि जस्ता कुराहरु उपलब्ध गराएर सहयोग गर्दै आईरहेको छ । आगमी दिनमा सहकारीको विकासका लागि नगरपालिकाले आवश्यक नीति तथा कार्यक्रम सञ्चालन गरी सहकारीका कार्यलाई व्यवस्थित गर्दै जानु पर्ने देखि खारेजी र एकीकृत गर्ने कार्यलाई जोड दिइएको छ।

| क्र स | विवरण | कृषि | बचत तथा ऋण | बहुउद्देश्यीय |
|---|---|---|---|---|
| १ | गत आ.ब. मा नयाँ दर्ता | २ | १ | १ |
| २ | एकीकरण | १ | | |
| ३ | सूचीकृत तथा अद्यावधिक | १७ | २२ | २ |
| ४ | सूचीकृत तथा अद्यावधिक नभएका | ६३ | | |
| | जम्मा | १०९ | | |

(* यस सम्बन्धी विस्तृत विवरण अनुसुचि ६ मा राखिएको छ।)

### २.४.५ **पर्यटन**

नेपाल प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक दृष्ट्रिले पर्यटनको सम्भावना बोकेको देश हो। नेपालमा पर्यटनका परम्परागत क्षेत्रहरु पर्वतारोहण पदयात्रा धार्मिक तीर्थाटन आदि बाहेक पछिल्लो समय विस्तारको क्रममा रहेको पर्या-पर्यटन, ग्रामिण पर्यटन, साहसिक पर्यटन, कृषि पर्यटन र सांस्कृतिक पर्यटनको सम्भावना रहेको छ। मौलिक पहिचानका उद्यमको विकास तथा पर्यटकीय क्रियाकलापहरु मार्फत प्रत्यक्ष र अप्रत्यक्ष रुपमा रोजगारी सृजना हुन्छ। यस नगरपालिकामा पनि पर्यटकलाई आकर्षण गर्न सक्ने प्राकृतिक सम्पदा साँस्कृतिक सम्पदा तथा धार्मिक सम्पदा रहेका छन।

| क्र.सं. | विवरण | पर्यटकीय क्षेत्र | अवस्थिति |
|---|---|---|---|
| १ | प्राकृतिक सम्पदा | रणजोर खोलाको शिरमा रहेको घ्याप्चेको पहिरो | मन्थली न.पा.४, गैह्राथोक |
| | | फुलासी पोखरी | मन्थली न.पा.१४, फुलासी |
| २ | धार्मिक तथा सास्कृतिक सम्पदा | नागथान मन्दिर | मन्थली न.पा.१, हाटेचौर |
| | | मङ्गला देवि मन्दिर | मन्थली न पा २ |
| | | निलकण्ठेश्वर महादेव मन्दिर | मन्थली न.पा.२, कठजोर |
| | | ऐराम्बासको देवि मन्दिर | मन्थली न.पा.३, ऐराम्बास |
| | | थानापती मन्दिर | मन्थली न.पा.५, मचावारी |
| | | ढिकुरे मन्दिर | मन्थली न.पा.७, भटौली |
| | | भिमसेन मन्दिर | मन्थली न.पा.८, चिसापानी |
| | | बाहुनचुरा बैह्रा महादेवर थानापति मन्दिर | मन्थली न.पा.९, बाहुनचुरा |
| | | पशुपति महादेव मन्दिर | मन्थली न.पा.१२, गेलु |
| | | जालपा मन्दिर | मन्थली न.पा.१२, गेलु |
| ३ | ऐतिहासिक सम्पदा | चिसापानी गढी | मन्थली न.पा.८, चिसापानी |
| | | तिल्केस्थान गढी | मन्थली न.पा.६, भलुवाजोर |

नगरको पहिचानको रुपमा रहेको प्राकृतिक, सांस्कृतिक, धार्मिक सम्पदाहरुको संरक्षण र जगेर्ना गर्दै पर्यटन क्षेत्रको विकासमा आवश्यक ध्यान दिनु पर्दछ।

## २.५ वातावरण तथा विपद् व्यवस्थापन

### २.५.१ विपद् व्यवस्थापन

“विपद्” भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ । विशेषगरी “प्राकृतिक विपद्” को रुपमा हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ। त्यस्तै “गैर प्राकृतिक विपद्” को रुपमा महामारी, अनिकाल, डढेलो, कटि वा सूक्ष्म जिवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद्बाट उत्पन्न विपद् सम्झनु पर्छ।

यस नगरपालिका भित्र हुने आगलागी, डढेलो, वाढी पहिरो, भुकम्प, चट्याङ्क जस्ता महत्वपूर्ण विपद्हरु हुन । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सँग नबाझिने गरी यस मन्थली नगरले कानुन बनाई विपद् व्यवस्थापनको क्षेत्रमा कार्य गरिरहेको छ। यस नगरपालिकाले विपद् व्यवस्थापनका लागि वारुणयन्त्र, व्याकलोडर, एम्वुलेन्स, जस्ता सामग्रीहरु तयारी अवस्थामा राखिएको छ। विपद् व्यवस्थापनको लागि प्रकोप व्यवस्थापन कोषको रुपमा रु ३० लाखको व्यवस्था गरिएको छ।

### २.५.२ फोहोर मैला व्यवस्थापन

फोहर मैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहर मैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहरमैला व्यवस्थापन सम्वन्धी ऐन, २०६८ का आधारमा नगर कानुन वनाइ त्यस कार्यविधिका आधारमा काम भइ रहेको छ।

“स्वस्थ शहर, हाम्रो रहर” भन्ने मुल आदर्श वाक्यका साथ फोहोर मैला व्यवस्थापन सम्वन्धी विभिन्न नीतिहरु अवलम्वन गरिएको थियो। विशेषगरी मन्थली वजारलाई धुलो र हिलो रहित वनाउने, सरसफाई अभियानमा टोल सुधार समितिलाई क्रियाशील वनाउने, फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको निर्माण प्रक्रिया अगाडि बढाउने जस्ता नीतिहरु निर्धारण गरिएका थिए । अधिकांश नीतिहरु कार्यान्वयनमा आए पनि ल्याण्डफिल्ड साइटको व्यवस्थापन नहुँदा घर घरबाट निस्कने फोहोरहरुको व्यवस्थापनमा समस्या भएको देखिन्छ।

## २.६ विधेयक समिति

### २.६.१ कानुन तथा न्याय

नेपालको संविधानको धारा २१७ मा प्रत्येक नगरपालिकामा नगर उपप्रमुखको संयोजकत्वमा र प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा तीन सदस्सीय न्यायिक समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि दफा ५३ सम्म न्यायिक समितिले गर्ने न्यायिक कार्यको वारेमा स्पष्ट व्यवस्था गरिएको छ।

नेपालका प्रचलित यिनै कानुनको अधिनमा रहेर स्थानीय पालिकाहरुले न्यायिक समितिको कार्य सम्पादनका लागि आफैले ऐन नियमहरु बनाउन सक्नेछन् । मन्थली नगरपालिकाले पनि न्यायिक समितिको कार्य सम्पादनका लागि न्यायिक समितिको कार्यविधि ऐन २०७४ जारी गरिसकेको छ।

न्यायिक समितिलाई शुरु अदालतले मुद्दा हेर्ने सरहको कार्यविधिहरु जस्तै उजुरी दर्ता गर्ने, म्याद जारी गर्ने, लिखित जवाफ दर्ता गर्ने, साक्षी प्रमाण वुझ्ने, मिलापत्र गराउने, निर्णय दिन, निर्णय कार्यान्वयन गराउने, अल्पकालीन आदेश जारी गर्ने, सम्पति वैंक खाता रोक्का गराउने जस्ता कार्यविधिगत अधिकार छन् । तर न्यायिक समितिले सबै किसिमका उजुरी भने हेर्न सक्ने अवस्था विद्यमान

ऐनमा छैन । सामान्य खाले घरायसी विवाद, साँध सीमाना विवाद, पानी मुहानको विवाद, कुलो विवाद, ज्याला सम्बन्धी विवाद, पशु चौपाया, भरण पोषण, सामान्य कुटपिट, गाली वेइज्जती लगायतका देवानी प्रकृतिका मुद्दा हेर्ने अधिकार न्यायिक समितिलाई छ। यस वाहेकका प्रचलित कानुन वमोजिम मिलापत्र गराउन मिल्ने देवानी मुद्दा र एक वर्षसम्म कैद सजाय हुन सक्ने फौजदारी मुद्दा न्यायिक समितिले हेर्न मिल्दछ।

न्यायिक समितिलाई निर्णय वा फैसला नै गराउन सक्ने र मिलापत्र मात्र गराउन सक्ने गरी दुई प्रकारका न्यायिक अधिकार रहेको छ। यिनै कानुनी प्रावधानमा रहेर मन्थली नगरपालिकामा गठित न्यायिक समितिले कार्य गर्दै आइरहेको छ।

यसैगरी नगरपालिकाको न्यायिक समितिको काममा सहयोग गर्न एवं नगरपालिकाका लागि आवश्यक ऐन कानुन निर्माण तथा परिमार्जन, नगरपालिकाबाट सम्पादन हुने कार्यसम्पादनमा कानुनी राय परामर्श प्रदान गर्न, नगरपालिकाका विरुद्ध विभिन्न निकायमा पर्न सक्ने उजुरीको प्रतिवाद गर्न, कानुन शाखाको व्यवस्था गरिएको छ। आ व २०७६/०७७ मा नगरपालिकाबाट कार्यविधि एंव निर्देशिकाहरु जारी गरी कार्यान्वयनमा ल्याएको छ र हालसम्म निर्माण भएको ऐन नियम कार्यविधि र निर्देशिकाहरुको विवरण अनुसुचिमा समावेश गरिएको छ। न्यायिक समितिमा परेको उजुरी र फर्छौटको अवस्था निम्न वमोजिम रहेको छ। यसको बाँकी विवरण अनुसुची-८ मा राखिएको छ।

**न्यायिक समितिको उजुरी र फर्छौटको अवस्था**

| सि न | दर्ता सख्या | | | फर्छौट सख्या | कारवाहीको प्रक्रियामा रहेका उजुरि सख्या | सिफारिस | पक्ष सम्पर्कमा नरहेका उजुरी सख्या |
|---|---|---|---|---|---|---|---|
| | गत आवको जिम्मेवारी सरेर आएका | चालु आवमा दर्ता | जम्मा | | | | |
| १ | २४ | ५४ | ७८ | १८ | ४० | २ | १८ |

## २.७ परियोजनाः

### २.७.१ प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम वेरोजगार व्यक्तिहरुलाइ रोजगारको अवसर सृजना गरि नागरिकको जीवनस्तर माथि उकास्न संचालन गरिएको कार्यक्रम हो। यसमा वेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन गरी नागरिकलाई रोजगारका कार्यक्रममा समावेस गरिएको छ। यस नगरपालिकाले पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ३ वटा सडक मर्मत आयोजना वडा न २, ३ र ४ मा सञ्चालन गरी जनतालाई रोजगारी प्रदान गरेको छ। उक्त कार्यक्रमहरुवाट १८७ जनाले औषत १३.७ दिन रोजगारी प्राप्त गरेका थिए।

**प्रधानमन्त्री कार्यक्रमको अवस्था**

| क्र.स | कार्यक्रम | प्रगतिको अवस्था |
|---|---|---|
| १ | वडाबाट प्राप्त बेरोजगार व्यक्तिहरुको तथ्याङ्क इन्ट्रि | ५२६३ |
| २ | वास्तविक बेरोजगार व्यक्तिहरुको पहिचान गरी स्थानीय निर्देशक समिति तथा कार्यपालिकाबाट अनुमोदन | १०९८ |
| ३ | वडासँग माग भएका योजना | १० लाख वरावरका १३ |
| ४ | श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट निर्मित MIS (व्यवस्थापन सूचना प्रणाली) मा तथ्याङ्क प्रविष्टि | १०९८ मध्ये ५५२ जना |
| ५ | योजनाको लागि प्रथम चरणमा प्राप्त वजेट | १७,४८,०००। |
| ६ | योजनाको लागि दोश्रो चरणको थप बजेट प्राप्त | ५,००,०००। |

**कामका लागि पारिश्रमिक आयोजना**

| क्र.स. | कामका लागि पारिश्रमिक आयोजनाको नाम | वडा नं | कुल अनुमानित बजेट (प्राविधिक इष्टिमेट अनुसार) | जम्मा खर्च |
|---|---|---|---|---|
| १ | मन्थली कठजोर धोवी सडकको मन्थली जिरो प्वाइन्टबाट कठजोर सम्म सडक स्तरोन्नती | २ | ७४८८२५।६८ | ७४१३००।०० |
| २ | ठाटी डाँडागाउँ अर्चले मन्थली सडक साइड नाला निर्माण | ३ | ७१३८६९।२१ | ५३०२००।०० |
| ३ | पार्सलडाँडा देखि रानीटार सम्म मर्मत, सोलिङ तथा नाला निर्माण कार्य। | ४ | ७३९३२२।१३ | ७३४७५८।०० |
| | जम्मा | | | २००६२५८०० |

**लाभान्वितहरूको विवरण**

| वडा नं | लाभान्वित बेरोजगार संख्या | रोजगारी दिन संख्या (औसत) | ज्याला रकम |
|---|---|---|---|
| २ | ४४ | १८.९३ | रु.६,१६,४२०.०० |
| ३ | ५७ | १२ | रु.५,०६,१६०.०० |
| ४ | ७६ | १०.१६ | रु.५,७२,०२०.०० |
| रोजगारी औसत दिन-१३.७ दिन | | | |

### २.७.२ **सामी रोजगार प्रवर्द्धन कार्यक्रम**

स्वीस सरकार र नेपाल सरकारबीच २०७५ भाद्र २० गते सम्पन्न सम्झौता अनुसार आर्थिक बर्ष २०७५/०७६ आश्विन देखि २०७८/०७९ को असार मसान्तसम्मका लागि परियोजनाको तेश्रो चरणको रुपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नीतिगत निर्देशनमा सुरक्षित आप्रवासन (सामी परियोजना) कार्यक्रम सञ्चालन भईरहेको छ। स्वीस विकास सहयोग नियोगबाट कार्यक्रम सम्झौता अनुरुप रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालनार्थ आवश्यक बजेटको व्यवस्था गरेको छ र यस परियोजनाका लागि सामी र हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपालले प्राविधिक सहयोगी संस्थाको रुपमा काम गरिरहेको छ। यस परियोजनाले बिषेशतः बैदेशिक रोजगारीमा जान चाहाने महिला तथा पुरुषहरुलाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सूचनामा पहूँच, न्यायमा पहुँच र सीपमा पँहुच अभिवृद्धि गर्ने मूल उद्देश्यका साथ कार्यक्रम सञ्चालन भईरहेको छ। स्वदेशमा नै रोजगारी गरौं, बैदेशिक रोजगारीमा जाने नै भए सीप सिकेर, सुचना लिएर मात्रै जाऔं भन्ने निर्देशक सिद्धान्तका साथ यस मन्थली नगरपालिकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत उपलब्ध सशर्त अनुदानबाट कार्यक्रमहरु सञ्चालनमा रहेको छ।

### **सञ्चालित कार्यक्रमहरू :**

**क) आप्रवासी स्रोत केन्द्र:**

यस केन्द्रले बिशेषगरी बैदेशिक रोजगारीका लागि खाडी मुलुक (कतार, साउदी अरेयिबा, बहराईन, ओमन, यु.ए.ई र कुवेत) र मलेसिया जान चाहने यूवाहरुलाई सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी निःशुल्क परामर्श दिने, सीप सिकेर कामका लागि बिदेश जान चाहनेहरुका निःशुल्क सीप तालिमका लागि रिफर गर्ने, बैदेशिक रोजगारीको शिलसिलामा स्वदेश तथा बिदेशमा समस्यामा परेका व्यक्तिहरुलाई न्यायका लागि आवश्यक सहयोग गर्ने, गन्तव्य मुलुकमा सम्झौता अनुसारको काम, तलब र सेवा नपाएका श्रमिकहरुलाई आवश्यक सहयोग गर्ने, बैदेशिक रोजगारीको शिलसिलामा मृत्यु वा अंगभंग भई स्वदेश झिकाउन आवश्यक सहयोग गर्ने, पीडितको परिवारहरुलाई आर्थिक सहायताका लागि आवश्यक सहयोग र समन्वय गर्ने कार्यहरु गर्दै आईरहेको छ। साथै बैदेशिक

रोजगारीसँग सम्वन्धित ठगी, जालसाँजी र अन्य प्रकृतिका उजुरीहरुमा आवश्यकता र औचित्य हेरी जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र स्थानीय तहहरुसँग आवश्यक समन्वय गरी नियमित कार्यहरु संञ्चालन गरिरहेको छ।

जिल्ला प्रशासन कार्यालयमा सञ्चालित यस केन्द्र नै यस कार्यक्रमको प्रमुख मेरुदण्ड हो। विशेषगरी बैदेशिक रोजगारीमा जाने सोच बनाएका तर ठगी तथा अन्य समस्यामा पर्न सक्ने उच्च जोखिम भएका महिला तथा पुरुषहरुलाई यस केन्द्रले आवश्यकता अनुसारको सूचना तथा परामर्श सेवा दिने गरिएको छ। जस अन्तर्गत आ.व. २०७६/०७७ मा जिल्ला प्रशासन कार्यालयमा पासपोर्ट बनाउन आएका सेवाग्राही मध्य देहाय अनुसारका व्यक्तिहरुलाई सूचना तथा परामर्श सेवा प्रदान गरिएको छ।

**सेवा प्राप्त गर्ने सेवाग्राहीहरुको तुलनात्मक अवस्था**

| क्र स | विवरण | महिला | पूरुष | जम्मा |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालयवाट MRP लिने सेवाग्राहीहरु | १३७६ | २२८० | ३६५६ |
| २ | आप्रवासी स्रोत केन्द्रवाट परार्मश सेवा लिने सेवाग्राहीहरु | १२८८ | २१२५ | ३४१३ |
| ३ | सेवा प्राप्त गर्नेहरुको प्रतिशत | ९४.००५ | ९३.००५ | ९३.००५ |

**ख) मनो सामाजिक परामर्श सेवाः**

हाल समाजमा बैदेशिक रोजगारीका कारण सामाजिक लागत (Social Cost) बढ्दो क्रममा रहेको देखिन्छ। बैदेशिक रोजगारीका कारण नेपाली समाजमा बिभिन्न किसिमका बिकृतिजन्य घटनाहरु घटिरहेका छन्। आन्तरिक बसाईँसराईमा बृद्धि भएको छ। बसाईंसराईका कारण शहरको जनघनत्व दिनानुदिन बढिरहेको छ भने गाउँमा बृद्ध/बृद्धाहरु साहारा बिहिन बन्दै गईरहेका छन्। बैदेशिक रोजगारीका कारण हाम्रै वरिपरिका समाजमा अभिभावक विहिन बालबालिकाहरुको संख्यामा वृद्धि हुदै जानुका साथै र उनीहरुका पालन पोषण तथा शिक्षा दिक्षामा तुषारापात भईरहेको छ। कृषि उत्पादन घट्दो अवस्थामा रहेको छ भने कृषिका लागि उपयुक्त जग्गा जमिनहरु बाँझिदै जाने क्रम बढिरहेको छ। पारिवारिक बेमेल, परिवारको उचित व्यवस्थापनको अभाव, ऋणको भार, बिदेशमा सोचे अनुसारको काम र कमाई नहुनु, दोस्रो बिवाह तथा अन्य पारिवारिक समस्याका कारण परिवार खण्डित हुँदै जाने अवस्था सिर्जना भएको छ। अतः यस किसिमका समस्या समाधानको लागि यस कार्यक्रमले पूर्ण गोपनियताका साथ आप्रवासी कामदार र उनका परिवारहरुका लागि व्यक्तिगत तथा सामुहिक मनो सामाजिक परामर्श सेवा सञ्चालन गर्दै आइरहेको छ। मनोसामाजिक परामर्श सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न सामी/हेल्भेटास अन्तर्गत सि.एम.सी नेपालले स्थानीय तहमा कार्यरत मनोसामाजिक परामर्श कर्ताहरुको क्षमता विकास तथा मनो सामाजिक केशहरुमा आवश्यकतानुसार प्राविधिक सहयोग उपलब्ध गराउँदै आईरहेको छ। जस अनुसार ६१५ (२०५ जना महिला र ४१० जना पुरुष) जनाले मनोसामाजिक परामर्श सेवा प्राप्त गरेका थिए।

**ग) वित्तीय साक्षरता कार्यक्रमः**

नेपाल राष्ट्र बैंङ्कको प्रतिबेदन अनुसार बैदेशिक रोजगारीबाट नेपालको ५६.१ प्रतिशत घरधुरीमा बिप्रेषण प्राप्त हुने गरेको देखिन्छ। तर कमाए कै समयमा बिप्रेषणबाट प्राप्त आम्दानीको उचित व्यवस्थापन गर्न नसक्दा परिवारको आबश्यकता (बिषेशगरीः खाना, नाना र छाना) परिपूर्तिको लागि परिवारबाट निरन्तर रुपमा कुनै न कुनै सदस्य रोजगारीका लागि बिदेश नै गईरहनु पर्ने अवस्था सिर्जना भएको देखिन्छ। अतः यस कार्यक्रमले बैदेशिक रोजगारीबाट प्राप्त बिप्रेषण रकमको उचित प्रयोग गरी स्वरोजगारका अवसर सिर्जना गर्न, स्थानीय सीप र पूँजीको परिचालन गर्ने उद्देश्यले बैदेशिक रोजगारमा गएका घर परिवारको बित्तीय लक्ष्य निर्धारण, पारिवारिक योजना निर्माण, फजुल खर्च घटाई बचत बृद्धि गर्न बित्तीय साक्षरता कक्षा सञ्चालन गरिरहेको छ। यस कक्षामा बिप्रेषण प्राप्त गर्ने व्यक्ति स्वयं यस कक्षाको सहभागी हुने हुँदा व्यक्तिका बित्तीय व्यवहारहरु परिवर्तन हुँदै जानेछन्। फलस्वरुप परिवारलाई बिपन्नताबाट सम्पन्नताको अवस्थासम्म लैजान बित्तीय साक्षरता कक्षाले प्रभावकारी भूमिका निर्वाह गर्नेछ। यस कार्यक्रम सञ्चालनका लागि सामी/हेल्भेटास अन्तर्गत डिप्रोक्स नेपाल (गैह्र सरकारी संस्था) ले स्थानीय तहमा कार्यरत वित्तीय साक्षरता सहजकर्ताहरुको क्षमता विकास तथा प्रभावकारी कक्षा संञ्चालनका लागि आवश्यक प्राविधिक सहयोग गर्दै आईरहेकोमा COVID-19 को प्रभाव र असरका कारण कार्यक्रम सञ्चालन हुन सकेन।

**घ) रिटर्नी स्वयंसेवक परिचालनः**

सामी/रोजगार प्रर्बद्धन कार्यक्रमले रोजगारीको सिलसिलामा बिदेशमा कम्तीमा २ वर्ष काम गरी नेपाल फर्केका र पुनः रोजगारीका लागि विदेश नजाने निर्णय लिएका व्यक्तिहरुलाई रिटर्नी स्वयंसेवकको रुपमा परिचालन गर्दै आइरहेको छ। यस नगरपालिकामा ३ जना रिटर्नीहरुलाई स्वयंसेवकको रुपमा परिचालन गरिएको छ। बिषेशगरी रिटर्नी स्वयंसेवकहरुले बैदेशिक रोजगारीको लागि बिदेश जान चाहने यूवाहरुलाई समुदायमा भेटी आफ्ना अनुभवहरु बताउने वा सुनाउनेछन् । साथै बिदेशमा गर्नुपर्ने काम, अपनाउनु पर्ने सावधानी, पूरा गर्नुपर्ने कानुनी प्रकृया, ध्यान दिनु पर्ने कुराहरु, बैदेशिक रोजगारीका लागि आवश्यक पर्ने लागत र बैदेशिक रोजगारीको शिलसिलामा स्वदेश तथा बिदेशमा विभिन्न किसिमका समस्यामा परेका व्यक्तिहरुलाई न्यायको लागि आबश्यक सहयोग गर्न जिल्ला स्थिति आप्रवासी श्रोत केन्द्रमा सम्पर्क र समन्वय गराउने छन्। समुदाय स्तरमा सञ्चालन गरिने मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता कक्षा, बृहत अभिमुखीकरण र समुदाय अभिमुखीकरणका लागि कार्यक्रमको व्यवस्थापन, सम्पर्क र समन्वय तथा सहकार्य गर्न आवश्यक सहयोग गर्नेछन् ।

**रिटर्नी स्वयंसेवकवाट भएका कार्यहरुको अवस्था**

| क्र स | क्रियाकलाप | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | नयाँ भेटेको | १३ | २६५ | २७८ | |
| २ | फलोअप | ३ | ७१ | ७४ | |
| ३ | तथ्याङ्क संकलन | १२ | ६३७ | ६४९ | |
| ४ | केश रिफर | ० | ७ | ७ | |
| | जम्मा | २८ | ९८० | १००८ | |

**ङ) रेडियो कार्यक्रम तथा रेडियो सुचना उत्पादन र प्रसारणः**

अहिले पनि गाउँघरका लागि सुचनाको उचित स्रोत रेडियो नै हो ।गाउँका सवै घरपरिवारमा टेलिभिजनको पँहुच नहुँदा सुचना प्राप्त गर्ने माध्यम नै रेडियो बन्न पुगेको छ। अतः यस कार्यक्रमले रामेछापमा सञ्चालित दुईवटा रेडियो (हजुरको रेडियो १०२.१ मेगाहर्ज र रेडियो तिफदि ९९.१ मेगाहर्ज) सँग रेडियो सूचना तथा रेडियो कार्यक्रम उत्पादन र प्रसारणका लागि साझेदारी गरिरहेको छ। दुरदराजमा रहेका समुदाय तहसम्म सुरक्षित बैदेशिक रोजगारी सम्वन्धी सुचना पुऱ्याउने उद्देश्यका साथ यस कार्यक्रमले रेडियोसँग सहकार्य गर्दै सुरक्षित बैदेशिक रोजगारी सम्वन्धी रेडियो सूचना तथा साप्ताहिक रुपमा रेडियो कार्यक्रम उत्पादन र प्रसारण गर्दै आईरहेको छ।

यस परियोजनाले संघीय, प्रदेश तथा स्थानीय सरकारहरुमा विभिन्न सरोकारवाला निकायहरुसँग सहकार्य गर्दछ। परियोजनाले संघीय स्तरमा विशेषगरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार वोर्ड र वैदेशिक रोजगार विभाग, आप्रवासन सम्बन्धी कार्य गर्ने अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसंग सहकार्य गर्दछ। प्रदेश स्तरमा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय स्तरहरुमा जिल्ला समन्वय समिति, स्थानीय सरकारहरु  जिल्ला र ईलाका प्रशासन कार्यालय, स्थानीय सुरक्षा निकाय आदिसँग निकट रहेर कार्य गर्दछ।

**२.७.३ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना**

यस आयोजनाले व्यक्तिगत घटना दर्ता व्यवस्थापन र सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीमा आधुनिकीकरण साथै राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी कार्य गर्दछ। मानिस सक्रिय जीवन यापन गरिरहेका बेलामा होस् या असक्त अवस्थामा होस उसका आधारभूत मानवीय आवश्यकताहरु पूरा हुने सुनिश्चितता हुनु नै सामाजिक सुरक्षा हो। त्यसैले सामाजिक सुरक्षा अत्यन्त बृहत अवधारणा हो। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट वितरण भैरहेको सामाजिक सुरक्षा भत्ता “सामाजिक सहयोग” अन्तर्गत “नगद प्रवाह” कार्यक्रम हो। यस कार्यक्रमलाई व्यवस्थत गर्न सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ जारी गरी सबै स्थानीय तहहरुले सम्पूर्ण लाभग्राहीहरुको विवरण MIS Online मा प्रविष्ट गर्नुपर्ने, कानुन बमोजिम नाम दर्ता, लगत कट्टा

र नवीकरण गर्नुपर्ने तथा बैंकको पहुँच भएका सबै स्थानीय तहले अनिवार्य रुपमा बैंकमार्फत वितरण गर्नु कानूनी व्यवस्था गरेको छ। यसै अनुरुप यस नगरपालिकामा कार्यक्रमहरु सञ्चालन भइ रहेका छन् ।

यस कार्यक्रम मार्फत व्यक्तिगत घटना दर्ता किताब संकेत नं राखी लेवलिङ्ग अर्थात नामाकरण गर्ने, सामाजिक सुरक्षा भत्ता प्रप्त गर्ने लाभग्राहीहरुको मुल अभिलेख राख्ने, कार्यालय व्यवस्थापनका लागि सामान खरिद तथा व्यवस्थापन, रिपोटिङ्ग जस्ता कार्यक्रमहरु सम्पन्न भएका थिए भने COVID-19 को प्रभाव र असरका कारण दर्ता शिविर सञ्चालन अभिमुखीकरण कार्यक्रम सञ्चालन हुन सकेन ।

**कुल बजेट र खर्चको अवस्था**

| क्र.सं. | विवरण | संघीय सरकार (आय) | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा व्यक्तिगत दर्ता प्रणाली सुदृढीकरण आयोजना | १३००००० | ११०८८६० | ८५.३ |
| | जम्मा | १३०००००| ११०८८६० | ८५.३ |

### २.७.४ तरकारी तथा फलफूल मूल्य श्रृंखला विकास आयोजना

फलफूल तथा तरकारी मुल्य शृ‌ला विकास आयोजना कृषि तथा पशुपन्छी विकास मन्त्रालयको एउटा सानो आयोजना हो । जुन कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (KOICA) र संयूक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (VCDP)को सहकार्यमा वागमती र गण्डकी प्रदेश अन्तर्गतका ११ जिल्लाको मुख्य सडक यातायातको आसपास पर्ने करिव ३७ गाउँ तथा नगरपालिकाहरुमा सञ्चालन गरिएको छ। नेपाल कृषि अनुसन्धान परिषद् (NARC) आयोजना कार्यान्वयनको अर्को महत्वपूर्ण निकाय रहेको छ। यो आयोजनाको अवधि सन् २०२२ को अन्त्य सम्म रहने छ। फलफूल तथा तरकारी बालिहरुको मुल्य श्रृखला विकासबाट आयोजनाको कार्यक्षेत्रको को करिव १०००० साना किसान कृषक घरधुरीहरुको आम्दानी वृद्धी गर्ने यो आयोजनाको लक्ष्य रहेको छ। आयोजनाको लक्षित तरकारी बालीहरुमा गोलभेडा, काउली, वन्दा, भेडेखोर्सानी, काक्रो, गाँजर, मुला, आलु, प्याज, लसुन रहेका छन् । फलफुल वालीमा केरा, अमिलो जातको फलफुल, मेवा भुइकटर र तरवुजा रहेका छन् ।

**फलफुल तथा तरकारी मूल्य शृङ्खला विकास आयोजन (VCDP)**

| क्र.सं. | कार्यक्रम विवरण | लक्ष्य | प्रगति | लाभान्वित वडा | लाभान्वित संस्था |
|---|---|---|---|---|---|
| १ | कृषि उपज संकलन केन्द्र | वटा १ | १ | १ | १ वटा |
| २ | तरकारीको बीउ वितरण | पटक १ | १ | १, ७ , ८ | ११ पटक |
| ३ | तालिमहरु | वटा ६ | ७ | १, ७ , ८ | ११ पटक |

### २.७.५ गरीवसँग विशेश्वर कार्यक्रम

नेपाल एक विकासोन्मुख मुलुक हो यहाँका ७४ प्रतिशत मानिसहरु गरिबीको रेखामुनी रहेको तथ्याङ्क छ। देशको विकराल समस्याको रुपमा रहेको गरिबीलाई निवारण गरी जनताको आर्थिक सामाजिक स्तरलाई माथि उठाउन सञ्चालनमा रहेको एक कार्यक्रम हो । अति विपन्न परिवारलाई लक्षित गरी गरिबसँग विश्वेश्वर कार्यक्रम २०५६ साल देखि सञ्चालनमा रहेको कार्यक्रम हाल मन्थली नगरपालिकाको वडा नं. १३ र १४ मा सञ्चालनमा रहेको छ। शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका क्षेत्रमा पहुँच स्थापित गर्दै स्थानीय पूँजी, सीप र क्षमताको विकास गरी स्वरोजगारका कार्यक्रम मार्फत स्थानीय उत्पादन र उत्पादकत्व बृद्धि गर्दै जीवनस्तर माथि उकास्न सघाउ पुर्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रममा विनियोजन वजेट, समूहहरुको अवस्था र सञ्चालित कार्यक्रमहरुको अवस्था तालिकामा प्रस्तुत गरिएको छ।

**आर्थिक अवस्था**

| विवरण | वजेट | | | वजेटको श्रोत |
|---|---|---|---|---|
| | चालु | पूँजिगत | जम्मा | |
| आय | २४५००० | २५०००० | ४९५००० | संघीय सरकार |
| खर्च | २४५००० | २५०००० | ४९५००० | |
| खर्च प्रतिशत | १०० | १०० | १०० | |

**समूहगत अवस्था**

| कार्यक्षेत्र वडा नं. | समुह सख्या | सदस्य संख्या | | | समुह वचत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १३ | ५ | ४० | १९ | ५९ | ९१८७० |
| १४ | ४ | २७ | १४ | ४१ | ४७११० |
| जम्मा | ९ | ६७ | ३३ | १०० | १३८९८० |

**सञ्चालित कार्यक्रमहरु**

| वडा नं. | सञ्चालित कार्यक्रम | विनियोजित वजेट | खर्च भएको वजेट | लाभान्वित |
|---|---|---|---|---|
| १३ | वाख्रा पालन | १२५००० | १२५००० | १४ परिवार |
| १४ | खानेपानी योजना मर्मत | १२५००० | १२५००० | १३ परिवार |
| | जम्मा | २५०००० | २५०००० | २७ परिवार |

## २.८ वडा कार्यालयवाट सम्पादन भएका कार्यक्रमहरू

रामेछाप जिल्लाको सदरमुकाममा अवस्थित यस मन्थली नगरपालिका १४ वटा वडामा विभाजन गरिएको छ। स्थानिय सरकारले प्रदान गर्ने सेवाहरु मध्ये व्यक्तिगत घटना दर्ता, सिफारिस सामाजिक सुरक्षा भत्ता वितरण जस्ता सेवा वडा कार्यालय मार्फत प्रदान गरिदै आएको छ। हाल १४ वटै वडाका वडा कार्यालयहरु सम्बन्धित वडामा नै रहेका छन।

१४ वडा मध्ये १ वटा अन्य निकायको भवनवाट, ५ वटा आफ्नै भवनमा र ८ वटा भाडा को घरबाट कार्यालय सञ्चालन भईरहेको छ। ३ वटा वडा कार्यालयको भवन निर्माण सम्पन्न भई हस्तान्तरणको चरणमा रहेका छन। वडा कार्यालयमा १ जना वडा सचिव १ जना कार्यालय सहयोगी भुकम्पवाट क्षति भएका निजी आवास निर्माणका लागि खटिएका प्राविधिक कर्मचारी १ र २ वडा हेर्ने गरी १ जना प्राविधिक कर्मचारीको व्यवस्था गरिएको छ भने प्रत्येक वडामा कृषि वा पशु प्राविधिक मध्ये १ जना हुने गरी व्यवस्था गर्न प्रक्रिया अघि बढाइएको छ।

### २.८.१ पञ्जीकरण सम्वन्धी कार्य सम्पादनको अवस्था

वडा कार्यालयवाट सम्पादन हुने महत्वपूर्ण कार्यहरु मध्येको पञ्जीकरण एक हो। पञ्जीकरणको कार्यको लागि वडा सचिवलाई कानूनत पञ्जीकरण अधिकारीको रुपमा व्यवस्था गरेको छ। यस सम्वन्धमा वडागत रुपमा भएको कार्य प्रगतिको अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**आ व २०७६/७७ मा पञ्जीकरणको अवस्था**

| क्रस | वडा कार्यालय | पञ्जीकरणको | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जन्म | विबाह | सम्बन्ध विच्छेद | बसाईसराई | | मृत्यु |
| | | | | | गएको | आएको | |
| १ | १ | ७८ | ५८ | १ | ९ | ३ | २४ |
| २ | २ | ४६ | १५ | ० | १ | - | २० |
| ३ | ३ | १२५ | ४० | १ | १ | - | ३० |
| ४ | ४ | ११६ | ४४ | २ | ० | २ | २७ |
| ५ | ५ | ८० | ३७ | ० | १ | - | १५ |
| ६ | ६ | १०१ | ३६ | २ | ३ | - | ३० |
| ७ | ७ | १२१ | ५५ | १ | २ | - | २५ |
| ८ | ८ | ८१ | २४ | ० | १० | ३ | १६ |
| ९ | ९ | ९० | २८ | १ | ६ | - | २२ |
| १० | १० | ६४ | २५ | ० | ० | - | १३ |
| ११ | ११ | ११५ | ४३ | ३ | २ | - | २३ |
| १२ | १२ | २३ | २० | ० | ० | - | १४ |
| १३ | १३ | ६८ | ३४ | ० | ० | - | २३ |
| १४ | १४ | १०० | ३६ | ० | २ | - | १२ |
| जम्मा | | १२०८ | ४९५ | ११ | ३७ | ८ | २९४ |

### २.८.२ राजश्व संकलनको अवस्था

वडा कार्यालयवाट सिफारिस दस्तुर, पञ्जीकरण दर्ता एंव प्रमाण पत्र जारी वापतको दस्तुर, जग्गा जमिनको तिरो जस्ता राजश्व संकलनका शीर्षकहरु रहेका छन् । वडा कार्यालयवाट संकलन भएको राजश्वको अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**राजश्व संकलनको अवस्था**

| क्रस | वडा कार्यालय | राजश्व | कैफियत |
|---|---|---|---|
| १ | १ | २९७४०० | |
| २ | २ | ५७९०० | |
| ३ | ३ | ५७५०० | |
| ४ | ४ | १००४०० | |
| ५ | ५ | ४९००० | |
| ६ | ६ | ८८८०० | |
| ७ | ७ | १३३००० | |
| ८ | ८ | १२६४०० | |
| ९ | ९ | ६५२०० | |
| १० | १० | ३०६०० | |
| ११ | ११ | ८०४०० | |

| क्रस | वडा कार्यालय | राजश्व | कैफियत |
|---|---|---|---|
| १२ | १२ | ५०९०० | |
| १३ | १३ | ३५९०० | |
| १४ | १४ | ६८३०० | |
| जम्मा | | १२४१७०० | |

**२.८.३ सामाजिक सुरक्षा भत्ता वितरणको अवस्था**

वैकिङ्ग प्रणालीवाट सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था नभएकोले वडा कार्यालयवाटै वितरणको व्यवस्था भई रहेको सन्दर्भमा यो वडा कार्यालयको महत्वपूर्ण र लोकप्रिय कार्यको रुपमा रहेको छ। विशेष गरी यो कार्य चौमासिक रुपमा वितरणको व्यवस्था हुने तर अभिलेख व्यवस्थापन निरन्तर गरी रहनु पर्ने एक संवेदनशील कार्य पनि हो। आ व २०७६र०७७ मा वडागत रुपमा सामाजिक सुरक्षा भत्ता वितरणको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ। चालु आ व २०७७र०७८ देखि वैङ्किङ्ग प्रणालीवाट शुरुवात भएको छ।

**सामाजिक सुरक्षा भत्ता वितरणको अवस्था**

| क्रस | वडा कार्यालय | सामाजिक सुरक्षा भत्ता | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जेष्ठ नागरिक | जेष्ठ नागरिक | एकल महिला | विधवा | अपाङ्ग | | दलित बालबालिका |
| | | | | | | पुर्ण | आंशिक | |
| १ | १ | ९८ | १३ | - | ६८ | ६ | १० | ११ |
| २ | २ | १५४ | २९ | - | १२४ | ८ | १२ | ७५ |
| ३ | ३ | १६९ | ३३ | १ | ९७ | ११ | ११ | ६२ |
| ४ | ४ | १७६ | ४४ | ४ | १७५ | ७ | २० | ८० |
| ५ | ५ | ८७ | ६३ | - | १०४ | १० | १६ | ७३ |
| ६ | ६ | १५० | ४९ | १ | १७९ | १२ | १५ | ५१ |
| ७ | ७ | १९२ | ३४ | १ | १७२ | १२ | ३१ | ७१ |
| ८ | ८ | १५५ | ६१ | - | १४९ | ३ | १३ | ९८ |
| ९ | ९ | ११७ | ३१ | २ | १६० | १० | २२ | ५३ |
| १० | १० | १४४ | १ | २ | ८८ | ९ | १० | ४ |
| ११ | ११ | २०५ | ३८ | ४६ | ६३ | १३ | १२ | ३१ |
| १२ | १२ | १७१ | २२ | २६ | ४२ | १२ | १० | २४ |
| १३ | १३ | १३८ | ३७ | - | ९० | ९ | ११ | ४३ |
| १४ | १४ | १२८ | १८ | २ | ९८ | १२ | ११ | ३८ |
| | जम्मा | २०८४ | ४७३ | ८५ | १६०९ | १३४ | ७६ | ७१४ |

**२.८.४ अन्य कार्यहरु**

वडा कार्यालयवाट सम्पादन गरिने कार्यहरुमा विभिन्न प्रकृतिका सिफारिसहरु, वडा भित्र सञ्चालन हुने योजनाहरुको सञ्चालन, अनुगमन एंव निरीक्षण, व्यवस्थापन जस्ता कार्यहरु पर्दछन्। वडा कार्यालय आम नागरिकलाई प्रत्यक्षरुपमा सरकारको अनुभूति गराउने निकाय हो। सरकार र नागरिकका वीचमा सम्वन्ध सेतुको रुपमा भूमिका निर्वाह गर्दछ।

## २.९ कोभिड-१९ रोकथाम, प्रतिकार्य, नियन्त्रण र उपचार

विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ रोगको उपचार, नियन्त्रण, रोकथाम र व्यवस्थापनमा देशको सम्पूर्ण ध्यान केन्द्रित भएको छ। चीनको उहान सहरमा वि.सं. २०७६ पुसको पहिलो हप्तामा कोरानाको नयाँ सङ्क्रमण देखा परे पश्चात चीन सरकारले पुस १५ मा विश्व स्वास्थ्य संगठनलाई जानकारी गरायो । यो संक्रमण चीन लगायत थुप्रै देशहरुमा फैलिएपछि विश्व स्वास्थ्य संगठनले माघ १६ मा अन्तर्राष्ट्रिय स्तरको जनस्वास्थ्य विपत् घोषणा गर्यो। नयाँ कोरोनाको नामले चिनिने यो रोगलाई विश्व स्वास्थ्य संगठनले २८ माघमा कोभिड-१९ नामकरण गऱ्यो । यसको फैलावट विश्वव्यापी हुन थालेपछि एक महिना पछि २८ फागुनमा संगठनले विश्वव्यापी महामारी घोषणा गऱ्यो ।

कोभिड-१९ को सङ्क्रमण भएपछि ज्वरो आउने, शरीर सिथिल हुने र सुख्खा खोकी लाग्ने सामान्य लक्षणहरु देखिने तर ६ जनामा १ जनालाई सास फेर्न गाह्रो हुने हुन्छ। वासनारगन्ध थाहा नपाउने, स्वाद थाहा नपाउने र वान्ता हुने जस्ता लक्षणहरु पनि देखिन्छ। कोरोना भाइरस सङ्क्रमित व्यक्तिले खोक्दा, हाच्छ्यूँ गर्दा मुख र नाकबाट निस्किएको थुक वा सिंगानका स-साना थोपा/छिटा स्वस्थ व्यक्तिको नाक, मुख र आँखा मार्फत शरीर भित्र प्रवेश गरेपछि संक्रमण हुन्छ ।

सङ्क्रमित व्यक्तिबाट कम्तीमा एक मिटर टाढा रहने र साबुन-पानीले हात धुने, हातले नाक, आँखा र मुख नछुने गरेमा यो रोगबाट बच्न सकिन्छ। खोक्दा, हाच्छ्यू गर्दा मुख छोपेर गर्ने र भीडभाडमा नजाने गरेमा आफू र अरुलाई पनि रोगबाट बचाउन सकिन्छ। तर कोभिड १९ को संकास्पद बिरामी जाँच गर्ने स्वास्थ्यकर्मी वा उनीहरुको संसर्गमा आउने अन्य व्यक्तिहरुले जोखिम हेरीकन उपयुक्त स्वास्थ्य सुरक्षा सामग्रीको प्रयोग गर्नुपर्ने हुन्छ।

### २.९.१ **नेपालमा कोभिड–१९ र रोकथाम नियन्त्रणका प्रयासहरु**

सम्वत् २०७६ को माघ पहिलो सातामा चीनको उहान शहरबाट घर फर्केका ३१ वर्षीय पुरुषलाई कोभिड-१९ संक्रमण भएको पाइयो। त्यतिबेलासम्म नेपालमा प्रयोगशाला परीक्षणको व्यवस्था नै नभएकोले विश्व स्वास्थ्य संगठनको हङकङ स्थित प्रयोगशालामा नमुना परीक्षणका लागि पठाइयो। माघ ९ गते ती व्यक्तिमा कोभिड-१९ संक्रमण भएको पुष्टि भयो । त्यसपछि करिब २ महिनाको अन्तरालमा फ्रान्सबाट नेपाल फर्केकी १९ वर्षकी किशोरीमा सङ्क्रमण देखियो। चैत्र १२ गते पुष्टि भएको यो संक्रमणले तेस्रो मुलुकबाट नेपालमा संक्रमण बढ्ने जोखिम देखाएको थियो तर यही समयमा छिमेकी मुलुक भारतमा पनि संक्रमण बढ्दै गएको र मानिसहरुको आवतजावत खुल्लै हुने गरेबाट भारतबाट फर्किने नेपालीहरु र केही भारतीय नागरिकहरुमा पनि संक्रमण देखियो। तत्पश्चात नेपाल सरकारले निम्न क्रियाकलापहरुमा जोड दिएको छ।

- कोभिड-१९ रोकथाम र नियन्त्रण उच्चस्तरीय समन्वय समिति
- कोभिड सङ्कट व्यवस्थापन केन्द्र
- बन्दाबन्दी (लकडाउन) को घोषणा
- आपतकालीन कार्य व्यवस्थापन
- सूचना शिक्षा र सञ्चारको व्यवस्थापन
- नीतिगत निर्णयहरु
- विरामीको व्यवस्थापन
- प्रतिकारात्मक सेवा

कोभिड-१९ रोगको रोकथामका लागि विभिन्न सञ्चार माध्यमहरु रेडियो, टि.भी, एफ.एम, पत्र-पत्रिका, पोष्टर, पम्प्लेट, अनलाईन, हटलाइन कल सेन्टर आदि माध्यमबाट सवै जनसमुदायमा सुसुचित गराउने हेतुले विभिन्न प्रकारका जनचेतनामूलक अभियान सञ्चालनमा ल्याइएको, यसको कारणवाट हुने मानसिक तनाव व्यवस्थापका लागि परामर्श सेवा प्रदान गर्दै आइरहेको छ भन्ने रोग निदानका लागि निःशुल्क परिक्षण एवम् समुदायमा मास्क, पञ्जा जस्ता सामाग्रीहरुको समेत वितरण गर्दै आइरहेको छ। स्थानीय

तहसम्म एकिकृत रुपमा Case Investigation and Contact Tracing Team (CICTT) परिचालन गरी संकास्पद विरामीहरुको खोजपडताल गरिदै आएको छ।

### २.९.२ मन्थली नगरपालिकामा कोभिड-१९ रोकथाम र नियन्त्रणका प्रयासहरु

यस मन्थली नगरपालिका पनि कोभिड-१९ को प्रभाववाट अछुतो रहन सकेन। यस नगरपालिकाले कोरोना रोकथाम तथा नियन्त्रणका लागि विभिन्न प्रकारका नियमित र आकष्मिक कार्य सञ्चालन गरेको छ। निरोधात्मक र प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गरी जनताको जीवन रक्षाको लागि परोक्ष रुपमा सहयोग गरेको छ। आर्थिक, भौतिक, वस्तुगत तथा परामर्शका सेवाहरु सञ्चालन गरेको छ।

कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि विशेषगरी नगरपालिकाले गरेको आर्थिक व्यवस्थापन, व्यक्तिगत र संस्थागत भएको वस्तुगत सहयोग, सम्पादन गरिएका कार्यहरु र खर्चको अवस्थालाई  निम्नानुसार प्रस्तुत गरिएको छ।

**क) आर्थिक व्यवस्थापन**

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | विपद् व्यवस्थापन कोष | ३००००००।- |
| २ | प्रदेश सरकार | १२०००००।- |
| ३ | खाँडादेवी गाउँपालिका | ५०००००।- |
| ४ | सुनापती गाउँपालिका | ५०००००।- |
| ५ | सामुदायिक लघुवितीय संस्था मन्थली शाखा | ७५००।- |
| ६ | अन्य कोष | ४२२६८५५।- |
|  | जम्मा | ९४३४३५५।- |

**ख. व्यक्तिगत र संस्थागत वस्तुगत सहयोग**

| क्र स | सहयोग गर्ने सस्थाहरु र विवरण | ईकाई | PPE | MASK | स्यानिटाइजर | ग्लोव | सावुन |
|---|---|---|---|---|---|---|---|
| १ | शारदा मा वि पूर्व विद्यार्थी समाज | वटा | २० |  |  |  |  |
| २ | कवीन वचत तथा ऋण सहकारी र शान्तभवन क्लिनिक काठमाण्डौ | वटा | ९ | ५१० | ८० | २० | १६१ |
| ३ | तरुण दल रामेछाप काठमाण्डौ सम्पर्क समिति | वटा | १९ | ५० |  |  |  |
| ४ | होटल व्यावसायी कृष्ण श्रेष्ठ | वटा | १० | २० |  |  |  |
| ५ | नवराज श्रेष्ठ पत्रकार | वटा | १ |  |  |  |  |
| ६ | ने.क.पा. का केन्द्रीय सदस्य देवशकर पौडेल मार्फत | वटा |  | ७०० | १५ |  |  |
| ७ | सूरक्षित मातृत्व सञ्जाल महासघ नेपाल | वटा | २५४ |  | १ जार | २ वक्स | ३० |
| ८ | नेपाल रेडक्रस सोसाइटी मन्थली | १००० | लिटरको पानी ट्यांकी |  |  |  | ४ |
| ९ | खानेपानी डिभिजन | मिटर | पाइप २० MM ३०० मिटर |  |  |  |  |
| १० | One Heart Worldwide |  | IP Set २० थान |  |  |  |  |
| ११ | नेपाल ईन्जिनियरर्स एशोशियसन वागमती प्रदेश | वटा | स्वाव संकलन वुथ १ |  |  |  |  |

**ग. सञ्चालन गरिएका कार्यक्रमहरु :**

| क्र स | सञ्चालित कार्यक्रमहरु | ईकाइ | परिमाण |
|---|---|---|---|
| १ | राहत वितरण | जना | ५५१ |
| २ | क्वाराईन्टाइन स्थापना | वटा | ७ (५९ वेड) |
| ३ | आइसोलेसन वेड स्थापना | वटा | ३८ |
| ४ | होल्डिङ्ग सेन्टर व्यवस्थापन | वटा | १ (६० वेड) |
| ५ | खानारखाजा व्यवस्थापन | जना | ३२३ |
| ६ | Help Desk सञ्चालन | वटा | ५ |
| ७ | श्वाव परीक्षणको व्यवस्थापन | जना | ५४० |
| ८ | औषधि व्यवस्थापन | पटक | १ |
| ९ | अत्यावश्यक स्वास्थ्य सामग्री व्यवस्थापन | पटक | ९ |

**घ. खर्चको विवरण :**

| क्र स | विवरण | रकम रु |
|---|---|---|
| १ | ओषधि व्यवस्थापन | १५,०९,११५। |
| २ | क्वारिन्टन व्यवस्थापन (खाना खाजा गाडी) | ३, २४,०३९ । |
| ३ | Help Desk व्यवस्थापन | १,५६,८५० । |
| ४ | अतिरिक्त र जोखिम भत्ता | ५,९२,११२ । |
| ५ | आइसोलेसन व्यवस्थापन | ६,७२,३०८। |
| ६ | राहत वितरण (जिल्ला वाहिराका श्रमिकहरुलाई) | ५,९३,०६८ । |
| ७ | स्वाव परीक्षणको VTM व्यवस्थापन | २.२१.१०० । |
| ८ | होल्डिङ्ग सेन्टर व्यवस्थापन | ४,१९,०४२। |
| ९ | अत्यावश्यक स्वास्थ्य सामग्री व्यवस्थापन | २२,३५,८५२ । |
|  | जम्मा | ६७,२३,४८६। |

## सारांश

कोभिड-१९ महामारी विश्वमा नयाँ रोग देखा परेको हुँदा नेपालमा यस रोगको निदान, रोकथाम, नियन्त्रण एवम् उपचार ब्यवस्थापनको खासै व्यवस्थापन थिएन। एउटा भनाई छ, कसैले पनि  जन्मजात सिकेर आउदैंन, परेर मात्र सिक्ने हो भने जस्तै नेपालले पनि यस रोगलाई हालसम्म विश्वका विभिन्न देशमा देखा परेको भयावहलाई मध्येनजर गर्दै समयमै सर्तकता अपनाएका कारणले नेपालमा हालसम्म महामारी हुनबाट जोगिएको अवस्था छ। मन्थली नगरपालिकाले पनि नेपाल सरकारवाट जारी भएका ऐन नियमको परिधि भित्र रही नगरवासीहरुलाई स्वास्थ्य मापदण्ड  पूणरुपमा पालना गराई सुरक्षित रहने वातावरण निर्माण गरियो । जसले सक्रमण फैलिनबाट रोकथाममा टेवा पुग्यो। अझै थप निरन्तर सर्तकता जरुरी छ।

# उपलब्धि

## ३. उपलब्धि

नेपालको संविधानमा भएको व्यवस्था वमोजिम संघीय, प्रदेश र स्थानीय तहले हरेक वर्ष आफ्ना नीति तथा कार्यक्रम र वजेट व्यवस्थापिका सभाहरुवाट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान रहेको छ। उक्त प्रावधान वमोजिम स्थानीय तहहरुले आफ्ना कार्यक्षेत्र भित्र सञ्चालन गर्ने योजना एवं कार्यक्रमहरु विभिन्न वस्तीरटोलवाट पहिचान गरी वडास्तरवाट प्राथमिकीकरण गरी नगर र गाँउ कार्यपालिका हुदै नगर र गाँउ सभामा पेश भई छलफल हुने र छलफल पश्चात स्वीकृत गर्नु पर्ने व्यवस्था रहेको छ।

यस मन्थली नगरपालिकाले पनि संवैधानिक प्रावधान बमोजिम नीति तथा कार्यक्रम र वजेट स्वीकृत गरी हरेक आर्थिक वर्षहरुमा कार्यान्वयन गर्ने गरिएको छ। आर्थिक वर्ष २०७६/०७७ का लागि नगर सभावाट स्वीकृत कार्यक्रम र बजेट अनुसार नै कार्यान्वयन भएका थिए । पहिलो चौमासिकका कार्यक्रमहरु कार्य योजना निर्माण लगायतका अभिलेख व्यवस्थापन र सूचना सम्प्रेषणमा सीमित रहने साथै राष्ट्रिय पर्वहरुको प्रभावका कारण खासै उल्लेख्य प्रगति देखिदैन। विशेषगरी दोस्रो र तेस्रो चौमासिक अवधिलाई कार्यान्वयन चरणको महत्वपूर्ण अवधिको रुपमा लिइन्छ।

मानव समुदायको अस्तित्व माथि नै आक्रन्त गरिरहेको विश्व महामारीको रुपमा फैलिएको COVID-19 को प्रभाव र असरले आर्थिक वर्ष २०७६/०७७ को कार्यक्रम तथा वजेट कार्यान्वयनमा पूर्ण रुपमा असर पारेको थियो। कार्यक्रम कार्यान्वयनको मध्य समय देखि भएको वन्दावन्दीले कार्य प्रगतिमा असर पुगेको थियो। प्रत्यक्ष रुपमा जनताले महशुस गर्न सक्ने पुँजीगत खर्च ६६.५४ प्रतिशत मात्र हुन सकेको छ। यसबाट पनि कार्यक्रम कार्यान्वयनमा असर पुगेको देखिन्छ। यसको अर्थ कार्यक्रम कार्यान्वयन हुन नसकेको भन्ने होइन। यस किसिमको विषम परिस्थितिमा पनि अधिकांश कार्यक्रमहरु सञ्चालन हुनका साथै उल्लेखनीय उपलब्धिहरु हासिल भएका छन्। जसलाई वुदाँगत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ।

### ३.१ सार्वजनिक सेवा तथा क्षमता विकास :

- अनलाईन घटना दर्ता, राजश्व संकलन तथा सामाजिक सुरक्षा भत्ताको अभिलेख अद्यावधिक गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त वनाइएको छ।
- अधिकांश वडाको सेवा प्रवाह सदरमुकाम केन्द्रित रहेकोमा सम्बन्धित वडा मै कार्यालय स्थापना गरी वडा स्तरीय सेवाहरु वडाबाटै प्रदान गर्ने वातावरण निर्माण गरिएको छ। आफ्नै भवन नभएका वडाहरुमा भवन निर्माण गर्ने क्रममा ३ वटा भवन निर्माण भई रहेको र एउटा भवन हस्तान्तरण भई सेवा प्रवाह प्रणालीलाई थप प्रभावकारी वनाइएको छ।
- नगरका गतिविधिहरु र सेवा प्रवाह प्रणालीलाई प्रविधिमैत्री वनाउन समयानुकूल कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्नुका साथै आफ्नो कार्य वोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी नगरपालिकाको संगठन संरचना स्वीकृत गरी सो मुताविक कर्मचारीहरुको जिम्मेवारी बाँडफाँड गरिएको छ। जसवाट सार्वजनिक सेवा प्रवाह थप प्रभावकारी भई नगरवासीहरुले सरल र सहजरुपमा सेवा प्राप्त गर्ने वातावरण निर्माण भएको छ।
- स्थायी कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन समय सीमा भित्रै मूल्याङ्कन गर्ने गराउने कार्य गरिएको छ।
- पदाधिकारी एंव कर्मचारीहरुको सम्पत्ति विवरण तोकिएको समय सीमा भित्र भर्ने भराउने कार्य गरी तोकिएको निकायहरुमा पठाइएको छ।
- नेपाल सरकार अन्तर्गतका विभिन्न सशर्त कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्नका लागि तोकिए अनुसारका जनशक्ति सेवा करारमा पदपूर्ति गरी कार्यक्रम कार्यान्वयन गरिएको छ।
- नगरसभा, कार्यपालिका र विषयगत समितिहरुको वैठक नियमित रुपमा तोकिएको समयमा वसी कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमनमा सहभागिता जनाउने पद्धतिको विकास गरिएको छ।

- सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी र जनसहभागितामूलक बनाई प्रभावकारी ढङ्गले सार्वजनिक सेवा प्रवाह गरी सुशासनको प्रत्याभूति दिन सम्पूर्ण सूचना तथा जानकारी यस नगरपालिकाको website-www.manthalimun.gov.np मा राख्ने, स्थानीय सञ्चार माध्यमबाट प्रकाशन गर्ने, नागरिक वडापत्र, गुनासो पेटिका, कार्यालय भित्र सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ।
- द्वन्द प्रभावित २२ जना व्यक्तिहरुलाई तोकिए वमोजिमको रकम उपलव्ध गराइएको छ।

## ३.२ आर्थिक प्रशासन शाखा

- आर्थिक वर्ष ०७५/०७६ सम्म परामपरागत रुपमा म्यानुअल लेखाङ्कन तथा अभिलेखन भएको हुँदा वास्तविक आय, वास्तविक व्यय र मौज्दातको एकिन गर्न कठिन भई वित्तीय प्रतिवेदन गर्न समेत कठिन भएको अवस्थामा आ व २०७६/०७७ देखि स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) CGAS, Online Vouching, PAMS अनलाईन सफ्टवेयर कार्यान्वयनमा ल्याइएकोले एकीकृत आय-व्यय तथा अन्य वित्तीय प्रतिवेदन गर्न सहज भएको छ।
- एकीकृत आय-व्यय तथा अन्य वित्तीय प्रतिवेदन गर्न सहजता भएको छ।
- यसबाट वित्तीय जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता, मितव्ययिता, नियमितता तथा कार्यदक्षता समेत प्रबर्द्धन हुँदै गइरहेको स्थिति छ।
- वित्तीय संघीयतालाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहजता भएको छ।
- चालु खर्च ९२.३२ प्रतिशत र पुँजीगत खर्च ६१.२६ प्रतिशत गरी कुल ७८.४२ प्रतिशत खर्च भएको छ।

## ३.३ आर्थिक विकास

- नगरपालिकाले आफ्ना अधिकार क्षेत्र भित्रका राजश्वका शीर्षकहरुमा सम्पत्ति करका अलवा अन्य आन्तरिक आयका मुल श्रोतहरु दहत्तर वहत्तर कर, घर नक्शा पास र अभिलेखीकरण, व्यवसाय दर्ता तथा नवीकरण, विभिन्न सिफारिस, धितो मूल्याङ्कन, आय श्रोत प्रमाणित जस्ता क्षेत्रहरु थप गरी सोको दायरामा समेत वृद्धि गरी आन्तरिक राजश्व संकलनमा उल्लखनीय वृद्धि भएको छ।
- कृषक समूहलाई विउ विजन र यान्त्रीकरणमा आवश्यक सीप र सहयोग प्रदान गरिएको छ।
- करिव ७५ हेक्टर क्षेत्रफलमा मकै बालीमा क्षति पुर्‍याएको अमेरिकन फौजी किराको व्यवस्थापनमा सहयोग गरेको छ।
- ४ वटा साना सिंचाई आयोजना निर्माण तथा मर्मत संभार र ७ मेट्रिक टन कृषि चुन वितरण गरेको छ।
- १ वटा आधुनिक च्याउ घर, १ वटा कृषि उपज संकलन केन्द्र र १ वटा कोल्ड रुम स्थापना भएको छ।
- सहकारी संस्थाहरुको दर्ता अद्यावधिक र सूचीकृत गरी अभिलेख व्यवस्थित हुँदै गएको।
- स्थान, उद्देश्य र कारोवार समान भएका सहकारी संस्थाहरुको एकीकरण गर्ने कार्यको सुरुवात गरी तीन खम्वे अर्थ नीति अनुरुप निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गरिएको।
- ५ लाख सम्मका उद्योग दर्ता सुरु गरिएको र इजाजत लिनेको संख्या समेत बृद्धि हुँदै गएको छ।
- समय समयमा वजार अनुगमन गरी उपभोक्ताको हित विपरित काम गर्ने व्यवसायीहरुलाई कार्वाहीको दायरामा ल्याइएको।
- ६६८ घरधुरीका ७६५६ घरपालुवा गाई/भैसी/भेडा/बाख्रा/बंगुरहरुमा माहामारी रोग खोरेतको खोप गोठ खोरमा नै प्राविधिकहरु पुगी सेवा प्रवाह गरेको र खोरेत रोग बाट हुन सक्ने पशुपालक कृषकहरुको आर्थिक क्षतिलाई न्यूनीकरण गरी आय आर्जनमा बृद्धि गर्न योगदान पुगेको छ।

- १०१७ घरधुरीका १५००० भेडा बाख्राहरुमा लाग्ने संक्रमण पि.पि.आर. रोगको खोप कृषकहरुको खोरमा नै प्राविधिकहरु पुगि सेवा प्रबाह गरेको र पि.पि.आर. रोगबाट हुन सक्ने पशुपालक कृषकहरुको आर्थिक क्षति लाई न्यूनीकरण गरी आय आर्जनमा बृद्धि गर्न योगदान पुगेको छ।
- पशुपन्क्षीहरुमा हुन सक्ने समस्या तथा रोगहरुको उपचारमा प्रयोग हुने औषधि खरिद भई कृषकहरुलाई वितरण गरी पशुपन्क्षीहरुको स्वास्थ्यमा सुधार आई स्वच्छ दुध, मासु, र अण्डामा बृद्धि भएको छ। जसबाट आम उपभोक्ताहरुले उपभोग गर्न पाई खाद्य पोषणमा योगदान पुगेको र कृषकहरुलाई स्वास्थ पशुपन्क्षी उत्पादनमा सहयोग पुगी कृषकहरुको आय आर्जनमा थप योगदान पुगेको छ।
- मासिक रुपमा एक पटक काठमाण्डौ र काभ्रेपलाञ्चोक जिल्ला बाट कृत्रिम गर्भाधान कार्यमा प्रयोग हुने तरल नाईटेज, उन्नत नश्लका साँढे रागो र बोकाको विर्य ढुवानी भई कृ.ग.कर्ता तथा कृषकहरुको गोठ/खोरमा नै कृत्रिम गर्भघान सेवा पुगी थप वर्ण शंकर जातका बाच्छा/बाच्छी/पाडा/पाडी/पाठा/पाठी उत्पादन भई दुध र मासुमा उल्लेखनीय योगदान पुगेको छ।
- पशुहरुमा लाग्ने महामारी रोगहरुको सर्भिलेन्स गरी मासिक रुपमा संघरप्रदेश र अन्तर्राष्ट्रिय संस्था ओ.आ.ई.मा समेत ईपिडिमियोलोजी रिर्पोटिङ्ग १२ पटक सम्प्रेषण गरिएको छ।
- पशुपालक कृषकहरुले गोठ/खोरमा नै कृत्रिम गर्भाधान सेवा, पशु बन्ध्याकरण सेवा, तरल नाईट्रोज ढुवानी र सञ्चित गरी राख्ने क्षमतामा बिस्तार र सुदृढीकरण भएको छ।
- पशु स्वास्थ्य तथा नियमन कार्यक्रम अन्तर्गत विभिन्न सेवावाट ४३६१० जना किसानहरु प्रत्यक्ष रुपमा लाभान्वित हुन पुगेको।
- यस आ.ब.को पौष १ गते देखि असार मसान्त सम्म पशुपन्क्षी उपचार तथा प्राविधिक परामर्श सेवा प्राप्त गर्ने कृषकहरुबाट पशुपन्क्षी दर्ता शुल्क बापत यस नगरपालिकालाई २४,६७५।- नगद आम्दानी प्राप्त भएको छ।
- ११५१ घरपालुवा गाई/भैसी/भेडा/बाख्रा/घरपालुवा कुकुर र सामुदायिक छाडा कुकुरहरुमा रेबिज खोप सेवा उपलब्ध गराईएको।
- रिफरल भेटेरिनरी अस्पताल त्रिपुरेश्वरका विज्ञहरुको सहयोगमा मंन्थली बजार पेरिफेरीका छाडा कुकुर नियन्त्रण गरि बन्ध्याकरण तथा रेबिज खोप शिविर कार्यक्रम २१६ कुकुरहरु नियन्त्रण गरि बन्ध्याकरण र रेबिज खोप लगाई रेबिज रोगलाई न्यूनिकरण तथा जन्मन सक्ने कुकुरहरुको संख्यामा नियन्त्रण भई पशु स्वास्थ्य र मानव स्वास्थ्यमा रेबिज रोगले पार्न सक्ने असरलाई कमी ल्याउन सकिएको।
- मासुमा आत्मनिर्भर कार्यक्रम मार्फत विभिन्न १२ वटा व्यवसायिक बाख्रा फार्म, बगुर फार्म र पशुपालन कृषक समुह सदस्यहरु लाभान्वित भएका छन्।
- १०० भन्दा बढि स्थानीय कुखुरापालन गर्नेहरुका लागि ५० प्रतिसत साझेदारी अनुदानमा कृषक, समुह, समिति, सहकारी, व्यवसायिक कुखुरा फार्म प्रर्बद्धन (खोर सुधार तथा व्यवस्थापन) गरिएको छ।
- ५० प्रतिसत साझेदारी अनुदानमा ५०० भन्दा बढि लेर्यस कुखुरापालन गर्ने कृषक, फार्म, समुह, समिति, सहकारीहरुलाई खोर सुधार तथा व्यवस्थापन गरिएको छ।
- स्वच्छ दुध उत्पादन तथा व्यवसायिक गाई भैसी पालन तालिम ३ दिने पटक २ सञ्चालन भई ५० जना कृषकहरुले उक्त तालिममा सहभागी भई ज्ञान सीप आर्जन गरी व्यवसायलाई थप व्यवस्थित गर्न सहयोग पुगेको छ।
- युवा लक्षित गाईरभैसी फार्म प्रवर्द्धन कार्यक्रमबाट ४ व्यवसायिक उन्नत फार्महरुको स्तरोउन्नति भई लाभान्वित भएको।
- भैसीमा सुत्केरी स्याहार प्रोत्साहन भत्ता अनुदान कार्यक्रम संख्या ५० मध्ये २३ जना कृषहरुको २५ गोटा भैसीमा अनुदान वितरण गरिएको छ।
- दुध उत्पादनमा प्रति लिटर रु.१।- रुपैया अनुदान कार्यक्रममा २०७ जना कृषकहरु लाभान्वित भई ७,७०,१२५ लिटर दुध उत्पादनको रु.१०,६६,९११।३६ (अक्षेरुपी रु.दश लाख छैसट्ठि हजार नौ सय एघार पैसा छत्तिस) मात्र रकम नगदै कृषकहरुलाई अनुदान उपलब्ध गराईएको छ।

- कृ.ग.लजेष्टिक सर्पोट कार्यक्रम पटक ३ सम्पन्न भई कृ.ग.कर्ताहरु लाई गमबुट, झोला, सिथ, ग्लोभ, भेजाईनल स्पेकुलम, ए.आई.थर्मोमिटर, ए.आई.गन वितरण भई गाई, भैसी, बाख्रा १५०४ गोटामा कृ.ग. सेवा पुगि वर्णशंकर जातका बाच्छा/बाच्छि/पाडा/पाडि/पाठा/पाठी उत्पादन भई दुध र मासुमा उल्लेखनीय योगदान पुगेको।
- दुध उत्पादनमा अनुदान कार्यविधि २०७६ निर्माण भइ कार्यान्वयन भएको छ।
- पशु आहारामा प्रयोग हुने उन्नत जातका हरियो घाँसहरुको उत्पादन भई मासु र दुध उत्पादनमा उल्लेखनीय बृद्धि भएको छ।
- पशु स्वास्थ्यमा सुधार भई दुध र मासु उत्पादनमा बृद्धि हुन गई जीविकोपार्जन पशुपालन व्यवसाय गर्ने कृषकहरुको गोठ/खोर निर्माणमा थप सहयोग भई कृषकहरुले पशुपालन व्यवसायमा लाग्न प्रोत्साहित गरिएको छ।
- पारा प्रोफेशनल, पत्रकार, र स्थानीय जनप्रतिनिधिवीच अन्तरक्रिया तथा पशु सेवा कार्यक्रमको सार्वजनीकरण भई जवाफदेही एंव पारदर्शिता अभिवृद्धि भएको छ।
- वैदेशिक रोजगार तथा उच्च शिक्षा आर्जनका लागि विदेश जाने सोच वनाएका व्यक्तिहरुलाई परामर्श सेवा, आर्थिक सहायता, शैक्षिक छात्रवृत्ति, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता शिक्षा जस्ता कार्यक्रमहरु सञ्चालन गरी सुरक्षित वैदेशिक रोजगारीका लागि सचेतना अभिवृद्धिका साथै नगरवासीलाई सचेतीकरण गर्न सामी र रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ।

## ३.४ सामाजिक विकास

- नगर प्रमुख र विद्यालयका प्रधानाध्यापकहरुका वीच भएको कार्य सम्पादन सम्झौता पश्चात शिक्षामा सुधारका संकेतहरु देखिएको छ।
- कक्षा १-५ को स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गरिएको छ।
- कक्षा ८ को उत्तरपुस्तिका सम्परीक्षण तथा नतिजा विश्लेषण गरी उपचारात्मक शिक्षणमा जोड दिएको छ।
- ८ वटा आधारभूत विद्यालयमा समेत ICT Internet मा शिक्षक तथा विद्यार्थीको पहुँचमा बढोत्तरी भएको छ।
- २ वटा आधारभूत विद्यालयमा पुस्तकालय स्थापना (पशुपति आधारभूत विद्यालय र जगदम्वा आधारभूत विद्यालय चिउरीपानी) भएको छ।
- कक्षा ८ देखि १२ सम्म अध्ययनरत १९१२ छात्राहरुलाई सेनेटरी प्याड वितरण उपलव्ध गराइएको छ।
- प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका १००० दलित बालबालिकाहरुलाई विद्यालय पोशाक उपलव्ध गराइएको छ।
- माध्यमिक र आधारभूत तहका अनिवार्य ६ वटा विषयका शिक्षकहरुको विषयगत समितिबाट शैक्षणिक योजना तथा प्रश्नपत्र निर्माण गरी शिक्षण सिकाइ प्रक्रियामा एकरुपता ल्याएको छ।
- नगरपलिकाको शैक्षिक पात्रो निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।
- दरवन्दी मिलान तथा समायोजन कार्य सम्पन्न गरिएको छ।
- ४२ वटा विद्यालयका बाल विकास सहित कक्षा २ सम्मको कक्षाकोठा व्यवस्थापन गरी वालमैत्री वातावरण निर्माण गरिएको छ।
- ७ वटा मा वि मा पुस्तकालय, ६ वटा मा वि मा विज्ञान प्रयोगशाला र ७ वटा मा वि मा ICT को स्थापना गरिएको छ।
- यस नगरभित्र अवस्थित मन्थली माध्यमिक विद्यालय मन्थलीलाई सामुदायिक विद्यालयहरु मध्ये नमूना माध्यमिक विद्यालयको रुपमा विकास गरिएको छ। उक्त विद्यालयको शैक्षिक गतिविधिहरु अध्ययन अवलोकनका लागि अन्य जिल्लाका शैक्षिक सरोकारवालाहरु आउने गरेका छन्। जुन शैक्षिक क्षेत्रमा नगरको गौरवको रुपमा रहेको छ।

- २२ वटा विद्यालयका ५०० जना भन्दा वढी विद्यार्थीहरु राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी भई विद्यार्थीहरुलाई खेलकुद प्रति प्रोत्साहित गरिएको छ।
- समुदायमा रहेका विभिन्न क्लवहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गरी युवाहरुलाई खेलकुद प्रति आकर्षित गरिएको छ।
- राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रममा प्रभावकारी रुपमा सञ्चालन गरी स्वास्थ्य सेवामा नागरिकहरुको पहुँच अभिवृद्धि ( ३५०६ घर परिवारको १०३३५ जना सहभागी) भएको छ।
- तीन ओटा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण कार्यको शुरुवात भएको छ।
- मासिक वैठकमा उपस्थित भए वापत महिला स्वयम सेविकालाई रु १००० मासिक भत्ता उपलब्ध गराइएको छ।
- सवै स्वास्थ्य संस्थाहरुमा औजार उपकरण लगायतका स्वास्थ्य सामाग्रीको व्यवस्थापन भई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिएको छ।
- मन्थली प्राथमिक स्वास्थ्य केन्द्रमा USG, hematology analyzer / X-ray with CR System को खरिद तथा व्यवस्थापन गरिएको छ।
- विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारी नियन्त्रण, रोकथाम र व्यवस्थापनको सन्दर्भमा ५ ठाँउमा हेल्पडेस्क सञ्चालन गरी १५,४६७ जनाको स्वास्थ्य परीक्षण, ८५८ जनाको PCR परीक्षण र ३०४ जनाको RDT परीक्षण गरी १०४ जना संक्रमित व्यक्तिहरुलाई आवश्यक व्यवस्थापन गरिएको साथै क्यारेन्टाईन, होल्डिङ्ग सेन्टर र आइसोलेसनको स्थापना गरिएको छ।
- पूर्ण खोप घोषणा दिगोपनाको लागि वालवालिका खोजपड्ताल गरी पूर्ण खोप घोषणाको दिगोपना कायम गरिएको छ।
- मन्थली प्राथमिक स्वास्थ्य केन्द्रमा खोप केन्द्र भवन र १५ बेडको अस्पताल सञ्चालन गर्न ६ कोठाको भवन निर्माण सम्पन्न भएको छ।
- स्वास्थ्य संस्थाहरुमा २४ घण्टे प्रसुती सेवाको प्रवन्ध र सुत्केरीसँग उपमेयर कार्यक्रम सञ्चालनबाट स्वास्थ्य संस्थामा सुत्केरी हुन जाने सख्यामा बृद्धि भई मातृ मृत्यु दर र शिशु मृत्यु दरमा उल्लेखनीय कमी आएको छ।
- सवै वडाहरुमा व्यक्तिगत घटना दर्ता किताब संकेत नं राखी लेवलिङ्ग अर्थात नामाकरण एवं सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको मुल अभिलेख राख्ने र अध्यावधिक गरिएको छ।
- वाल विवाह, लैगिक हिंसा विरुद्धका सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी नगरलाई वाल विवाह मुक्त नगरको रुपमा स्थापित गर्ने वातावरण निर्माण गरिएको छ।
- हिंसा पीडितको तत्काल राहत, उद्धार र व्यवस्थापनका लागि अल्पकालीन सेवा केन्द्रको स्थापना गरिएको छ।
- वालमैत्री नगरपालिका घोषणका लागि वालमैत्री स्थानीय शासन कार्यविधि मार्फत नगरका वालमैत्री सूचकहरु निर्धारण गरी सो अनुरुपको कार्य व्यवहार गर्ने वातावरण निर्माण गरिएको छ।
- अपाङ्गता भएका ब्यक्तिहरु तथा जेष्ठ नागरिकहरुलाई सम्बन्धित वडा मै शिविर सञ्चालन गरी २५१२ जना जेष्ठनागरिक र १७३ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको र सम्भाब्य ब्यक्तिहरुलाई तत्काल सामाजिक सुरक्षा भत्तामा आवद्ध गरिएको छ।
- नगर भित्र ७० वर्ष माथिका २९९७ जनालाई जेष्ठ नागरिक भत्ता, ६० वर्ष माथिका ३१४ जनालाई जेष्ठ नागरिक भत्ता (दलित), ६० वर्ष माथिका ६१० जना जेष्ठ नागरिक एकल महिला, ६१९ जनालाई बिधुवा एकल महिलालाई आर्थिक सहायता, शारीरीक रुपमा कमजोर भएका व्यक्तिहरुमध्ये पूर्ण अपाङ्ग (क) वर्ग १२७ जना, (ख) वर्ग २१४ जना र दलित वालवालिका ७२१ जना गरी ५६०२ जना सामाजिक सुरक्षा भत्ता कार्यक्रममा समावेश भएका छन्।

### ३.५ पूर्वाधार विकासः

- नगरपालिकाले आफ्नै भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको र वडा कार्यालय नभएका वडाहरु मध्ये ३ वटा वडा कार्यालय भवन निर्माण कार्य शुरुवात गरिएकोमा एउटा भवन सम्पन्न भई हस्तान्तरण भएको छ।
- एउटा शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न भई सेवा प्रवाह भइरहेको र ३ वटा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य भैरहेको छ।
- भूकम्प पश्चात निजी आवास पुन निर्माण लाभ ग्राही सूचीमा नाम समावेश भइ अनुदान सम्झौता गरेका ८५ प्रतिशत लाभग्राहीहरुको भवन निर्माण कार्य सम्पन्न भएको छ।
- खेलकुद गतिविधिलाई प्रभावकारी रुपमा अगाडि वढाउन प्रदेश सरकारको सहयोगमा अत्याधुनिक कभर्डहल निर्माण भइरहेको छ।
- कृषि उपजको संकलन र भण्डारण गरी विक्री वितरणमा सहजता ल्याउने अभिप्रायले प्रदेश सरकारसँगको साझेदारीमा शित भण्डारण केन्द्रको निर्माण कार्य भइरहेको छ।
- बाह्रै महिना सञ्चालनमा आउन नसकेका वडा कार्यालय जोड्ने सडक निर्माण र स्तरउन्नोति गरी सघीय र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा मन्थली बजार क्षेत्र भित्रका सडकहरु कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ। नगर भित्रका मुख्य सडकहरु मध्ये मन्थली सुनारपानी सालु, भुत्याखोला टेकनपुर कठजोर ठाटी सडक, चिसापानी गेलु सिक्राल सडक, चिसापानी पुरानाँगाउँ सडक, चिसापानी चनखु सडक, देविटार फुलासी सडक, आकासेपुल भटौली सडक, मन्थली भलुवाजोर सडक र मन्थली सानी मदौ राहालटार सालु सडक कालोपत्रे गर्ने कार्य शुरु भई क्रमागत योजनाको रुपमा स्थापित भएको छ। हालसम्म नगर भित्र संघ, प्रदेश र यस नगरपालिका समेतको लगानीमा ३८.५ किलो मिटर कालोपत्रे सडक निर्माण सम्पन्न भएको छ भने ३१ किलो मिटर सडक ग्राभेल तथा सोलिङ्ग गरिएको छ।
- नगर भित्रका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय सम्पदाहरुलाई संरक्षण तथा सम्वर्द्धन गरी पर्यटक प्रवर्द्धन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी आवश्यक पूर्वाधार निर्माण गर्ने कार्यहरु भइरहेको छ।
- वैरा महादेव (थानापति) मन्दिरलाई लक्षित गरी सिढी निर्माण गरिएको र रेलिङ्ग, प्रतिक्षालय, खानेपानी निर्माणका कार्य अगाडि वढाइएको छ।
- भिमसेनथान र चिसापानी गढीलाई लक्षित गरी फुटट्रयाक निर्माण र भलुवाजोरको तिल्केस्थानगढीलाई लक्षित गरी प्रदेश सरकारसँगको साझेदारीमा क्रमागत रुपमा योजनाहरु सञ्चालन भइरहेका छन्।
- नगरको महत्वपूर्ण गौरवको आयोजनाको रुपमा वाल उद्यान सहितको तीनलाल पार्क संघीय सरकारको साझेदारीमा निर्माण भइरहेको छ।
- नगरवासीहरुलाई खानेपानीको व्यवस्थापन गर्न संघ र प्रदेशसँग समन्वय गरी लिफ्टिङ्ग एंव डिपवोरिङ्ग र खेती योग्य जमिनमा सिचाँई प्रवर्द्धनका लागि लिफ्टिङ्ग डिप एंव वोरिङ्ग प्रविधि मार्फत खानेपानी र सिचाईको वन्दोवस्त गरिएको छ।
- नगर भित्र सञ्चालित आयोजनाहरुलाई उपभोक्ता, वडा र नगरस्तरबाट अभिमुखीकरण गरी ३ तहको अनुगमनको व्यवस्था गरिएको र यस्तो अनुगमनलाई नतिजामूलक वनाउन प्रयासहरु भएका छन्।

### ३.६ वातावरण तथा विपद :

- नगर भित्र हुन सक्ने प्राकृतिक विपत्तिको क्षतिलाई न्यूनीकरण गर्दै उद्धार, राहत वितरण र पुनरोत्थान तथा पुनस्थापनाका कार्यहरु गरिएको।
- नगर भित्र रहेका दमकल, एम्वुलेन्स, सववाहन र व्याकहोलोडरलाई २४ सै घण्टा सुचारु अवस्थामा राखिएको छ।
- वातावरण मैत्री नगर निर्माणमा वातावरणको क्षेत्रमा काम गर्ने विभिन्न संघ सस्थाहरुसगँको समन्वय र सहकार्यमा वृक्षारोपण, संरक्षण र सम्वर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिएको छ।

- वजार क्षेत्रमा मठ मन्दिरहरुमा सौर्य वत्तिको व्यवस्थापन गरी नगरलाई उज्यालो शहरको रुपमा विकास गरी उज्यालो प्रवर्द्धन गरिएको छ।

### ३.७ विधेयक समिति र कानुन

- संविधान र कानुन अनुरुप नगरपालिकालाई प्राप्त अधिकारको अभ्यास गर्न आवश्यक कानुनको निरन्तर तर्जुमा तथा संशोधन गरिएको छ।
- न्यायिक समिति समक्ष प्राप्त हुन आएका उजुरीहरुको समयमै सुनुवाई गरिएको छ।
- उजुरीको सुनुवाईको लागि ईजलासको व्यवस्था गरिएको छ।
- नगरपालिका विरुद्ध विभिन्न अदालतमा परेका ५ वटा उजुरीहरु मध्ये हालसम्म भएका ४ वटा फैसला नगरपालिका कै पक्षमा भएका छन्।
- नेपालको संविधानले निर्दिष्ट गरेका अधिकारहरुलाई कार्यान्वयन गर्ने सन्दर्भमा ११ वटा ऐन, ३ वटा नियममवली र १८ वटा कार्यविधिहरु जारी गरिएको छ।

### ३.८ परियोजना

- आप्रवासी स्रोत केन्द्रबाट राहदानी बनाउन आएका ३४१३ जना (महिलाः १२८८ र पुरुषः २१२५) लाई सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी परामर्श सेवा प्रदान गरिएको छ। बन्दाबन्दीको अवस्थामा समेत आप्रवासी स्रोत केन्द्रको टेलिफोन कल डाईभर्ड गरी सूचना तथा परामर्श सेवालाई नियमित गरिएको छ।
- आप्रवासी स्रोत केन्द्रमा दर्ता भएका ५८ वटा उजुरी (महिलाः ५ र पूरुषः ५३) मध्य २१ वटा उजुरीहरु समाधान भई ३७ वटा उजुरीहरु हाल प्रकृयामा रहेको छ।
- आप्रवासी स्रोत केन्द्रको परामर्श पश्चात् बैदेशिक रोजगारीमा जाने निर्णय गरेका १६ जना (महिलाः ५ जना र पुरुष ११ जना) व्यक्तिहरु कामसँग सम्वन्धित सीप तालिममा सहभागी भएका छन्। बैदेशिक रोजगारीका क्रममा मृत्युबरण गरेका, दीर्घ प्रकृतिको रोग लागि फर्किएका कामदारका छोरा छोरीलाई बैदेशिक रोजगार बोर्डले दिने शैक्षिक छात्रबृत्तिका लागि २६ जना बिद्यार्थीलाई (छात्रः १३ जनार छात्रा १३ जना ) आवश्यक सहयोग तथा समन्वय गरिएको छ।
- बैदेशिक रोजगारीका क्रममा मृत्यु बरण गरेका २ जना कामदार तथा ठगीमा परेका २ जना व्यक्तिहरुलाई आर्थिक सहायता तथा क्षतिपूर्तिको लागि आवश्यक सहयोग गरी समस्यामा परेका व्यक्ति तथा तिनका परिवारले रु. ४१,८७,६९३ राहत तथा क्षतिपूर्ति वापत प्राप्त गरेका छन्।
- कोभिड १९ को अवधिमा कार्यक्रम सञ्चालित ४ वटै स्थानीय तहबाट बैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको तथ्यांक संकलन तथा व्यवस्थापन गरिएको छ।
- मनोपरामर्श तथा बित्तीय साक्षरता कक्षा संञ्चालनको लागि दोरम्बा र सुनापति गाउँपालिकामा ७ वटा कक्षा समुह गठन गरिएको छ।
- बैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको परिवारमा कोभिड १९ को त्रासका कारण सिर्जना भएको मनोसामाजिक समस्या न्यूनीकरण गर्न मनोसामाजिक परामर्शको माध्ययमबाट आवश्यक सहयोग पुगेको छ।
- होल्डिङ्ग क्यारेन्टाईन, होम क्यारेन्टाईन, आईसोलेसन तथा कन्ट्रयाक्ट ट्रेसिङ्गमा आएका व्यक्तिहरुलाई टेलिफोनबाट मनो सामाजिक परामर्श सेवा प्रदान गरिएको छ।
- प्रहरी तथा पत्रकारहरुसँग बैदेशिक रोजगारीमा रामेछापको अवस्था, समस्या र चुनौतिहरुको बिषयमा अर्न्तक्रिया गरी सहकार्यका क्षेत्रहरु निर्धारण गरिएको छ।

- बैदेशिक रोजगारसँग सम्वन्धित नभएका तर मनो सामाजिक परामर्श सेवा जरुरी भएका व्यक्तिहरुको समस्या पहिचान गरी मनोपरामर्श सेवा प्रदान गरिएको छ।
- मनोसामाजिक समस्यामा रहेका जन प्रतिनिधिहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ।
- जिल्ला परियोजना अनुगमन तथा मुल्यांकन समिति तथा पालिका परियोजना समन्वय समितिको बैठक संञ्चालन गरी कार्यक्रम प्रभावकारिताका लागि आवश्यक पृष्ठपोषण लिईएको छ।
- उज्यालो ९० नेटवर्कसँग समन्वय गरी बैदेशिक रोजगारीका कारण बालवालिकामा परेको असरका बिषयमा (दोरम्बा र उमाकुण्ड गाउँपालिका) रेडियो अन्तरवार्ता संकलन तथा प्रशारण गरिएको छ।

## ३.९ वडागत उपलब्धि

- वडा कार्यालयको नयाँ भवन निर्माण तथा भवन नभएकाको पनि भवन निर्माणका लागि जग्गा प्राप्तिको कार्य भएको छ।
- दैनिक प्रशासनिक सेवा नियमित वडा कार्यालयबाट प्रवाह गरिएको छ।
- वडा भित्रका साधारण भै झगडा विवाद जस्ता कार्यको उजुरी उपर वडा कार्यालयमै छलफल गरी मिलापत्रको काम गर्ने गरिएको छ।
- सम्पर्ण वडा कार्यालयमा इन्टरनेट सेवा सुनिश्चत गर्न आवश्यक कार्य गरिएको छ। वडा नं. १ र वडा न १४ मा व्यक्तिगत घटना दर्ता अन लाइन प्रणाली मार्फत गरिएको छ।
- योजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन, अख्तियार प्राप्त योजनाको सम्झौता र योजना सञ्चालनमा आवश्यकता अनुसार समन्वयको कार्य गरिदै आएको छ ।
- सामाजिक सुरक्षा भत्ता गाउँ टोलमा गएर वितरणको कार्य गर्ने गरिएको छ।
- खानेपानी सडक स्वास्थ्य शिक्षा जस्ता सेवाहरुमा नागरिकको सहज पँहुच स्थापित गर्न आवश्यक सम्बन्धित योजना सञ्चालन गरिएको छ।
- वडा भित्र रहेका प्राकृतिक सास्कृति ऐतिहासिक सम्पदाहरुको संरक्षण र प्रचार प्रसारका कार्यहरु गरिएको छ।
- भुकम्प पछीको पुन निर्माण र नवनिर्माणका कामहरु अन्तिम चरणमा पुगेको छ।
- वडा स्तरमा सञ्चालित योजनाहरुको वडा समिति र उपोभोक्ता समितिबाट प्रत्यक्ष रुपमा अनुगमन गरिएको छ।
- सार्वजनिक सेवालाई सहज, सरल र प्रभावकारी बनाउन नागरिक वडापत्र सवैले देख्ने र हेर्न सक्ने ठाँउमा राखिएको छ।
- वडा बाट सम्पादन भएका कामहरुलाई पारदर्शी बनाउन सार्वजनिक परिक्षण सामाजिक परिक्षण र सार्वजनिक सुनुवाईका कार्यक्रमहरु सम्पन्न गरिएको छ।
- नियम, विधि र पद्धतिमा रही सेवा प्रवाहलाई चुस्त दुरुस्त पारी सेवा प्रवाह गरिएको छ।
- नगरबाट वडामा सञ्चालित ५ लाख भन्दा ठूला योजनाको होडिड वोर्ड राखि कार्यसञ्चालन गरिएको साथै नगरस्तरीय अनुगमनको लागि सहजीकरण गरिएको छ।

# समस्या र समाधान

## ४. समस्या र समाधान

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक अधिकारको सुनिश्चित गर्दै सामाजिक न्यायको माध्यमवाट सभ्य समाज निर्माण गर्नु स्थानीय तहको मुख्य दायित्व रहेको छ। संघ, प्रदेश र स्थानीय तह वीचको समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित कुशल अन्तर सरकारी वित्त व्यवस्थापन र निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको सहकार्यद्धारा समुन्नत समाज निर्माणमा जोड दिनु अपरिहार्य छ। तर समयमा संघीय र प्रादेशिक कानूनहरु समयमा निर्माण नहुँदा स्थानीय कानुनहरु निर्माण हुन सकेका छैनन्। संविधानमा व्यवस्था भएको संयुक्त अधिकारहरुको उपयोगमा एकरुपता ल्याउन सकिएको छैन।

स्थानीय तहहरुले सविधानमा उल्लेखित एकल अधिकारहरुको व्यवस्थापन गर्न विभिन्न ऐन नियमहरु जारी गरी आफ्नो कार्य सम्पादनमा जोड दिदाँ कतिपय विषयहरुमा संघीय र प्रादेशिक सरकारहरुबाट आउने अवरोधका कारण आफ्नो गतिमा तिव्रता दिन सकेको अवस्था छैन। विशेष गरी कानूनहरुको निर्माण संघीय र प्रादेशिक कानुनसँग नवाभिने गरी निर्माण गर्ने वातावरण नहुँदाको अवस्थासम्म संविधानको मर्म वमोजिमको राज्यको शासन प्रणाली सञ्चालनमा जटिलता आएको छ। राज्यद्धारा घोषित सुखी नेपाली, समृद्ध नेपाल निर्माणको महाअभियानमा स्थानीय तहहरुको भूमिकालाई सशक्त वनाउन कठिनाइ भएको छ।

स्थानीय तहको सार्वजनिक प्रशासन सञ्चालन तथा सुशासन अभिवृद्धि गर्ने कार्य कम जटिल छैन तापनि यस मन्थली नगरपालिकाले आफ्ना गतिविधिहरुलाई क्रियाशील गराउदै आएको छ। आर्थिक वर्ष २०७६/०७७ का लागि समय मै नीति तथा कार्यक्रम र वजेट स्वीकृत गरी कार्यक्रमहरु सञ्चालन गरेको थियो। आर्थिक वर्षको मध्यतिर विश्व व्यापी महामारीको रुपमा फैलिएको COVID-19 को प्रभाव र असरले घोषित कार्यक्रमहरु प्रभावित हुन पुग्यो। यसका वावजुद कार्यक्रमहरु सञ्चालन गरी रहँदा केही समस्याहरु देखा परे, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

- निर्णय कार्यान्वयनको शिलसिलामा सम्बन्धित खर्च शीर्षकमा बजेट विनियोजन नभए तापनि अन्य खर्च शीर्षकबाट खर्च लेख्नु पर्ने बाध्यता रहनु।
- अनलाईन प्रणाली (SuTRA) मा खर्च लेखाङ्कन भए तापनि असार मसान्त सम्म भुक्तानी कै काम गर्नु पर्ने भएकोले अनुदानको निकासा तथा राजस्व प्राप्तिको आम्दानी बाँध्न नसक्दा एकीकृत आय व्ययको वित्तीय प्रतिवेदन नआउने अबस्था रहेको छ।
- चालु तर्फ असार २० र पुंजीगत तर्फ असार २५ भित्र मात्रै भुक्तानी गरी लेखाङ्कन अभिलेखन तथा वित्तीय प्रतिवेदन तयारीको लागि समय व्यवस्थापन गर्ने भन्ने नीतिगत निर्णय तथा तालुक निकायको निर्देशन कार्यान्वयन गर्ने वातावरण व्यवहारिक हुन नसक्नु।
- टुक्रे योजनाको संख्या बढी भएको कारण कार्यान्वयन तथा गुणस्तर कायम गर्न प्राविधिक समस्या रहनु।
- समग्र नगरको सर्वाङ्गिण विकासको खाका सहित आवधिक योजना अर्थात नगर गुरु योजनाको अभावमा अल्पकालीन र दीर्घकालीन योजनाहरुको प्राथमिकताको आधारमा कार्यान्वयन हुन नसक्नु।
- योजना छनौटकै चरणमा गहन छलफल हुन नसक्दा योजना कार्यान्वयनको चरणमा योजना परिवर्तन हुने परिपाटीले कार्यान्वयनमा समस्या हुनु।
- संघ, प्रदेश, प्रदेश तथा स्थानीय पूर्वाधार साझेदारी तथा अन्य निकायबाट प्राप्त हुने योजनाको समयमा नै वजेट निकासा नहुनु।
- विभिन्न क्षेत्रमा योगदान पुर्याउने महानुभावहरुलाई पुरस्कृत एंव सम्मान गर्न, सहयोग एंव आपतकालिन कार्य सञ्चालनका लागि विनियोजित रकमबाट कोष सञ्चालन हुन नसक्नु।
- अत्यावश्यक निशुल्क औषधि बाहेकको विमाको थप औषधिको लागि फार्मेसी सेवा सञ्चालन गर्न नसक्नु।
- भुकम्पबाट क्षति भएका केही स्वास्थ्य संस्थाहरु निर्माण हुन नसक्नु।

- समय सापेक्ष प्राविधिक एव अप्राविधिक जनशक्तिको कार्य सम्पादन क्षमता विकासको कार्यक्रम सञ्चालन गर्न स्रोत साधनको व्यवस्थापन गर्न नसक्नु ।
- विषयगत समितिहरुले आफ्नो जिम्मेवारी बोधका साथ क्रियाशील हुन नसक्नु ।
- जन प्रतिनिधिहरुमा समग्र नगरलाई एउटै आँखाबाट नहेरी आफ्नो वडामा मात्र केन्द्रित हुनु ।
- कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मुल्याङ्कन कार्यमा जोड दिन नसक्नु ।
- कोभिड १९ को संकट र लकडाउनका कारण शैक्षिक कार्यक्रम र गतिविधि अवरुद्ध भई सहजरुपमा शैक्षिक गतिविधिहरु अगाडि बढ्न नसक्नु ।
- कार्यक्रमको पकेट क्षेत्र निर्धारण एव पहिचान गरी आवश्यक्ताको आधारमा कार्यक्रम सञ्चालन गर्न नसक्नु ।
- कृषकहरुले उत्पादन गरेका कृषि उपज एवं पशुजन्य पर्दाथहरुको विक्री वितरणको लागि उचित वजारीकरणका कार्यक्रमहरु सञ्चालन हुन नसक्नु ।
- सहकारी संस्थाहरुको दर्ता धेरै देखिन्छन् नगरपालिकामा अध्यावधिक गराइ सहकारीहरुको व्यवस्थापन, नियमन र अनुगमन कार्यमा प्रभावकारी बनाउन नसक्नु ।
- भरपर्दो र विश्वासनीयरुपमा नेट इन्टरनेटका पहुँच सवै वडा कार्यालयहरुमा विस्तार गरी अनलाइन व्यक्तिगत घटना दर्ता, राजश्व सङ्कलन र अन्य सेवा प्रवाहहरु व्यवस्थित रुपमा सञ्चालन गर्न नसक्नु ।
- कोभिड १९ का कारण गन्तव्य मुलुकमा रोजगारी गुमाएका कामदारहरुले स्वदेश फिर्ता हुने चाहना राखेर आप्रवासी स्रोत केन्द्रमा धेरै उजुरी दर्ता गर्नु तर अपेक्षा अनुसार सहयोग गर्न नसक्नु ।
- मनोसामाजिक समस्या भएका व्यक्तिहरुलाई परिवार कै सदस्यहरुले उचित साथ र सहयोग नदिँदा परामर्शको माध्यमबाट मात्रै समस्यामा परेको व्यक्तिको अवस्थामा परिवर्तन ल्याउन चुनौति पूर्ण हुनु ।
- रिटर्नी स्वयंसेवकहरुको कार्यक्षेत्र एक भन्दा बढि वडा भएको र वडाको भौगोलिक बनावट समेत बिकट भएको हुँदा कार्यक्षेत्रमा गई काम गर्न असहज हुने गरेको ।

**समस्या समाधानका उपायहरु**

- समग्र नगरको विकासको मार्ग चित्र सहितको आवधिक योजना निर्माण गर्नु पर्ने ।
- योजना निर्माणका सवै चरणहरु पूरा गरेर नगर सभाबाटै सवै योजनाहरुको स्पष्ट पहिचान गरी टुंगोमा पुग्ने पद्धतिको विकास गर्नु पर्ने ।
- योजना कार्यान्वयनको चरणमा योजना संशोधन गर्ने परिपाटी पूर्णत अन्त्य गर्न छलफल र वहसको विषय वनाइ अन्त्य गर्न प्रयास गर्नु पर्ने ।
- जनशक्तिको समय सापेक्ष क्षमता विकास र प्रोत्साहनको व्यवस्थाको संस्थागत सुनिश्चितता गर्नु पर्ने ।
- ठोस नतिजा दिने ठूला र क्रमागत योजनालाई प्राथमिकतामा राखी कार्यान्वयनमा जोड दिनु पर्ने ।
- मन्थली प्राथमिक स्वास्थ्य केन्द्रमा विमा कार्यक्रमको लागि नगरपालिकाबाट Seed money को व्यवस्था गरी सम्पूर्ण सेवा एकै ठाउँवाट प्राप्त गर्न सक्ने वातावरण निर्माण गर्नु पर्ने ।
- भुकम्पबाट क्षति भएका स्वास्थ्य संस्थाहरुको निर्माण कार्यलाई प्राथमिकतामा राखी स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन गरी गुणस्तरिय स्वास्थ्य सेवामा जोड दिनु पर्ने ।
- प्रत्येक वडामा कृषि र पशु प्रविधिकहरुको व्यवस्था गरी कृषि र पशुपालनको क्षेत्रमा सुधार गरी गरिवी निवारणमा जोड दिनु पर्ने ।
- राजस्व शाखा र आर्थिक प्रशासन शाखाको कार्यलाई Economic tie up गर्न दैनिक Day Close को व्यबस्था गर्नु पर्ने ।
- वडाहरुमा नेट इन्टरनेटको पहुँच सुनिश्चित गरी एकीकृत सफ्टवेयर (Integrated Software) मार्फत पञ्जीकरणका, राजस्व संकलन तथा दाखिला, खर्च र लेखाङ्कन गर्ने प्रणालीको विकास गर्नु पर्ने ।

# निष्कर्ष

**५. निष्कर्ष**

ऐतिहासिक संविधान सभाबाट जारी नेपालको संविधानमा राज्यको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र तीन तहको वीचमा आपसी सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित शासन व्यवस्था सञ्चालन हुने प्रावधान रहेको छ। संघ प्रदेश र स्थानीय तह समग्र नेपालका शासकीय इकाईहरु हुन यी सवैको उद्देश्य आर्थिक सामाजिक विकास गर्दै सामाजिक न्याय कायम गर्नु हो। संविधानमा उल्लेखित प्रावधान अनुसार यस नगरपालिकामा व्यवस्थापिकाको रुपमा नगरसभा, नगरकार्यपालिका र न्यायिक समितिहरु गठन भई नियमित रुपमा कार्य सम्पादन गर्दै आएका छन्। सार्वजनिक सेवा प्रवाहलाई नागरिकको आवश्यकता अनुरुप सञ्चालन गरी अपनत्व महसुस हुने गरि विकास निर्माण प्रक्रियामा सहभागी गराई दिगोपना कायम गर्नुपर्छ। एक आपसमा समन्वय गर्दै संविधानमा गरिएको व्यवस्थाहरु कार्यान्वयन गर्नु आजको आवश्यकता हो।

स्थानीय तहहरुले शासन प्रणालीलाई पारदर्शी, जवाफदेही वनाउन, सुशासन कायम गर्न र आम नागरिकलाई हरेक विकास निर्माण प्रक्रियामा सहभागी गराउन विभिन्न ऐन, नियमावली , कार्यविधिहरु जारी गरी कार्यान्वयन गरिरहेका छन्। सोही वमोजिम नागरिकलाई नगरबाट सञ्चालित हरेक कार्यक्रमको बारेमा जानकारी होस भनेर सम्पुर्ण सुचना तथा जानकारी यस नगरपालिकाको website-www.manthalimun.gov.np मा राख्ने, कार्यालयमा नागरिक वडापत्र, गुनासो पेटिका, चौमासिक एंव वार्षिक रुपमा सार्वजनिक सुनुवाई र स्थानीय सञ्चार माध्यमबाट प्रकाशन गर्ने जस्ता क्रियाकलापहरुवाट नागरिकको सुचनाको हकको प्रत्याभूति गर्न सक्ने अवस्था सृजना गरेको छ।

२११.७७ वर्ग किलोमिटर अर्थात (२११७७ हेक्टर) क्षेत्रफलमा फैलिएको, १४ वटा वडामा विभाजित मन्थली नगरपालिकामा शिक्षा स्वास्थ्य पुर्वाधार सञ्चार विद्युत लगायत अन्य क्षेत्रका कार्याक्रमहरु सञ्चालनमा छन। सार्वजनिक प्रशासनलाई व्यवसायिक प्रतिस्पर्धी बनाउँदै प्रशासनिक क्षेत्रमा आउने नयाँ अवधारणा र सुचना प्रविधिको प्रयोग गर्दै सेवाग्राहीको आवश्यकतामा आउने परिवर्तनसँगै विद्धुतीय शासन मार्फत सुशासन प्रवर्द्धन गर्नुपर्ने हुन्छ समयको परिवर्तनसँगै चुनौती र अवसरहरु थपिदैं गइरहेका छन्। कुशल व्यवस्थापन मार्फत (प्रभावकारी प्रशासन संयन्त्र) चुनौतीलाई सामना गरी अवसरको रुपमा रुपान्तरण गर्न सक्ने हुनुपर्छ।

शहरतर्फ उन्मुख नागरिकहरुलाई आफ्नै गाँउ घरमा वस्ने वातावरण निर्माणका लागि कृषि एंव पशु क्षेत्रको विकासमा आधुनिकीकरण गरी रोजगार तथा स्वरोजगार स्रिर्जना गर्ने गरी कार्यक्रमहरु सञ्चालन भएका छन्। वालवालिकाहरुलाई गुणस्तरीय शिक्षा उपलव्ध गराउन विद्यालय शिक्षामा सुधारका अभियानहरु सञ्चालन गरिएको छ। त्यस्तै आधारभूत स्वास्थ्य सेवा गुणस्तरीय वनाउन संस्थागत सुदृढीकरणका साथै स्वास्थ्य कर्मीहरुको क्षमता विकासमा समेत जोड दिएको छ। यसका अलवा वडा भित्र रहेका मुल सडकहरु वाह्रै महिना सञ्चालनमा ल्याउनका लागि सडकको स्तरोन्नति गरिनुका साथै धुलोरहित सडकका लागि कालो पत्रे गर्ने कार्यको थालनी भएको छ। संघीय र प्रदेश सरकारसँगको सहकार्यमा नगरको पहिचान दिने ऐतिहासिक, धार्मिक, पर्यटकीय महत्व वोकेका क्षेत्रहरुमा गौरवका आयोजनाहरु सञ्चालनमा ल्याइएको छ। प्रचार प्रसारमार्फत पर्यटन क्षेत्रको विकास गरी स्थानीय कला संस्कृतिको विकास र जगेर्ना गर्नु पर्ने देखिन्छ।

यस नगरपालिकाले सम्मृद्ध नगर स्थापनाका लागि सहकारी, निजी र सामुदायिक क्षेत्रलाई परिचालन गर्दै आर्थिक विकासका क्रियाकलापहरुमा सहभागी गराउदै आएको छ। विकास निर्माणमा योजना छनौट देखि कार्यान्वयन तहसम्म नागरिकहरुको प्रत्यक्ष सहभागिता गराउन विशेषगरी ठूला ठूला हेभीइक्वपमेन्ट प्रयोग गर्नु नपर्ने एक करोड भन्दा कम लागतका योजनाहरु स्थानीय उपभोक्ता

समिति मार्फत सञ्चालन गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै स्थानीय जनशक्ति परिचालनबाट गरिवी न्यूनीकरणमा सहयोग पुऱ्याउन जोड दिएको छ । दिगो र भरपर्दो योजनाहरु सञ्चालन गरेर नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउने गरी कार्यक्रमहरु सञ्चालन हुन आवश्यक छ ।

आगमी दिनमा नगरलाई थप सुदृढ र सम्वृद्ध वनाउन नगरको सम्रग विकासको मार्गचित्र सहितको आवधिक योजना निर्माण, अत्याधुनिक डम्पिङ्ग साइट, अत्याधुनिक वस पार्कको विकास, मन्थली वजार क्षेत्रमा वाइपास सडकको निर्माण, १४ वटा वडा जोड्ने वाहिरी रिङ्ग रोडको निर्माण, शान्ति पार्क, बालबालिका वाटिका, जेष्ठ नागरिकहरुका लागि मनोरञ्जन एंव विश्राम स्थलहरुको निर्माण, औधोगिक ग्रामहरुको निर्माण , हरेक वडाहरुमा कम्तिमा एउटा नमूना विद्यालयको विकास जस्ता महत्वपूर्ण आयोजनाहरु सञ्चालन गर्ने ध्येयका साथ यस नगरपालिकाले आफ्ना गतिविधिहरु सञ्चालन गर्नु पर्छ ।

उपर्युक्त परिवेशमा यस नगरपालिकाले विगतमा गरिएका योजना कार्यान्वयनको अवस्थालाई समीक्षा गरी प्राप्त उपलव्धिहरुलाई संस्थागत गर्दै सुधार गर्नु पर्ने पक्षमा क्रमिक रुपमा सुधार गर्दै भावी योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताका आधारमा सम्पादन गर्दै जाने लक्ष्य उन्मुख हुनुपर्ने देखिन्छ ।


अनुसुचि - १

अनुसुचि १.२

## मन्त्रालयबाट स्वीकृत मन्थली नगरपालिकाको दर्बन्दी चार्टर

**मन्थली नगरपालिका, रामेछाप**


**नगर कार्यपालिकाको कार्यालयको संगठन संरचना**



# छैटौं नगरसभाबाट स्वीकृत मन्थली नगरपालिकाको दर्बन्दी चार्ट

छैटौं नगरसभाबाट स्वीकृत!

अनुसुचि १.२



अनुसुचि-२

# शिक्षा

**कुल बजेट र खर्चको अवस्था**

| क स | | संघीय सरकार | राष्ट्रिय योजना आयोग | प्रदेश सरकार | स्थानीय | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | बजेट | २७०७७०००० | ४०००००० | ९७५००० | ६०००००० | २८१७४५००० |
| २ | खर्च | २५१३८९००० | ४०००००० | ९७५००० | ३४१७००० | २५९७८१००० |
| ४ | वित्तीय प्रगति | ९२.८४ | १०० | १०० | ५६.९५ | ९२.२ |

**संघीय सशर्त अन्तर्गत विद्यालय क्षेत्र विकास कार्यक्रमको प्रगति विवरण सम्पन्न भएका कार्यक्रमहरु** (रु हजारमा)

| सि. नं | क्रियाकलापको नाम | विनियोजित रकम | खर्च भएको रकम | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | आधारभूत शिक्षक तलब भत्ता (दरवन्दी तथा राहत) | १३२७२२ | १३२७२२ | १०० | |
| २ | नपुग थप तलब भत्ता (शिक्षक) | ३१२६८ | २६८५६ | ८५.८८ | ४४१२ संघीय कोषमा फिर्ता |
| ३ | माध्यमिक तहका शिक्षक (दरवन्दी र राहत ) | ३०३३३ | ३०३३३ | १०० | |
| ४ | बालविकास स का तथा विद्यालयका कर्मचारीहरुको तलब भत्ता | १४७४० | १३८३८ | ९३.८८ | ९०२ संघीय कोषमा फिर्ता |
| ५ | बालविकास स का तथा कर्मचारी पोशाक खर्च | १७२० | १६५० | ९५.९३ | ७० संघीय कोषमा फिर्ता |
| ६ | PCF Non Salary र कक्षा ८ को परीक्षा व्यवस्थापन | २७३३ | २३६७ | ८७ | |
| ७ | निशुल्क पाठ्यपुस्तक अनुदान | ४३१५ | ४३१५ | १०० | १२ प्रतिशत रकम नपुग |
| ८ | विद्यार्थी छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | २८४० | १४६२ | ५२ | १३७८ संघीय कोषमा फिर्ता |
| ९ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ४३१६ | ३८८८ | ९० | ९२८ संघीय कोषमा फिर्ता |
| १० | दिवा खाजाको लागि विद्यालयलाई अनुदान | १५३०९ | ८६४१ | ५७ | कोभिड १९ को कारण विद्यालय बन्द रहेकाले |
| ११ | विद्यालय भौतिक पूर्वाधार अनुदान | १७१०० | १७१०० | १०० | |
| १२ | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित अनुदान | ७३७४ | ६८५० | ९३ | बाँकी संघीय कोषमा फिर्ता |
| १३ | सिकाइ केन्द्र व्यवस्थापन खर्च | २००० | १४०० | ७० | बाँकी संघीय कोषमा फिर्ता |
| १४ | कोभिड १९ बाट भएको शैक्षिक क्षती न्यूनीकरण तथा विद्यार्थीको सिकाइ प्रवर्द्धन कार्यक्रम | ४०० | ४०० | १०० | |
| १५ | छात्राहरुलाई निशुल्क सेनेटरी प्याड व्यवस्थापन | ३६०० | ६५७ | १८ | बाँकी संघीय कोषमा फिर्ता |
| | जम्मा | २७०७७० | २५१३८९ | ९२.८४ | |

**शिक्षा सुधारका साझा प्रतिवद्धता कार्यक्रम मध्ये सम्पन्न भएका कार्यक्रमहरु (बजेट रु हजारमा)**

| सि.नं | क्रियाकलापको नाम | विनियोजित रकम | खर्च भएको रकम | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | पूर्व प्राथमिक कक्षा १ र २कक्षा कोठा व्यवस्थापन | १४०० | १४०० | १०० | |
| २ | शिक्षण सिकाईमा ICT र ईन्टरनेटको प्रयोग | ८०० | ८०० | १०० | |
| ३ | शिक्षकहरुको विषयगत समिति गठन | २८१ | २८१ | १०० | |
| ४ | नगरस्तरीय प्र अ बैठक संचालन | ७० | ७० | १०० | |
| ५ | अगुवा विद्यालयमा हुने प्र अ वैठक सञ्चालन | १०४ | १०४ | १०० | |
| ६ | शैक्षिक क्यालेण्डर छपाइ | ९४.७३ | ९४.७३ | १०० | |
| ७ | दरवन्दी मिलान र समायोजन | ११५ | ११५ | १०० | |
| ८ | विज्ञ रोष्टर प्रशिक्षकहरुको वैक स्थापना र विज्ञताको उपयोग | १०० | १०० | १०० | |
| ९ | योग ध्यान सम्वन्धी प्रशिक्षण कार्यक्रम | ८२.२ | ८२.२ | १०० | |
| १० | समग्र कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | ४०० | ३२० | ८० | |
| | जम्मा | ३४४६.९३ | ३३६६.९ | | |

**राष्ट्रिय योजना आयोगबाट प्राप्त ४० लाखको खर्च विवरण**

| क्र. सं. | कार्यक्रमको नाम | एकाइ | दर | जम्मा | निर्णय प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | कक्षा कोठा व्यवस्थापन | २८ | १००००० | २८००००० | |
| २ | प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका दलित बालबालिका पोशाक | १००० | १००० | १०००००० | |
| ३ | आधारभूत पुस्तकालय | २ | १००००० | २००००० | |
| | जम्मा | | | ४०००००० | |

अनुसुचि-३

## महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण कार्यक्रम

| क्र.सं. | | संघ | प्रदेश | स्थानीय | जम्मा |
|---|---|---|---|---|---|
| १ | वजेट | ० | ११००००० | ३१२६००० | ४२२६०००। |
| २ | खर्च | ० | ३५०००० | १६१९००० | १९७९०००। |
| ३ | वित्तिय प्रगति प्रतिशत | ० | ३१.८३ | ५१.७९ | ४६.८३ |

| क्र. सं. | कार्यक्रमहरु | इकाई | लक्ष्य | | प्रगति | | प्रगति नहुनुका कारण |
|---|---|---|---|---|---|---|---|
| | | | भैतिक | वजेट | भौतिक | वजेट | |
| १ | प्रदेश | | | | | | |
| क. | बाल विवाह विरुद्धको कार्यक्रम (अन्तरक्रिया, व्रोसर, फ्लेक्स प्रिन्ट निर्माण, रेडियोबाट सन्देश प्रसारण) | पटक | १ | ३०००००।- | १ | ३०००००।- | |
| ख | बालमैत्री स्थानीय तह प्रोत्सान कार्यक्रम<br>१. कार्यविधि २०७७ निर्माण<br>२.आपतकालीन बालसंरक्षण कोष | वटा | १ | ५०००००।- | | ५००००।- | कोषको खाता नखुलेको |

| क्र.स. | कार्यक्रमहरु | ईकाई | लक्ष्य | | प्रगति | |
|---|---|---|---|---|---|---|
| | | | भौतिक | वजेट | भौतिक | वजेट |
| १ | मानव वेचविखन विरुद्धको दिवस, | पटक | १ | ३००००।- | १ | ३००००।- |
| २ | राष्ट्रिय वाल दिवस, | पटक | १ | ५१०००।- | १ | ५१०००।- |
| ३ | जेष्ठ नागकि दिवस र अल्जाईमर सचेतना दिवस | पटक | १ | ४००००।- | १ | ४००००।- |
| ४ | जेष्ठ नगरिक दिर्घ सेवा सम्मान | पटक | १ | १०१०००।- | १ | १०१०००।- |
| ५ | जेष्ठ नागरिक तथा अपाङगता परिचय पत्र वितरण धुम्तीशिविर | वडा | ११ | ४,४०,००० | १ | ४,४०,००० |
| ६ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, | पटक | १ | ४०,०००। | १ | ४०,०००। |
| ७ | महिला कानुनी अधिकार सम्वन्धी तालिम २ दिने गाउँस्तर | ७ | ७ | ३५०,०००। | ७ | ३५००००। |
| | नगरपालिकाका विभिन्न विषयगत वैठक | | | | | |
| ८ | अपाङगता परिचय पत्र वितरण स्थानीय समन्वय समिति वैठक | ३ | ३ | ९००००। | १ | ३०,०००। |
| ९ | परामर्श वैठक | ३ | ३ | ९००००। | २ | ६०,०००। |
| १० | जेष्ठ नागरिक कल्याण समिति वैठक | ३ | ३ | ९००००। | १ | ३०,०००। |
| ११ | बालअधिकार संरक्षण समितिको वैठक | ३ | ३ | ९००००। | १ | ३०,०००। |
| १२ | लैङ्गिक हिंसा विरुद्धको संयोजन समिति वैठक | ३ | ३ | ९००००। | २ | ६०,०००। |

२०७७/३/३१ गते सम्म वितरण भएको ज्येष्ठ नागरिक परिचय- पत्र

| वडा नं. | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|
| ३ | ७८ | ७४ | १५२ | घुम्ति शिविर |
| ४ | १२१ | ९७ | २१८ | घुम्ति शिविर |
| ६ | ७२ | ६१ | १३३ | घुम्ति शिविर |
| ७ | ६२ | ६९ | १३१ | घुम्ति शिविर |
| ८ | ६७ | ६१ | १२८ | घुम्ति शिविर |
| ९ | १३५ | १०३ | २३८ | घुम्ति शिविर |
| १० | ९३ | ७६ | १६९ | घुम्ति शिविर |
| ११ | १२१ | ७६ | १९७ | घुम्ति शिविर |
| १२ | ९२ | ७७ | १६९ | घुम्ति शिविर |
| १३ | १२३ | ११३ | २३६ | घुम्ति शिविर |
| १४ | १३८ | ७७ | २१५ | घुम्ति शिविर |
| जम्मा | ११०२ | ८७४ | १९७६ | |
| कार्यालय | २५१ | २८५ | ५३६ | कार्यालय वाट |
| कुल जम्मा | १३५३ | ११५९ | २५१२ | घुम्ति शिविर |

२०७७/३/३१ गते सम्म वितरण भएका अपाङ्गता परिचय पत्र विवरण

| क्र. सं. | अपाङ्गताको प्रकार | क वर्गको अपाङ्गता | | | ख वर्गको अपाङ्गता | | | ग वर्गको अपाङ्गता | | | घ वर्गको अपाङ्गता | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा |
| १ | शारीरिक अपाङ्गगता | ५ | ६ | ११ | ११ | ११ | २२ | १४ | १६ | ३० | ११ | ८ | १९ | ४१ | ४१ | ८२ |
| २ | दृष्टि सम्वन्धि अपाङ्गगता | ० | ० | ० | २ | | २ | २ | १ | ३ | - | - | - | ४ | १ | ५ |
| ३ | सुनाइ सम्वन्धि अपाङ्गगता | ० | ० | ० | ६ | २४ | ३० | १ | १ | २ | - | - | - | ७ | २५ | ३२ |
| ४ | श्रवण दुष्टि विहिन | - | १ | १ | - | - | - | - | - | - | - | - | - | - | १ | १ |
| ५ | अपाङ्गता | - | - | - | - | २ | २ | १ | १ | २ | - | १ | १ | १ | ४ | ५ |
| ६ | स्वर वोलाई सम्वन्धि अपाङ्गगता | - | - | - | - | - | - | - | - | - | - | १ | १ | - | १ | १ |
| ७ | मनसिक वा मनोसामाजिक अपाङ्गता | - | - | - | - | - | - | - | १ | १ | - | - | - | - | १ | १ |
| ८ | बैद्धिक अपाङ्गगता | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ९ | अनुवंशशीय तथा रक्तश्राव (हेमोफेलिय) | | १ | १ | - | - | - | - | - | - | - | - | - | - | १ | १ |
| १० | अटिज्म सम्वन्धि अपाङ्गगता | १ | २ | ३ | - | - | - | - | - | - | - | - | - | १ | २ | ३ |
| | बहुअपाङ्गगता | - | - | १६ | - | - | ५६ | - | - | ३८ | - | - | २१ | - | - | १३१ |

२०७७/३/३१ गते सम्म अपाङ्गता परिचय पत्रको प्रतिलिपि वितरण गरिएको विवरण

| विवरण | क वर्गको अपाङ्गता | | | ख वर्गको अपाङ्गता | | | ग वर्गको अपाङ्गता | | | घ वर्गको अपाङ्गता | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा |
| प्रतिलिपि वितरण गरिएको | ३ | ६ | ९ | ९ | ८ | १७ | ४ | ६ | १० | ५ | - | ५ | २१ | २० | ४१ |
| न.पा + प्रतिलिपि कुल जम्मा | - | - | २५ | - | - | ७३ | - | - | ४८ | - | - | २६ | - | - | १७२ |

अनुसुचि-४

# कृषि विकास

कुल बजेट र खर्चको अवस्था बजेट रु. हजारमा

| क्र.सं. | विवरण | संघीय सरकार | प्रदेश सरकार | स्थानीय | VCDP | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | बजेट | १००० | | ४००० | १३०० | ६३०० |
| २ | खर्च | १००० | | ३०५२ | १३०० | ५३५२ |
| ३ | वित्तीय प्रगति (प्रतिशतमा) | १०० | | ७६.३ | १०० | ८४.९५ |
| ४ | भौतिक प्रगति (प्रतिशतमा) | १०० | | ७९.९२ | १०० | ८७.२५ |

क्रियाकलापगत/कार्यक्रमगत अवस्था (वार्षिक)

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | भौतिक प्रगति | बित्तीय प्रगति | | लाभान्वित | |
|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति |
| १ | मागमा आधारित ब्लगमा धान, मकैको बीउ ५०% अनुदानमा वितरण | हे. | १० | ५४ | १०० | ८०० | १२ संस्था |
| २ | मिनि टिलर वितरण ५०% अनुदान | पटक | १ | १ | ८०० | ८०० | २० संस्था |
| ३ | आधुनिक च्याउ घर निर्माणमा ५०% अनुदान | पटक | १ | १ | ३०० | १५० | १ संस्था |
| ४ | भकारो सुधार ५०% अनुदान | संख्या | ३० | २३ | १५० | १२० | २ संस्था |
| ५ | क्रप कटिङ्ग (धान, गहुँ, तोरी, आलु ) | संख्या | ६० | २४ | ३० | १२ | तथ्यांक |
| ६ | मिनि टिलर मर्मत संभार तालिम | पटक | १ | १ | १०० | १०० | २७ जना |
| ७ | ठूला फलफूल बगैंचा व्यवस्थापन | पटक | १ | १ | १५० | १५० | ९ संस्था |
| ८ | रोग तथा कीरा व्यवस्थापन | पटक | ३ | ३ | १५० | १५० | १४ वडा |
| ९ | समूहगत तरकारी उत्पादन कार्यक्रम (मिनी किट) | पटक | ३ | १ | २४० | १२० | १२ संस्था |
| १० | माग तथा प्रस्तावनामा आधारित कार्यक्रम | संख्या | ५ | ५ | १०० | १०० | ५ संस्था |
| ११ | ५०% अनुदानमा औजार उपकरण वितरण तथा बजारीकरणमा सहयोग | पटक | १ | १ | १५० | १५० | ८ संस्था |
| १२ | तरकारी कोल्ड रुम निर्माणमा सहयोग ५०% अनुदान | पटक | १ | १ | २०० | २०० | १ संस्था |
| १३ | धान दिवस | पटक | १ | १ | १०० | १०० | १ संस्था |

फलफुल तथा तरकारी मुल्य श्रृंखला VCDP

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | भौतिक प्रगति | | बित्तीय प्रगति | | लाभान्वित |
|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | |
| १ | प्राविधिक जनशक्ति परिचालन | जना | १ | १ | २९३ | २९३ | |
| २ | व्यवसायिक योजना निर्माण तालिम | पटक | ३ | १ | १५० | १५० | १०७ जना |
| ३ | गोठेमल व्यवस्थापन तथा पशुमुत्र संकलन तथा प्रयोग तालिम र सामाग्री वितरण | पटक | १ | १ | १३० | १३० | ६२ जना |
| ४ | बाली उत्पादनोपरान्त क्षति न्यूनीकरण तालिम | पटक | २ | २ | १०० | १०० | ११२ जना |
| ५ | तरकारी तथा फलफूल बीउ, बेर्ना ५०% अनुदानमा वितरण | पटक | २ | २ | १०० | १०० | ११ संस्था |
| ६ | कृषि उपज संकलन केन्द्र स्थापना तथा संचालन | संख्या | १ | १ | ५८० | ५८० | १ संस्था |
| ७ | कृषक डायरी भर्ने सम्बन्धी तालिम | पटक | | १ | | ३० | २५ जना |
| ८ | तरबुजा खेती प्रदर्शन कार्यक्रम | पटक | | १ | | | १३ संस्था |

सशर्त तर्फको कार्यक्रम

| क्र.सं. | कार्यक्रमको नाम | भौतिक | | वित्तिय | | लभान्वित |
|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | |
| १ | साना सिंचाई निर्माण तथा मर्मत सम्भार | ४ | ४ | ४२५ | ४२५ | ४ संस्था |
| २ | माटो परीक्षण तथा कृषि चुन वितरण | १ | १ | २०० | २०० | ४२ संस्था |
| ३ | भकारो सुधार | ३० | ३० | १५० | १५० | ४ संस्था |

अनुसुचि-५

# पशु सेवा

कुल बजेट र खर्चको अवस्था (रु.हजारमा)

| क्र.सं | | संघिय सरकार | प्रदेश सरकार | स्थानिय तह | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | बजेट | ५८२.५ | - | ६००० | ६५८२.५ | |
| | खर्च | ३६२.५ | - | ४८६०.४ | ५२२२.९ | |
| | बितिय प्रगति (प्रतिसतमा) | ६२.२१ | | ८१.०१ | ७९.३४ | |

ग. क्रियाकलाप (संघिय कार्यक्रमको कुल बजेट र खर्चको अवस्था रु.हजारमा)

| क्र. सं. | कार्यक्रमहरु | इकाई | लक्ष्य | | प्रगति | | प्रगति नहुनुको कारण |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | बजेट | भौतिक | बजेट | |
| १ | विभिन्न खोप लगाए बापत भ्याक्सिनेटरहरुलाई पारिश्रमिक | पटक | १ | ६२.५ | १ | ६२.५ | |
| २ | पशु स्वास्थ्य व्यवस्थापनको लागि औषधी वितरण कार्यक्रम | पटक | ३ | १४५ | ३ | १४५ | |
| ३ | बर्ड फ्लु रोग लगायत अन्य रोगहरुहरुको नियन्त्रणको लागि बैठक तथा नमुना संकलन गरी पठाउने | पटक | २ | ७५ | ० | ० | बन्दाबन्दिको कारण |
| ४ | पशुपन्छी तथा मत्स्य उपचार सेबा | पटक | ३ | ६० | ३ | ६० | |
| ५ | तरल नाईटेजन ढुबानी भण्डारण तथा वितरण तथा व्यवस्थापन | पटक | १२ | २४० | १२ | ९४.९ | |

ग. क्रियाकलाप (न.पा. तर्फको कार्यक्रम कुल बजेट र खर्चको अवस्था रु.हजारमा)

| क्र. सं | कार्यक्रमहरु | इकाई | लक्ष्य | | प्रगति | | प्रगति नहुनुको कारण |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | बजेट | भौतिक | बजेट | |
| अ | पुंजीगत अर्न्तगतका कार्यक्रमहरु | | | | | | |
| १ | पशु सेवामा आवश्यक पर्ने विभिन्न मेशिनरी औजार खरीद | पटक | १ | २६० | १ | २६० | |
| आ | चलु खर्च अर्न्तगतका कार्यक्रमहरु | | | | | | |
| १ | पशु स्वास्थ्य सेवा तथा नियमन कार्यक्रम | पटक | ३ | १५० | ३ | १५० | |
| २ | पशुहरुमा लाग्ने माहामारी रोग नियन्त्रण कार्यक्रम | पटक | २ | २५० | २ | २५० | |
| ३ | एक वडा एक जोनोटिक रोग (रेबिज रोग नियन्त्रण) शिविर कार्यक्रम ४, १२, र १४ | पटक | ३ | १५९.५ | १ | १४८ | बन्दाबन्दिको कारण |
| ४ | एक वडा एक स्थलगत परजिवी नियन्त्रण शिविर कार्यक्रम ४,६,११ र १३ | पटक | ४ | २८० | ० | ० | बन्दाबन्दिको कारण |
| ५ | रिफरल भेटेरिनरी अस्पताल त्रिपुरेश्वरका विज्ञहरुको सहयोगमा मंन्थली वजार पेरिफेरीका छाडा कुकुर नियन्त्रण कार्यक्रम | पटक | १ | ५८० | १ | ५८० | |

| क्र. सं | कार्यक्रमहरु | इकाई | लक्ष्य | | प्रगति | | प्रगति नहुनुको कारण |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | बजेट | भौतिक | बजेट | |
| ६ | मासुमा आत्म निर्भर कार्यक्रम | संख्या | २ | ६४० | २ | ४३५ | बन्दाबन्दिको कारण |
| ७ | अण्डामा आत्म निर्भर कार्यक्रम | संख्या | २ | १०० | १ | ५० | प्रस्ताव प्राप्त नभएको । |
| ८ | दुधमा आत्म कार्यक्रम | संख्या | ३ | २०३० | ३ | १७३४.९ | |
| ९ | पशु आहारा विकास कार्यक्रम | पटक | ३ | ४८० | ३ | ४७९.९६ | |
| १० | जिविकोपार्जन सहयोग कार्यक्रम | | - | - | - | १० | जिविकोपार्जन सहयोग कार्यक्रम |
| ११ | पशु पक्षी वजार प्रवर्द्धन कार्यक्रम | पटक | १ | १०० | १ | ० | प्रस्ताव प्राप्त नभएको |
| १२ | अन्य कार्यक्रम | पटक | ३ | ५२० | १ | ३२२.५ | |
| | कुल जम्मा | | १ | ६५८२.५ | | ५२२२.९ | |

पशुपन्क्षि उपचार सेवा

| क्र. सं. | विवरण | इकाई | जम्मा | लाभान्वित घर परिवार सख्या |
|---|---|---|---|---|
| १ | मेडिकल उपचार सेवा | संख्या | ७८२१ | ९८२४ |
| २ | माईनर सर्जिकल उपचार सेवा | संख्या | ६२८ | |
| ३ | गाईनोकोलोजि उपचार सेवा | संख्या | १९० | |
| ४ | प्रयोगशाला सेवा | संख्या | २३५ | |
| ५ | खोरेतरपि.पि.आर.रेबिज खोप सेवा | संख्या | २३८०७ | ७४३३ |
| ६ | मासुपसल अनुगमन | पटक २ | १७ | |
| ७ | गोठ सुधार तथा व्यवस्थापन सहयोग | संख्या | १९ | ४९० |
| ८ | बख्राको खोर सुधार तथा व्यवस्थापन तथा सहयोग | संख्या | १२ | |
| ९ | बगुरको खोर सुधार तथा व्यवस्थापन तथा सहयोग | संख्या | ७ | |
| १० | कुखुराको खोर सुधार तथा व्यवस्थापन तथा सहयोग | संख्या | ७ | |
| ११ | प्रजनन्को बोका वितरण समुह/फार्म | संख्या | ८ | |
| १२ | समुह दर्ता/पशुपालन फार्म दर्ता | संख्या | ३२ | |
| १३ | लगत साझेदारीमा छाडा कुकुर नियन्त्रण गरि स्पेईग,बन्ध्याकरण, रेबिज खोप शिविर कार्यक्रम पटक | संख्या | २१६ | |

कृत्रिम गर्भघान सेवा/पशु आहारा सेवा कार्यक्रम

| क्र.सं. | विवरण | इकाई | जम्मा | लाभान्वित घर परिवार सख्या |
|---|---|---|---|---|
| १ | गाई | संख्या | ९८५ | ७५२० |
| २ | भैसी | संख्या | ५१६ | |
| ३ | बाखा | संख्या | ३ | |
| | जम्मा | | १५०४ | |
| ५ | ७५ प्रतिसत अनुदानमा हिउदे जै घांसको विऊ वितरण (४० हे) २४८ जना | हेक्टर | ४८४८ | ३०९० |
| ६ | ९० प्रतिसत अनुदानमा बर्षे (टियोसेन्टि) घांसको विऊ वितरण(२५ हे) १६३ जना | हेक्टर | १०० | |
| ७ | बहुबर्षिय घांसको विऊ वितरण मेन्डुला, भट्मासे, किम्बु,, नेपियर, मोलाटो (१० हे.) २०७ जना | हेक्टर | | |

पशुपन्क्षि निकासि विवरण

| क्रासं | पशुपन्क्षि विवरण | इकाई | जम्मा | लाभान्वित घर परिवार |
|---|---|---|---|---|
| १ | कुखुरा | गोटा | ९८५ | |
| २ | रांगा | गोटा | ५१६ | |
| ३ | खशिरबोका | गोटा | २८३ | |
| ४ | बगुररसुगुर | गोटा | ४५६ | |
| ५ | गाईरगोरु | गोटा | १५०७ | |
| ६ | अण्डा | गोटा | १६६९५० | |
| ७ | पशुपन्क्षि दर्ता शुल्क बापत प्राप्त रकम | रु. | २४६७५ | |

अनुसुचि-६

# सहकारी

| क्र. सं. | सूचकहरु | इकाई | आ.व. ०७५/७६ को अवस्था | पन्ध्रौं योजनाको लक्ष | दीगो विकास लक्ष | न.पा.को हालको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | सहकारी सख्या | वटा | ३४७६३ | घटाउने | ० | १०९ |
| २ | सदस्य संख्या | जना | ६६ लाख | ० | ० | १६६०५ |
| ३ | कुल शेयरपूँजी | रु. | ७७ अर्व | ८६ अर्व | ० | ६,९३,२९,११५ |
| ४ | परिचालित वचत | रु. | ३ खर्व ४६ अर्व | ३ खर्व ८४ अर्व | ० | ४७,५९,९४,१४५ |
| ५ | ऋण परिचालन | रु. | ३ खर्व ३३ अर्व | ३ खर्व ९३ अर्व | ० | ४८,३७,५०,२५३ |
| ६ | महिला सदस्य | प्रतिशत | ५१ | ५३ | ० | ४७.५ |
| ७ | महिला सञ्चालक | प्रतिशत | ४० | ४३.५ | ० | ५२.७ |
| ८ | रोजगारी | जना | ६२ हजार | वार्षिक थप १७००० | ० | ४९ |
| ९ | कुल कारोवार | रु. | ० | ० | ० | ६५,२०,३४,५९१ |

लघु तथा घरेलु उद्योग तथा वाणिज्य सूचकगत अवस्था र वार्षिक प्रगति

| क्र. सं. | सूचकहरु | इकाई | आ.व. ०७५/७६ को अवस्था | पन्ध्रौं योजनाको लक्ष | दीगो विकास लक्ष | न.पा.को हालको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | काम गर्ने उमेरका तालिम प्राप्त जनसंख्या | प्रतिशत | ० | ५० | ० | ० | |
| २ | लघु तथा घरेलु उद्योगको स्थापना | वटा | ० | वार्षिक १५ हजार | ० | ० | |
| ३ | लघु तथा घरेलु उद्योगमा थप रोजगारी सिर्जना | जना | ० | वार्षिक ६० हजार | ० | ० | |
| ४ | ब्यवसाय विकास केन्द्रको स्थापना | वटा | ० | प्रत्येक प्रदेशमा १/१ | ० | ० | |
| ५ | ब्यवसाय इजाजत | वटा | ० | ० | ० | १८१ | |
| ६ | ब्यवसाय इजाजत नविकरण | वटा | ० | ० | ० | ७०८ | |
| ७ | ५ लाख भन्दा तलका उद्योग दर्ता | वटा | ० | ० | ० | २३ | |

अनुसुचि-७

# सामाजिक सुरक्षा तथा पञ्जिकरण

१ कुल बजेट र खर्चको अवस्था

| क्र.सं. | विवरण | संघिय सरकार (आय) | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता | १४६७०२६०० | १४६७०२६०० | १००.००५ | |
| २ | आयोजना तर्फ (SSSPCR) | १३००००० | ११०८८६० | ८५.३ | |
| | जम्मा | १४८००२६०० | १४७८११४६० | ९९.९ | |

२. सामाजिक सुरक्षा तर्फ

| सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको संख्या र हाल सम्मको खर्च | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | कार्यक्रम | वजेट | सामाजिक सुरक्षा भत्ता वितरण विवरण | | | | | | | | उपलव्धि |
| १ | सामाजिक सुरक्षा भत्ता | १४९२४२००० | प्रथम चौमासिक | | द्धितिय चौमासिक | | तृतीय चौमासिक | | | हालसम्को | सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम MIS ENTRY गरिएको । |
| | | | संख्या | खर्च | संख्या | खर्च | संख्या | खर्च | | खर्च | |
| २ | जेष्ठ नागरिक अन्य | | २१२८ | १७०२२००० | २११५ | १६९१४००० | २०८४ | १६६७२००० | | १४६७०२६०० | |
| ३ | जेष्ठ नागरिक दलित | | ४७३ | ३७८४००० | ४७५ | ३८०००००० | ४७३ | ३७८४००० | | | |
| ४ | एकल महिला | | ७९ | ६४०००० | ८० | ६४०००० | ८५ | ६८०००० | | | |
| ५ | विधवा | | १५७९ | १२६३२००० | १५९४ | १२७५२००० | १६०८ | १२८६०००० | | | |
| ६ | पुर्ण अपाङ्ग | | १२४ | १४९२००० | १२८ | १५३६००० | १३४ | १६०८००० | | | |
| ७ | आंशिक अपाङ्ग | | १६३ | १०४३२०० | १६९ | ११४५६०० | २०४ | १३०५६०० | | | |
| ८ | वालवलिका संरक्षण | | ७५२ | १०८८४०० | ७३० | ११४४००० | ७१६ | ११०२४०० | | | |
| ९ | जेष्ठ नागरिक उपचार खर्च | | २७५८ | ११०२६२०० | २७५१ | ११०४८००० | २७३६ | १०९४४००० | | | |
| | जम्मा | | ४९१६ | ४८८११००० | ५२९२ | ४८९३५६०० | ५३०५ | ४८९५६००० | | | |

| २ | व्यक्तिगत घटना दर्ता | संख्या | | | उपलव्धिहरु |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | मन्थली न पाका वडा नं.१, व्यक्तिगत घटना दर्ता अनलाईन मार्फत गरिएको । |
| | जन्म दर्ता | ७०७ | ८३० | १५३७ | |
| | मृत्यु दर्ता | १३० | २१८ | ३४८ | |
| | विवाह दर्ता | | | ५६८ | |
| | वसाईसराई दर्ता | आएको | गएको | ३३ | |
| | | ९ | २४ | | |
| | सम्वन्ध विच्छेद | | | १४ | |
| | जम्मा | | | २५०० | |
| ३ | MIS | | | | सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको अनुसुचि ५ वमोजिमको ढाँचामा फोटो सहितको नामावली तयार गरिरहेको । वडा नं. ९,११,१४ वाहेक |

अनुसुचि-८

## नगरपालिकाका ऐन कानुनको तेरिज

| क्र.स. | ऐन कानुनको नाम | कैफियत |
|---|---|---|
| १ | मन्थली नगरपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ | |
| २ | युवा उद्यम कार्यक्रम सञ्चालन कार्यविधि २०७६ | |
| ३ | अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ | |
| ४ | मन्थली नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४ | |
| ५ | आधारभूत तह परिक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन निर्देशिका, २०७६ | |
| ६ | खेलकुद विकास ऐन २०७६ | |
| ७ | सुशासन ऐन २०७६ | |
| ८ | स्थानीय बजार व्यवस्थापन ऐन २०७६ | |
| ९ | ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि २०७६ | |
| १० | दुध उत्पादनमा अनुदान वितरण कार्यविधि २०७६ | |
| ११ | नगर प्रहरी नियमावली २०७४ | |
| १२ | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी नियामावली २०७४ | |
| १३ | न्यायिक समितिको कार्यविधी सम्बन्धी ऐन द्दण्ठद्ध | |
| १४ | उत्कृष्ट नगर पत्रकारिता कोष सञ्चालन कार्यविधी २०७६ | |
| १५ | पदाधिकारीहरूको आचारसंहिता २०७४ | |
| १६ | प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन २०७४ | |
| १७ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ | |
| १८ | राहत सामग्री वितरण सम्वन्धी कार्यविधि २०७६ | |
| १९ | बजार अनुगमन निर्देशिका २०७४ | |
| २० | विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७६ | |
| २१ | विद्यालय व्वस्थापन समिति गठन कार्यविधि,२०७६ | |
| २२ | शववाहन सञ्चालन कार्यविधी २०७६ | |
| २३ | आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७४ | |
| २४ | साहित्यकार कल्याण कोष सञ्चालन कार्यविधी २०७६् | |

| क्र.स. | ऐन कानुनको नाम | कैफियत |
|---|---|---|
| २५ | सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन कार्यविधी २०७५ | |
| २६ | बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण सम्वन्धि कार्यविधि २०७७ | |
| २७ | सहकारी ऐन २०७४ | |
| २८ | स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन, २०७४ | |
| २९ | हेभी इकुपमेन्ट सञ्चालन कार्यविधि(२०७५) | |
| ३० | कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि ऐन २०७७ | |
| ३१ | आर्थिक ऐन २०७७ | |

अनुसुची ९

## मन्थली नगरपालिका स्थापना दिवसको अवसरमा नगर प्रमुखद्वारा प्रस्तुत मन्तव्य

मन्थली नगरपालिकाको स्थापना दिवसमा आयोजित गरिमामय कार्यक्रममा उपस्थित प्रमुख अतिथि एवं बागमती प्रदेश सभा सदस्य माननीय श्री शान्ती प्रसाद पौडेल ज्यु, विशिष्ट अतिथि जिल्ला समन्वय समितिका प्रमुखज्यू, मन्थली नगरपालिकाका उपप्रमुखज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, प्रमूख प्रशासकीय अधिकृतज्यू, प्रहरी नायव उपरीक्षकज्यूहरु, जिल्ला स्थित राजनैतिक दलका प्रमुख एंव प्रतिनिधिज्यूहरु, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, शाखा प्रमुख, वडा सचिव लगायत कर्मचारी साथीहरु, पत्रकार मित्रहरु एवं नगरवासी सम्पूर्ण उपस्थित आमावुवा, दाजुभाई तथा दिदीवहिनीहरु,

मन्थली नगरपालिकाको स्थापना दिवसको अवसरमा सर्वप्रथम मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको रक्षा गर्दै सामाजिक न्याय सहितको समानुपातिक समावेशी र सहभागितामूलक संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू भावपूर्ण श्रद्धान्जली अर्पण एवं लोकतान्त्रिक शासन ब्यवस्था स्थापनार्थ जीवनपर्यन्त संघर्ष गर्नु हुने आदरणीय नेतृत्व वर्गहरु प्रति हार्दिक सम्मान गर्दछु ।

विश्वब्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीले आज मानव अस्तित्व माथि नै चुनौति दिईरहेको छ । यसका कारण करिव ९ महिना अघिदेखि मुलुकले एकै पटक मानवीय र आर्थिक संकटको सामना गरिरहनु परेको छ । यस विषम परिस्थितिमा पनि नगरवासीको जीवन रक्षा गर्दै नगरको समग्र कार्यसम्पादनलाई गतिशिल बनाउने कार्यमा नगरपालिकाले भरमग्दुर प्रयास गरिरहेकै छ । नगरले चालेका कदमहरुमा यस्तो असहज अवस्थामा समेत साथ सहयोग गर्नु हुने सम्पूर्ण राजनैतिक दल, विभिन्न संघ सस्था लगायत नगरवासी आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । नगरको कार्य सम्पादन र महामारी नियन्त्रणमा आगमी दिनमा समेत यस्तै साथ, सहयोग, ऐक्यवद्धता र सकारात्मक सल्लाह सुझाव प्राप्त हुनेछ भन्ने विस्वास गर्दै कोभिड-१९ को कारण सिर्जित यस महामारीबाट सुरक्षित हुनका लागि आवश्यक सतर्कता अपनाउन, अत्यावश्यक काममा वाहेक घरवाट वाहिर ननिस्कन र अनावश्यक भिडभाड नगर्न म सम्पूर्ण नगरवासीहरुमा हार्दिक अपिल गर्दछु ।

अव म मन्थली नगरपालिकाको ऐतिहासिक पृष्टभूमिको वारेमा कार्यक्रममा जानकारी गराउन चाहान्छु ।

१. नेपाल सरकारद्धारा रामेछाप जिल्लाको सदरमुकाम रहेको मन्थली गाँउ विकास समिति लगायत तत्कालिन ७ वटा गाउँ विकास समितिहरु (मन्थली, कठजोर, सालु, सुनारपानी, भलुवाजोर, भटौली र चिसापानी) लाई समेटेर १६ वटा वडा रहने गरी मन्थली नगरपालिका २०७१ मसिर १६ गते घोषणा गरियो । नेपालको सविधान वमोजिम राज्यको पुनः सरचना हुने क्रममा नेपाल सरकारले २०७३ साल फाल्गुण २७ गतेवाट लागु हुने गरी तत्कालिन मन्थली नगरपालिकाका वडा सहित क्रमशः पुरानागाँउ, चनखु, गेलु र फुलासी गाँउ विकास समितिलाई समेत समावेश गरी १४ वटा वडा भएको नगरपालिकाको रुपमा स्थापना भएको व्यहोरा हामी सवैमा सर्वविदितै छ ।

२. वागमती प्रदेश अन्तर्गत रहेको ११९ वटा स्थानीय तह मध्ये यो नगरपालिका पनि एक हो । २११.४ वर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको पूर्वमा रामेछाप नगरपालिका, पश्चिममा खाँडादेवी र दोरम्वा गाँउपालिका, उत्तरमा लिखु तामाकोशी गाउँपालिका र दोलखा जिल्लाको मेलुङ्ग गाँउपालिका र दक्षिणमा सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका पर्दछन् । २०६८ सालको जनगणना अनुसार ४५,४१६ जनसख्या (२४,६६६ महिला र २०, ७५० पुरुष) र जनघनत्व २१८.९७ रहेको छ । यो जनसख्यामा बृद्धि भइ हाल २०७७ सालमा ५१,२४२ (२७८३० महिला र २३४१२ पुरुप) पुगेको प्रक्षेपण गरिएको छ ।

३. मन्थलीको नामाकरणको सन्दर्भमा स्थानीय माझी जातिसँग जोडिएको कथा गाँसिएको छ । विशेषगरी आदिमकाल देखि मन्थलीको आसपास रहेका चिसापानी, मन्थली, भटौली, भलुवाजोर, पकरवास जस्ता गाउँ विकास समितिका

भू-भागहरुमा माझी जातिहरुको वसोवास रहेको पाइन्छ। सो जातिको छुट्टै राजा हुने चलन अनुसार एक जना मन नामक राजा रहेको र राजा वस्ने थलोलाई मनथलो भनिएको, पछि सो शव्द अप्रभ्रंश भई मन्थली भएको मान्यता छ।

४. त्यसैगरी प्राचिन किम्वदन्ती अनुसार विद्धत वर्गमा अर्को प्रसंग पनि पाईन्छ। आदिकाल देखि नै यस स्थानमा माझी जातिको वस्ती रहँदै आएको, जाडँ उनीहरुको मुख्य पेय भएको र माझी भाषामा मुन भनेको जाडँ र थलो भनेको खान बस्ने ठाउँ भन्ने बुझाउने भएकाले यसलाई जाडँ खाने र बस्ने स्थानको रुपमा पनि मन्थलो भन्न थालिएको र यसै शब्दको अपभ्रंशबाट मन्थली हुन गएको हो। मन्थली भन्ने स्थान खासगरी गाउँलाई जनाउने भएतापनि समयक्रममा त्यसभन्दा तल रहेको बेसी पनि मन्थली बेसी भनेर चिनिन थालियो।

५. यस नगरपालिकाको औषत तापक्रम २० देखि २५ डिग्री सेल्सियस रहेको छ। गर्मी याममा अधिकतम ३२ डिग्री सेल्सियस र न्यूनतम २ डिग्री सेल्सियस रहने गर्दछ। यस नगरपालिकामा कम उचाइ भएका सुनकोशी नदी, तामाकोशी नदी, भटौली र रणजोर खोला आसपासका वस्तीहरुमा उष्ण मौसमी हावापानी र यसका अलवा नगरपालिकाका अधिकांश भू भागमा न्यानो समशीतोष्ण हावापानी पाइन्छ।

६. यस नगरपालिकाको भौगोलिक स्वरुप निकै भिरालो रहेकोले वर्षायाममा भू-क्षय र पहिरो निकै जाने गर्दछ। रणजोर खोलाको सिरमा रहेको घ्याप्चे पहिरो ठूलो र अनौठो रुपमा रहेको छ। यो पहिरो वर्षायाममा कम र सुख्खा याममा वढी गइरहने गर्दछ। यस पहिरोले वडा न ३ र ४ का अधिकांश वस्ती विस्थापित गर्नुका साथै सदरमुकामलाई समेत जोखिम युक्त बनाएको छ।

७. प्रसिद्ध धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको रुपमा वाउन चुराको वैरा महादेव (थानपति मन्दिर), चिसापानीको भिमसेन थान र चिसापानी गढी, कठजोरको निलकण्ठेश्वर र ऐराम्वास मन्दिर, सुनारपानीको थानपती मन्दिर, भलुवाजोरको तिल्केस्थानगढी, भटौलीको ढिकुरे मन्दिर नगरपालिकाको अमूल्य निधिका रुपमा रहेका छन्।

८. राजनैतिक तथा प्रशासनिक विभाजनका हिसावले यो नगरपालिका भित्र १४ वटा वडाहरु रहेका छन्। नगरपालिकामा व्यवस्थापिकाको रुपमा ७५ सदस्यीय नगर सभा, २४ सदस्यीय कार्यपालिका र तीन सदस्यीय न्यायिक समितिहरु गठन भई क्रियाशील रहेका छन्। वडा कार्यालय सहित नगर कार्यपालिकाको कार्यालयवाट आम नगरवासीलाई सेवा प्रदान गरिदै आएको छ। यसका अतिरिक्त ४ वटा आयोजना एवं परियोजनाहरु मार्फत सेवालाई थप प्रभावकारी वनाउने प्रयास गरिएको छ।

९. नेपालको संविधानले सुनिश्चित गरेको मौलिक हकको कार्यान्वयनका लागि शैक्षिक र स्वास्थ्य संस्थाहरु लगायतको व्यवस्था गरिएको छ। सरकारी ६६ वटा शैक्षिक संस्थामा ४१० जना शिक्षकहरु र २३ वटा स्वास्थ्य संस्थाहरुमा १२१ जना स्वास्थ्य कर्मीहरु कार्यरत रहेका छन्। त्यसैगरी निजी लगानीमा ६ वटा शैक्षिक संस्था र ६ वटा स्वास्थ्य संस्थाहरु समेत क्रियाशील छन्।

१०. तीन खम्वे अर्थनीतिको महत्वपूर्ण खम्वाको रुपमा रहेको सहकारी क्षेत्रमा यस नगरपालिका कार्य क्षेत्र रहेका सहकारी संस्थाहरुमध्ये ४५ वटा क्रियाशील रहेका छन्।

**आदरणीय उपस्थित महानुभावहरु,**

११. नेपालको संविधान जारी भए पछि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्था संस्थागत हुँदै गईरहेको छ। संविधान वमोजिम गठित संघ, प्रदेश र स्थानीय सरकार बीचको आपसी सहकार्य,सहअस्तित्व र समन्वयको सिद्धान्त अनुरुप संघीय र प्रदेश सरकारले लिएको नीति तथा कार्यक्रमलाई आधार मान्दै आफ्नो लामो राजनीतिक जीवनका अनुभुतिहरु, नगर प्रमुखको रुपमा प्राप्त अनुभव, जनआकांक्षा, विद्यमान श्रोत साधन र विभिन्न तहवाट प्राप्त सल्लाह सुझावहरुलाई आत्मसात गर्दै नीति तथा रणनीतिहरु तय गरिएका व्यहोरा हामी सवैमा विदितै छ।

अव म २०७४ सालको स्थानीय तहको आम निर्वाचन पश्चात जनप्रतिनिधिको रुपमा यस नगरपालिकाको कार्यभार समालेको समय देखि  हालसम्म आम नगरवासीलाई प्रत्यक्षरुपमा सरकारको अनुभूति गराउन अवलम्वन गरिएका मुख्य मुख्य नीति र रणनीतिहरु राख्ने अनुमति चाहान्छु ।

- राजश्वका सम्भाब्य श्रोतको पहिचान गरी राजश्वका दायरा समयानुकूल फराकिलो बनाउने ।
- नगर क्षेत्र भित्रका निर्माण व्यवसायी, उद्योगी तथा ब्यापार ब्यवसायी, परामर्शदाता, बैंक तथा वित्तीय संस्थाहरु, सहकारीहरु लगायतका संस्थाहरुलाई अनिवार्य दर्ता/नविकरण गराइ ब्यवसायको आकार, प्रकृति, उद्देश्य र कारोवारका आधारमा करको दर निर्धारण गर्ने, नगर केन्द्र भन्दा वाहिर रहेका वजार क्षेत्रमा सञ्चालित व्यवसायलाई करको दायरामा ल्याउन दर्ता/नविकरण शिविर सञ्चालन गर्ने ।
- निजी तथा साझेदार लगानी कर्ताको खोजी गरी स्वीमिङ्ग पुल सहितको मनोरञ्जन पार्क निर्माण गरी मनोरञ्जन कर लिने कार्यको शुरुवात गर्ने ।
- एक वडारभेग एक उत्पादन क्षेत्र जस्ता पकेट क्षेत्रको पहिचान गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने । जुनार, सुन्तला, कागती, किवी, चिया खेतीको पकेट क्षेत्र घोषणा गरी कृषक प्रोत्साहनका लागि अनुदानको समेत व्यवस्था गर्ने ।
- कृषि तथा पशुपालन व्यवसायमा वैदेशिक रोजगारवाट फर्किएका युवाहरुलाई समेत आकर्षित गर्ने कार्यक्रमहरु कार्यान्वयनमा ल्याउने र वैदेशिक रोजगारीमा जाने युवाहरुलाई आवश्यक सूचना प्रदान गर्न रोजगार सूचना केन्द्रलाई प्रभावकारी बनाउने ।
- कृषि तथा पशुपंक्षी पालनलाई व्यवसायिक, आधुनिकीकरण र यान्त्रिकरण गर्दै खाद्यान्न, तरकारी, दुध, मासु र अण्डामा नगरलाई आत्मनिर्भरता तर्फ उन्मुख गराउने ।
- नगरमा उपलब्ध स्थानीय साधन श्रोत र कच्चा पदार्थको प्रयोग गरी रोजगारमूलक साना, लघु तथा घरेलु उद्योग स्थापना मार्फत नगरवासीको दिगो र भरपर्दो आयश्रोतको विकास गर्ने ।
- विद्यालयको भौतिक संरचना सुधार एवं आधारभूत तहलाई अनिवार्य र निशुल्क तथा माध्यमिक तहलाई निःशुल्क गरी गुणस्तरीय शिक्षा मार्फत सक्षम जनशक्ति निर्माणमा जोड दिने ।
- विद्यालयहरुमा वालवालिकाको शारीरिक र मानसिक विकासको लागि उमेर र कक्षा अनुसार खेलकुद मनोरञ्जन तथा अतिरिक्त क्रियाकलापहरु वार्षिक क्यालेण्डर वनाई सञ्चालन गर्ने ।
- आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी र सवैको पहुँचमा पुऱ्याउन भौतिक संरचनाको निर्माण, ब्यवस्थापन तथा स्वास्थ्य संस्था र कर्मचारीहरुको क्षमता वृद्धि गर्ने ।
- नगरवासीलाई महामारीबाट सुरक्षित राख्न पूर्व तयारीका कार्यहरु गर्ने र महामारीको नियन्त्रणका लागि आवश्यक औषधि उपकरण, भौतिक पूर्वाधार तथा जनशक्तिको ब्यवस्थापन गर्ने ।
- घरेलु हिंसाबाट पीडित तथा पारिवारिक विचलनमा परेका महिलाहरुको व्यवस्थापन तथा सेवाको आवश्यकता सम्बोधन गर्न अल्पकालीन सेवा केन्द्रको स्थापना गर्ने ।
- नेपाल सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति अनुरुप वञ्चितीकरणमा परेका वर्गलाई लक्षित गरी आयमूलक, सीपमूलक तथा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- नगरका प्रमुख सडकहरुलाई स्तरोन्नती गरी कालोपत्र गर्दै जाने र सवै वडा कार्यालयहरुसम्म वाह्रै महिना यातायातका साधनहरु चल्ने गरी सडकको स्तरोन्नती, सुधार र मर्मतसम्भार गर्ने ।
- प्राकृतिक सौन्दर्यता, प्राकृतिक स्रोत र साधन, जलसम्पदा, भाषा, कला, संस्कृति आदिको संरक्षण, सम्वर्द्धन र प्रचार

प्रसार गरी पर्यटन उद्योगको विकास गर्ने । त्यसैगरी विभिन्न जातजातिको मिश्रित वसोवास रहेको यस नगरपालिकामा जाति अनुसार संस्कृति भेषभुषा र परम्परा रहेकाले यिनीहरुलाई लक्षित गरी साँस्कृतिक पर्यटन पूर्वाधार विकास गर्ने ।

- नगरको अधिकतम क्षेत्र सुख्खाग्रस्त भएकोले मानव वस्तीमा खानेपानी ब्यवस्थापन गर्न लिफ्ट/डिप वोरिङ जस्ता प्रविधिको उपयोग विभिन्न निकायको सहकार्य एवं समन्वयमा गर्ने ।
- नगरपालिका भित्रका मुख्य कृषियोग्य जमिनहरुमा सम्भाब्यताका आधारमा साना सिंचाई कुलो, लिफ्ट सिंचाई, डिपवोरिङ्ग थोपा सिंचाई, सिंचाई पोखरी, प्लाष्टिक पोखरी आदिको निर्माण तथा मर्मत गरी सिंचाई सुविधा विस्तार गर्ने ।
- बस्ती स्तरबाट माग भएका, रोजगारी सिर्जना हुन सक्ने, वातावरणमा कम असर पर्ने, स्थानीय सहभागिता जुट्न सक्ने, कम लागतमा बढी जनसंख्या लाभान्भित हुने तथा क्रमागत योजनाहरुको कार्यान्वयनमा प्राथमिकता दिने ।
- उर्जा संकट न्यूनीकरण गर्न साझेदार संस्थाहरुको सहयोग समेत जुटाई साना जलविधुत, सौर्य उर्जा, वायु उर्जा लगायत वैकल्पिक उर्जाका कार्यक्रमहरु सञ्चालनमा जोड दिने ।
- विपद् जन्य घटनाहरुलाई तत्काल सम्वोधन गर्न विपद ब्यवस्थापन कोषको स्थापना र परिचालन गर्ने ।
- सटर वाहिर र सडक पेटीमा सामाग्री राखेर वेच्ने, सडक र सार्वजनिक जग्गा अतिक्रमण गर्ने कार्यलाई पूर्ण रुपमा निष्तेज गर्ने ।
- नगरबाट उपलब्ध हुने आधारभूत सेवाहरु सम्वन्धित वडा कार्यालयवाटै उपलब्ध गराउने । सवै वडाहरुमा इन्टरनेट जडान गरी सामाजिक सुरक्षा, घटनादर्ता, राजश्व संकलन लगायतका सफ्टवेयरहरु सञ्चालनमा ल्याउने ।
- नगरको सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र प्रभावकारी वनाई सुशासन अभिवृद्धि गर्न नगरपालिकावाट जारी सुशासन ऐनलाई पूर्णतः कार्यान्वयन गर्ने ।
- सूचना प्रविधिको अधिकतम प्रयोग, नियमित समीक्षा, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, नागरिक वडापत्र, गुनासो पेटिका जस्ता माध्यमवाट नगरपालिकाका काम कारवाहीमा सुशासन र पारदर्शिता प्रवर्द्धन गर्ने ।
- नगरपालिकाका सकारात्मक कार्यहरुको यथार्थ सन्देश जनता सामु पुर्याउन योगदान गर्ने सञ्चारगृह र सञ्चारकर्मीहरुलाई नगरपालिकाको सञ्चार क्षेत्र, एंव कला सस्कृति तथा साहित्यका क्षेत्रमा योगदान पुऱ्याउनेहरुलाई अक्षय कोष मार्फत सम्मान तथा पुरस्कृत गर्ने ।
- नगरपालिकाबाट सञ्चालित आयोजनाहरुको नतिजामा आधारित अनुगमनको सुरुवात गर्ने ।
- नेपालको संविधान, तथा अन्य प्रचलित कानून वमोजिम नगरपालिकालाई प्राप्त अधिकारहरुको उपयोगका लागि आवश्यक कानुनको तर्जुमा र कार्यान्वयन गर्ने ।
- न्यायिक समितिको कामलाई थप सहज र प्रभावकारी वनाउने ।

**आदरणीय उपस्थित महानुभावहरु,**

यस नगरपालिकाको नगरसभावाट स्वीकृत नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका मार्ग चित्रका आधारमा कार्य सम्पादन भईरहेका छन् । नगरवासीका आकांक्षाहरुको यथासम्भव सम्वोधन गर्ने हाम्रो प्रतिवद्धता अनुरुप नगरमा उपलब्ध सीमित श्रोत साधनको अधिकतम परिचालन गर्दै कार्यक्रमहरु कार्यान्वयन गरिदै आइएको छ । निर्धारित लक्ष्य अनुरुप नै धेरै क्षेत्रहरुमा अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने सम्भावनाहरु विद्यमान थिए । तथापि २०७६ सालमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को सन्त्रास र २०७६ चैत्र ११ गते देखिको निरन्तर वन्दावन्दीको कारण नगरवाट भइरहेका सेवा प्रवाह, विकास निर्माण र राजश्व संकलनमा गहिरो धक्का लाग्न पुगेको छ । यस्तो विषम परिस्थितिमा समेत केही महत्वपूर्ण उपलब्धिहरु हासिल भएका छन्, अव म हामी जनप्रतिनिधिहरुले यस नगरपालिकाको कार्यभार समाले पश्चात हालसम्म भएका मुख्य उपलव्धिहरु वुँदागत रुपमा यहाँहरु समक्ष प्रस्तुत गर्न चाहान्छु ।

**सार्वजनिक सेवा तथा क्षमता विकास तर्फ :**

१२. निजी घरमा ८ वटा कोठा भाडामा लिइ सार्वजनिक सेवा प्रवाह गरी रहेको नगरपालिका आफ्नै भवनवाट सार्वजनिक सेवा सरल, सहज र प्रभावकारी रुपमा सञ्चालन गर्ने अवस्थमा आइ पुगेको छ।

१३. अनलाईन घटनादर्ता, राजश्व संकलन तथा सामाजिक सुरक्षा भत्ताको अभिलेख अद्यावधिक गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त वनाइएको छ।

१४. अधिकांश वडाको सेवा प्रवाह सदरमुकाम केन्द्रित रहेकोमा सम्वन्धित वडा मै कार्यालय स्थापना गरी वडास्तरीय सेवाहरु वडावाटै प्रदान गर्ने वातावरण निर्माण गरिएको छ। आफ्नै भवन नभएका वडाहरुमा भवन निर्माण गर्ने क्रममा ३ वटा भवन निर्माण भई सेवा प्रवाह प्रणालीलाई थप प्रभावकारी वनाइएको छ।

१५. नगरका गतिविधिहरु र सेवा प्रवाह प्रणालीलाई प्रविधिमैत्री वनाउन समयानुकूल कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नुका साथै आफ्नो कार्य वोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी नगरपालिकाको संगठन संरचना स्वीकृत गरी सो मुताविक कर्मचारीहरुको जिम्मेवारी वाडँफाँड गरिएको छ। जसवाट सार्वजनिक सेवा प्रवाह थप प्रभावकारी भई नगरवासीहरुले सरल र सहजरुपमा सेवा प्राप्त गर्ने वातावरण निर्माण भएको छ।

१६. सार्वजनिक प्रशासनलाई जनमुखी जवाफदेही पारदर्शी र जनसहभागितामूलक बनाई प्रभावकारी ढङ्गले सार्वजनिक सेवा प्रवाह गरी सुशासनको प्रत्याभूति दिन सम्पुर्ण सूचना तथा जानकारी यस नगरपालिकाको web side- www.manthalimun.gov.np मा राख्ने, स्थानीय सञ्चार माध्यमबाट प्रकाशन गर्ने, नागरिक वडापत्र, गुनासो पेटिका, कार्यालय भित्र सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ।

१७. नेपाल सरकार अन्तर्गतका विभिन्न सशर्त कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्नका लागि तोकिए अनुसारका जनशक्ति सेवा करारमा पदपूर्ति गरी कार्यक्रम कार्यान्वयन गरिएको छ।

१८. नगरसभा, कार्यपालिका र विषयगत समितिहरुको वैठक नियमित रुपमा तोकिएको समयमा वसी कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमनमा सहभागिता जनाउने पद्धतिको विकास गरिएको छ।

**आर्थिक विकास तर्फ :**

१९. नगरपालिकाले आफ्ना अधिकार क्षेत्र भित्रका राजश्वका शीर्षकहरुमा सम्पत्ति करका अलवा अन्य आन्तरिक आयका मुल श्रोतहरु दहत्तर वहत्तर कर, घर नक्शा पास र अभिलेखीकरण, व्यवसाय दर्ता तथा नवीकरण, विभिन्न सिफारिस, धितो मूल्याङ्कन, आय श्रोत प्रमाणित जस्ता क्षेत्रहरु थप गरी सोको दायरामा समेत वृद्धि गरी आन्तरिक राजश्व संकलनमा उल्लखनीय वृद्धि भएको छ।

२०. रु.पाँचलाख सम्म पूँजी भएका उद्योगहरु नगरपालिकावाटै दर्ता गर्ने, नगरपालिका क्षेत्र भित्र काम गर्ने सहकारी संस्थाहरुलाई सूचिकृत गराई अभिलेख ब्यवस्थित गर्ने र स्थान, उद्देश्य र कारोवार समान भएका सहकारी संस्थाहरुको एकीकरण गर्ने कार्यको सुरुवात गरी तीन खम्वे अर्थ नीति अनुरुप निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गरिएको छ। युवा व्यवसाहीको व्यवसायलाई प्रवर्द्धन गर्न युवा उद्धम कार्यक्रम सञ्चालनमा ल्याइएको छ। जसले आर्थिक विकासको क्षेत्रमा सकारात्मक प्रभावहरु देखिएका छन्।

२१. नगरको सबै क्षेत्रमा मकै बालीमा देखा परेको अमेरिकन फौजी कीरा र सुन्तला, जुनारमा क्षति पुर्‍याउने फल कुहाउने औंसा कीरा नियन्त्रणको लागि कृषि ज्ञान केन्द्र, सम्बन्धित वडा कार्यालयहरुसँग समन्वय गरी कृषकहरुलाई व्यवस्थापनका उपायहरुको बारेमा सैद्धान्तिक ज्ञानका साथै प्रयोगात्मक विधिहरु समेत प्रदान गरिएको छ।

२२. यस नगरपालिकामा दर्तारसूचिकृत भएका सहकारी, कृषक समूह, कृषि फर्महरुलाई बीउ विजन, कृषि औजार, विषादी वितरण गर्नुका साथै च्याउ उत्पादन, तरकारी उत्पादनका लागि संरचना निर्माणमा किसानहरुलाई अनुदानका कार्यक्रमहरु संचालन गरिएको छ।

२३. सामुदायिक छाडा कुकुर नियन्त्रणका लागि वन्ध्याकरण र रेविज रोग, एक वडा एक रेविज रोग र स्थलगत परजिवी नियन्त्रण कार्यक्रम सञ्चालन गरी नगरवासीलाई सुरक्षित वातावरणको सुनिश्चित गरिएको छ।

२४. नश्ल सुधार (कृतिम) को कार्यक्रम र पशु आहारामा प्रयोग हुने उन्नत जातका विउ ,वेर्ना, सेट्स  र दुध उत्पादनमा आधारित अनुदान वितरण प्रणालीको शुरुवात गरी दुध र मासुमा आत्म निर्भर हुने वातावरण निर्माण गरिएको छ।

२५. दुध उत्पादन गर्ने गाई भैसी पालन गर्ने किसानहरुलाई प्रोत्साहित गर्न पशु वीमा अनुदान, भैसीमा सुत्केरी स्याहार प्रोत्साहन भत्ता र सम्भव भएसम्म प्राविधिक सेवा गोठ खोरमा उपलव्ध गराइएको छ।

२६. वैदेशिक रोजगार तथा उच्च शिक्षा आर्जनका लागि विदेश जाने सोच वनाएका व्यक्तिहरुलाई परामर्श सेवा, आर्थिक सहायता, शैक्षिक छात्रवृत्ति, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता शिक्षा जस्ता कार्यक्रमहरु सञ्चालन गरी सुरक्षित वैदेशिक रोजगारीका लागि सचेतना अभिवृद्धिका साथै नगरवासीलाई सचेतीकरण गर्न सामीर रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ।

२७. परामपरागत रुपमा म्यानुअल लेखाङ्कन तथा अभिलेखन व्यवस्थापन भइरहेको सन्दर्भमा वास्तविक आय, व्यय र मौज्दातको एकिन गर्न कठिन भई वित्तीय प्रतिवेदन गर्न समेत कठिन भएको अवस्थामा आ.व.०७६/७७ देखि स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) अनलाईन सफ्टवेयर सञ्चालनमा ल्याई एकीकृत आय-व्यय तथा अन्य वित्तीय प्रतिवेदन गर्न सहज भएको छ। यसबाट वित्तीय जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता, मितव्ययिता, नियमितता तथा कार्यदक्षता समेत प्रबर्द्धन हुँदै गइरहेको स्थिति छ, भने वित्तीय संघीतालाई प्रभावकारी कार्यान्वयन गर्न समेत सफल हुँदै गएको अबस्था छ।

**सामाजिक विकास :**

२८. आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क वनाउने उद्धेश्यका साथ शैक्षिक कार्यक्रमहरु सञ्चालन भएका छन्। फलस्वरुप आगामी शैक्षिक सत्रमा विद्यालय उमेरका वालवालिकाहरु विद्यालय वाहिर नरहेको सुनिश्चितता घोषणाको तयारी भएको छ। हाल कक्षा १-५ मा ५-९ उमेर समूहका वालवालिकाहरु मध्ये ९८.३५ वालवालिकाहरु विद्यालय भर्ना भएका छन्।

२९. नगर शिक्षा समितिको नियमित वैठक वसी शिक्षा सुधारका लागि शैक्षिक सरोकारवालाहरुसँग ४० वुँदे प्रतिवद्धता, विद्यालयका प्रधानाध्यापक र नगर प्रमूख वीच भएको कार्य सम्पादन सम्झौता, विद्यार्थी सख्याका आधारमा शिक्षक दरवन्दी मिलान, विद्यालयमा वालमैत्री कक्षाकोठा ब्यवस्थापन, कक्षा ८ को परीक्षा ब्यवस्थापन, स्थानीय पाठ्यक्रम निर्माण र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको व्यवस्थापन जस्ता कार्यहरु सम्पन्न भएका छन्। जसवाट शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुगेको नतिजाहरु देखिन थालेको छ।

३०. यस नगरभित्र अवस्थित मन्थली माध्यमिक विद्यालय मन्थलीलाई सामुदायिक विद्यालयहरुमध्ये नमूना माध्यमिक विद्यालयको रुपमा विकास गरिएको छ। उक्त विद्यालयको शैक्षिक गतिविधिहरु अध्ययन अवलोकनका लागि अन्य जिल्लाका शैक्षिक सरोकारवालाहरु आउने गरेका छन्। जुन शैक्षिक क्षेत्रमा नगरको गौरवको रुपमा रहेको छ।

३१. सम्वन्धित निकायहरुसँगको समन्वय र सहकार्यमा विनासकारी भुकम्पले क्षतिग्रस्त विद्यालय भवनहरु निर्माणका कार्यहरु भइरहेका छन्। विशेषगरी विद्यार्थी सख्या उल्लेख्य भएका माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय र सूचना प्रविधिको व्यवस्था गरी प्रविधिमैत्री शिक्षण पद्धतिमा जोड दिने वातावरण निर्माण गरिएको छ।

३२. स्वास्थ्य सेवालाई सवै नगरवासीको पहुँचमा पुऱ्याउन दुर्गम वस्ती तथा टोलहरुमा ३ वटा आधारभूत स्वास्थ्य केन्द्र र ८ वटा शहरी स्वास्थ्य केन्द्रहरुको स्थापना गरी नगरवासीहरुले गुणस्तरीय स्वास्थ्य सेवा घरदैलोमा पाउने वातावरणको सुनिश्चित गरिएको छ ।

३३. स्वास्थ्य संस्थाहरुमा अत्याधुनिक औजारहरुको व्यवस्थापन गर्नुका साथै स्वास्थ्यकर्मीहरुलाई समयानुकूल क्षमता अभिवृद्धिमा जोड दिइ गुणस्तरीय स्वास्थ्य सेवामा अभिवृद्धि हुदै गएको छ। यसका सकारात्मक प्रभावहरु देखिन थालेका छन् ।

३४. स्वास्थ्य संस्थाहरुमा २४ घण्टे प्रसुती सेवाको प्रवन्ध र सुत्केरीसँग उपमेयर कार्यक्रम सञ्चालनवाट स्वास्थ्य संस्थामा सुत्केरी हुन जाने सख्यामा वृद्धि भई मातृ मृत्यु दर र शिशु मृत्यु दरमा उल्लेखनीय कमी आएको छ । आकस्मिक जटिलतायुक्त प्रसुती शल्याक्रिया सेवा प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीमा सञ्चालन गरी जिल्ला वाहिर पुऱ्याउनु पर्ने वाध्यात्मक अवस्थाको अन्त्य भएको छ ।

३५. विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारी नियन्त्रण, रोकथाम र व्यवस्थापनको सन्दर्भमा ५ ठाँउमा हेल्पडेस्क सञ्चालन गरी १५,४६७ जनाको स्वास्थ्य परीक्षण, ८५८ जनाको PCR परीक्षण र ३०४ जनाको RDT परीक्षण गरी १०४ जना संक्रमित व्यक्तिहरुलाई आवश्यक व्यवस्थापन गरिएको साथै क्वारेन्टाइन, होल्डिङ्ग सेन्टर र आइसोलेसनको स्थापना गरिएको छ ।

३६. प्रदेश सरकारसँगको समन्वयमा अत्याधिक विद्यार्थी भएका तीन वटा विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम सञ्चालन गरिएको छ ।

३७. वाल विवाह, लैगिक हिंसा विरुद्धका सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी नगरलाई वाल विवाह मुक्त नगरको रुपमा स्थापित गर्ने वातावरण निर्माण गरिएको छ। हिंसा पीडितको तत्काल राहत, उद्धार र व्यवस्थापनका लागि अल्पकालीन सेवा केन्द्रको स्थापना गरिएको छ ।

३८. वालमैत्री नगरपालिका घोषणका लागि वालमैत्री स्थानीय शासन कार्यविधि मार्फत नगरका वालमैत्री सूचकहरु निर्धारण गरी सो अनुरुपको कार्य व्यवहार गर्ने वातावरण निर्माण गरिएको छ ।

३९. अपाङ्गता भएका ब्यक्तिहरु तथा जेष्ठ नागरिकहरुलाई सम्वन्धित वडा मै शिविर सञ्चालन गरी २५१२ जना जेष्ठ नागरिक र १७३ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको र सम्भाब्य ब्यक्तिहरुलाई तत्काल सामाजिक सुरक्षा भत्तामा आवद्ध गरिएको छ ।

४०. नगर भित्र ७० वर्ष माथिका २९९७ जनालाई जेष्ठ नागरिक भत्ता, ६० वर्ष माथिका ३१४ जनालाई जेष्ठ नागरिक भत्ता (दलित), ६० वर्ष माथिका ६१० जना जेष्ठ नागरिक एकल महिला , ६१९ जनालाई विधुवा एकल महिलालाई आर्थिक सहायता, शारीरीक रुपमा कमजोर भएका व्यक्तिहरुमध्ये पूर्ण अपाङ्ग (क) वर्ग १२७ जना, (ख) वर्ग २१४ जना र दलित वालवालिका ७२१ जना गरी ५६०२ जना सामाजिक सुरक्षा भत्ता कार्यक्रममा समावेश भएका छन् ।

**पूर्वाधार विकास तर्फः**

४१. निजी घरमा ८ वटा कोठा भाडामा लिइ कार्यालय सञ्चालन गरिरहेकोमा नगरपालिकाले आफ्नै भवन निर्माण कार्य अन्तिम चरणमा पुर्याएको छ। वडा कार्यालय नभएका वडाहरु मध्ये ३ वटा वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भएका छन् । ट्राफिक चोकमा व्यापारिक भवन निर्माण गरी भाडामा लगाइएको छ। एउटा शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न भई सेवा प्रवाह भइरहेको र ३ वटा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य भैरहेको छ। त्यसै गरी भूकम्प पश्चात निजी आवास पुन निर्माण लाभ ग्राही सूचीमा नाम समावेश भइ अनुदान सम्झौता गरेका ८५ प्रतिशत लाभग्राहीहरुको भवन निर्माण कार्य सम्पन्न भएको छ ।

४२. विधुत सेवा नपुगेका नगरपालिकाका वडा न २, ३, ६ र ७ का केही वस्तीहरुमा विधुतीकरण गरिएको छ। यस कार्य पश्चात नगरपालिकाका सवै टोल वासीहरुले विधुत सेवा उपयोग गर्ने वातावरण बनेको छ।

४३. खेलकुद गतिविधिलाई प्रभावकारी रुपमा अगाडि वढाउन प्रदेश सरकारको सहयोगमा अत्याधुनिक कभर्डहल निर्माण भइरहेको छ। त्यसैगरी कृषि उपजको संकलन र भण्डारण गरी विक्री वितरणमा सहजता ल्याउने अभिप्रायले प्रदेश सरकारसँगको साझेदारीमा शित भण्डारण केन्द्रको निर्माण कार्य भइरहेको छ।

४४. वाह्रै महिना सञ्चालनमा आउन नसकेका वडा कार्यालय जोड्ने सडक निर्माण र स्तरउन्नोतिमा उल्लेखनीय फड्को मारिएको छ। सघीय र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा मन्थली वजार क्षेत्र भित्रका सडकहरु कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ। नगर भित्रका मुख्य सडकहरु मध्ये मन्थली सुनारपानी सालु, भुत्याखोला टेकनपुर कठजोर ठाटी सडक, चिसापानी गेलु सिक्राल सडक, चिसापानी पुरानाँगाउँ सडक, चिसापानी चनखु सडक, देविटार फुलासी सडक, आकासेपुल भटौली सडक, मन्थली भलुवाजोर सडक र मन्थली सानी मदौ राहालटार सालु सडक कालोपत्रे गर्ने कार्य शुरु भई क्रमागत योजनाको रुपमा स्थापित भएको छ। सम्भवतः हाम्रो कार्यकाल भित्र सम्पन्न गरिने लक्ष्य निर्धारण गरिएको छ। हालसम्म नगर भित्र संघ, प्रदेश र यस नगरपालिका समेतको लगानीमा ३८.५ किलो मिटर कालोपत्रे सडक निर्माण सम्पन्न भएको छ भने ३१ किलो मिटर सडक ग्राभेल तथा सोलिङ्ग गरिएको छ।

४५. नगरभित्रका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय सम्पदाहरुलाई संरक्षण तथा सम्वर्द्ध गरी पर्यटक प्रवर्धन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी आवश्यक पूर्वाधार निर्माण गर्ने कार्यहरु भइरहेको छ। वैरा महादेव (थानापति) मन्दिरलाई लक्षित गरी सिढी निर्माण, रेलिङ्ग, प्रतिक्षालय, खानेपानी निर्माणका कार्य अन्तिम चरणमा पुगेको छ। भिमसेनथान र चिसापानी गढीलाई लक्षित गरी फुटट्र्याक निर्माण र भलुवाजोरको तिल्केस्थानगढीलाई लक्षित गरी प्रदेश सरकारसँगको साझेदारीमा क्रमागत रुपमा योजनाहरु सञ्चालन भइरहेका छन्। नगरको महत्वपूर्ण गौरवको आयोजनाको रुपमा वाल उद्यान सहितको तीनलाल पार्क संघीय सरकारको साझेदारीमा निर्माण भइरहेको छ।

४६. नगरवासीहरुलाई खानेपानीको व्यवस्थापन गर्न संघ र प्रदेशसँग समन्वय गरी लिफ्टिङ्ग एंव डिपवोरिङ्ग र खेती योग्य जमिनमा सिचाँई प्रवर्द्धनका लागि लिफ्टिङ्ग डिप एंव वोरिङ्ग प्रविधि मार्फत खानेपानी र सिचाईको वन्दोवस्त गरिएको छ।

४७. नगरभित्र सञ्चालित आयोजनाहरुलाई उपभोक्ता, वडा र नगरस्तरवाट अभिमुखीकरण गरी ३ तहको अनुगमनको ब्यवस्था गरिएको र यस्तो अनुगमनलाई नतिजामूलक वनाउन प्रयासहरु भएकाछन्।

**वातावरण तथा विपद तर्फ :**

४८. नगर भित्र हुन सक्ने प्राकृतिक विपत्तिको क्षतिलाई न्यूनीकरण गर्दै उद्धार, राहत वितरण र पुनरोत्थान तथा पुनस्थापनाका कार्यमा जोड दिइएको छ। नगर भित्र रहेका दमकल, एम्वुलेन्स, सववाहन र व्याकहोलोडरलाई २४ सै घण्टा सुचारु अवस्थामा राखिएको छ।

४९. वातावरणको क्षेत्रमा काम गर्ने विभिन्न संघ सस्थाहरुसगँको समन्वय र सहकार्यमा वृक्षारोपण, संरक्षण र सम्वर्द्धनका कार्यक्रमहरु सञ्चालन गरी वातावरण मैत्री नगर निर्माणमा जोड दिएको छ।

५०. नगरलाई उज्यालो शहरको रुपमा विकास गर्न वजार क्षेत्रमा मठ मन्दिरहरुमा सौर्य वत्तिको व्यवस्थापन गरी उज्यालो प्रवर्द्धनमा जोड दिएको छ।

**विधेयक समिति/कानुन तर्फ**

५१. संविधान र कानुन अनुरुप नगरपालिकालाई प्राप्त अधिकारको अभ्यास गर्न आवश्यक कानुनको निरन्तर तर्जुमा तथा

संशोधन गरिएको छ । न्यायिक समिति समक्ष प्राप्त हुन आएका उजुरीहरुको समयमै सुनुवाई गरिएको छ । उजुरीको सुनुवाईको लागि ईजलासको व्यवस्था गरिएको छ । नगरपालिका विरुद्ध विभिन्न अदालतमा परेका ५ वटा उजुरीहरु मध्ये हालसम्म भएका ४ वटा फैसला नगरपालिका कै पक्षमा भएका छन् ।

५२. नेपालको संविधानले निर्दिधिष्ट गरेका अधिकारहरुलाई कार्यान्वयन गर्ने सन्दर्भमा ११ वटा ऐन, ३ वटा नियममवली र १८ वटा कार्यविधिहरु जारी गरिएको छ ।

**समस्या तथा चुनौतिहरु**

५३. अनावश्यक दबाब र प्रभाव तथा कानुनी सिद्धान्त विपरीत हुने निर्णयको सिर्जना हुँदा निर्णय कार्यान्वयनको शिलसिलामा सम्बन्धित खर्च शीर्षकमा बजेट विनियोजन नभए तापनि अन्य खर्च शीर्षकबाट खर्च लेख्नु पर्ने बाध्यता रहनु ।

५४. अनलाईन प्रणाली (SuTRA) मा खर्च लेखाङ्कन भए तापनि असार मसान्त सम्म भुक्तानीकै काम गर्नु पर्ने भएकोले अनुदानको निकासा तथा राजस्व प्राप्तिको आम्दानी बाँध्न नसक्दा एकिकृत आय व्ययको वित्तीय प्रतिवेदन नआउने अवस्था रहेको ।

५५. पुँजीगत तर्फको असार २० र चालु तर्फको असार २५ भित्र मात्रै भुक्तानी गरी लेखाङ्कन अभिलेखन तथा वित्तीय प्रतिवेदन तयारीको लागि समय व्यबस्थापन गर्ने भन्ने नीतिगत निर्णय तथा तालुक निकायको निर्देशन कार्यान्वयन गर्ने वातावरणको सिर्जना हुन नसक्नु ।

५६. प्रमुख प्रशासकीय अधिकृतको छिटोछिटो सरुवाको कारण  योजना कार्यान्वयनको व्यवस्थापनमा जटिलता देखा पर्नु ।

५७. टुक्रे योजनाको संख्या बढी भएको कारण कार्यान्वयन तथा गुणस्तर कायम गर्न प्राविधिक समस्या रहनु ।

५८. नगर गुरु योजनाको अभावमा अल्पकालीन र दीर्घकालीन योजनाहरु प्राथमिकताको आधारमा कार्यान्वयन हुन नसक्नु ।

५९. योजना छनौट कै चरणमा गहन छलफल हुन नसक्दा योजना कार्यान्वयनको चरणमा योजना परिवर्तन हुने परिपाटीले कार्यान्वयनमा समस्या हुनु ।

६०. संघ, प्रदेश, प्रदेश तथा स्थानीय पूर्वाधार साझेदारी तथा अन्य निकायबाट प्राप्त हुने योजनाको समयमा नै वजेट निकासा नहुनु ।

६१. कोभिड १९ को संकट र लकडाउनका कारण शैक्षिक कार्यक्रम र गतिविधि अवरुद्ध भई सहजरुपमा शैक्षिक गतिविधिहरु अगाडि बढ्न नसक्ननु ।

६२. वडा कार्यालयमा पुराना अभिलेखहरु नभेटिदाँ सवै वडाहरुमा अनलाईन मार्फत ब्यक्तिगत घटना दर्ता सुरु गर्न जटिल हुनु ।

६३. सघ र प्रदेशवाट निर्माण हुनु पर्ने कानुनहरु समयमा नै निर्माण नहुँदा कार्य सम्पादनमा समस्या हुनु ।

६४. विभिन्न क्षेत्रमा योगदान पुर्याउने महानुभावहरुलाई पुरस्कृत एंव सम्मान गर्न, सहयोग एंव आपतकालिन कार्य सञ्चालनका लागि विनियोजित रकमबाट कोष सञ्चालन हुन नसक्नु ।

**समस्या समाधानका लागि लिइएका पहल कदमीहरु**

६४. विषयगत क्षेत्रसँग सम्वन्धित वार्षिक योजना निर्माण गरी प्राथमिकताको आधारमा कार्यान्वयन गरिएको ।

६५. विषयगत समितिहरुलाई क्रियाशिल र जिम्मेवार बनाइएको ।

६६. योजना निर्माणका सवै चरणहरु पूरा गरेर नगर सभाबाटै सवै योजनाहरुको स्पष्ट पहिचान गरी टुंगोमा पुग्ने पद्धतिको विकास गरिएको ।

६७. योजना कार्यान्वयनको चरणमा योजना संशोधन गर्ने परिपाटी पूर्णत अन्त्य गर्न छलफल र वहसको विषय वनाइ अन्त्य गर्न प्रयास गरिएको ।

६८. जनशक्तिको समय सापेक्ष क्षमता विकास र प्रोत्साहनको व्यवस्थाको संस्थागत सुनिश्चितताको प्रयास गरिएको ।

६९. योजना निर्माण गर्दा ठोस नतिजा दिने ठूला र क्रमागत योजनालाई प्राथमिकतामा राखी कार्यान्वयन गरिएको ।

अव म हामीहरुको वाकी कार्यकालमा गर्नु पर्ने महत्वपूर्ण कार्यहरु संक्षिप्तमा राख्न चाहान्छु ।

- नगरको समग्र विकासको गुरुयोजना सहितको आवधिक योजना निर्माण ।
- फोहोर मैला प्रशोधन केन्द्रको स्थापना
- नगर भित्र उद्योग ग्रामहरुको स्थापना
- शान्ति पार्क लगायतका पार्क तथा उद्यानहरुको स्थापना
- वस पार्कको अत्याधुनिक व्यवस्थापन
- नगर केन्द्र भित्र वाईपास सडक र चक्रपथको निर्माण

**आदरणीय उपस्थित महानुभावहरु,**

यस नगरपालिकाले नगरको सुदृढ अर्थतन्त्र, सक्षम जनशक्ति निर्माण, ब्यवस्थित, दिगो, सन्तुलित, समावेशी, जनमुखी, नतिजामुखी र सामाजिक न्यायमा आधारित विकास, प्रभावकारी सेवा प्रवाह र सुशासन कायम गरी समृद्ध मन्थली नगर वनाउने ध्येय राखी कार्यक्रम सञ्चालन गर्दै आइएको छ । सबै खाले सामाजिक विभेदको अन्त्य, नागरिकको सवलीकरण, आधुनिक ज्ञान, सीप तथा नवप्रवर्तनमा आधारित उत्पादन प्रणाली, प्रविधि विकास मार्फत उत्पादकत्व वृद्धि र लाभहरुको समानुपातिक वितरणको अवस्था तर्फ अधिकतम पहल गरी संविधानले परिकल्पना गरेको समाजवादको मार्ग प्रशस्त गर्न नगरपालिका कटिवद्ध छ । यस गरिमामय कार्यक्रममा उपस्थित सवै महानुभाव प्रति हार्दिक स्वागत गर्दै सम्मृद्ध नगर निर्माणको अभियानमा साथ सहयोग गर्न हुन हार्दिक अपिल गर्दछु ।

धन्यवाद

मिति २०७७/०८/१६

## मन्थली नगरपालिकाको आ.व २०७६/७७ को बार्षिक समिक्षाका केही झलकहरू


















आ.व.२०७६/०७७
वार्षिक समीक्षा
२०७७ साल असोज १५ र १६ गते


को समिक्षा कार्यक्रम
२०७७
कार्यपालिकाको कार्यालय,
रामेछाप
:-हरि बहादुर खपाङ्गी
लेखा अधिकृत, सातौं
आर्थिक प्रशासन शाखा



# झलकहरू



नगरपालिका कार्यालय भवन, म.न.पा.-१



देवकोटा चोक बसपार्क सडक, म.न.पा.-१



निर्माण सम्पन्न २ नं. वडा कार्यालय भवन, म.न.पा. २



लिफ्ट खा.पा. तथा पुल, म.न.पा. २



खा.पा. म.न.पा. ३



कविलास सालु खा.पा. म.न.पा. ४





जुंगेपानी डिप बोरिङ्ग अनुगमनका क्रममा, म.न.पा.-५



वेणीको पुल मर्मत, म.न.पा.-६



सेलेघाट नबुघाट सडक, म.न.पा.-६





सडक तथा शहरी स्वास्थ्य केन्द्र भवन, म.न.पा.-७



मन्दिर, म.न.पा.-८



थानापती सिँढी निर्माण, म.न.पा.-९



सडक निर्माण कार्य, म.न.पा.-१०



निर्माण सम्पन्न घट्टेखोला सिंचाई, म.न.पा.-१०





लहरेबर जल्केनी सडक, म.न.पा.-११

अम्बास सिंचाई, म.न.पा.-१२





सिंचाई कुर्ला, म.न.पा.-१३

देवीथानपाखीन टोल खा.पा., म.न.पा.-१४





पोखरी तथा सडक म.न.पा.-१३

## लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियानमा वृहत र्‍याली र राष्ट्रिय बालदिवस बृहत र्‍याली कार्यक्रम









## सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको मूल अभिलेख विवरण संकलन गर्दाको केही तस्वीरहरू











दुध उत्पादनमा अनुदान रकम लिन उपस्थित कृषकहरु



रेबिज शिविर, म.न.पा.-४, सालु



# मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
सम्पर्क नं.: ०४८-५४०११२, ०४८-५४०५३२, फ्याक्सः ९७७-४८-५४०११२,
वेवसाइटः www.manthalimun.gov.np